# प्रदेशका अन्य सरकारी कोष अध्ययन प्रतिवेदन, २०८१

<u>पेश गरिएको निकाय</u>

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर

<u>प्रतिवेदक</u>

## प्रदेशका अन्य सरकारी कोष अध्ययन कार्यदल

१२ फाल्गुन, २०८१

<u>विषयसूची</u>

**विवरण** **पेज नं.**


प्रतिवेदनको सारांश ........ ६

परिच्छेद- एक  कार्यदल गठन, कार्यक्षेत्र तथा अध्ययनको विषय ........ ११

१.१ कार्यदल गठन र काम, कर्तव्य ........ ११

1.2  अध्ययन गरिएको विषय र अध्ययनको विधि ........ १२

१.३ अध्ययनको सिमितता ........ १३

१.४ अन्य प्रतिवेदनको अध्ययन तथा सन्दर्भ सामग्रीहरु ........ १४

परिच्छेद- दुई  सरकारी कोष सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था ........ १९

१. नेपालको संविधान (२०७२) ........ १९

२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ........ १९

३. लेखापरीक्षण ऐन, २०७५ ........ २०

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ........ २०

५.  प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ ........ २१

६. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ ........ २२

७. कोशी प्रदेश विनियोजन ऐन, २०८१ ........ २४

८. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ........ २४

९. विकास समिति ऐन, २०१३ (संशोधन समेत) ........ २५

१०. प्रदेश स्वायत्त संस्था गठन ऐन, २०७६ ........ २५

११. सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन २०८१ समेत) ........ २६

१२. एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) ........ २९

१३.  नेपालको सरकारी लेखा फारम, २०७६ (पहिलो संशोधन, २०७९ समेत) ........ २९

१४. लेखा निर्देशिका, २०७३ ........ ३०

१५. एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७३ ........ ३०

१६. कोशी प्रदेश आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८० ........ ३०

१७. बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० ........ ३१

१८. वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ ........ ३१

१९. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७६ ........ ३१

२०. कोशी प्रदेशको दोस्रो आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६) ........ ३१

परिच्छेद- तीन प्रदेशका अन्य सरकारी कोष सम्बन्धी व्यवस्था ........ ३२

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ३३

(क) प्रदेश लगानी प्राधिकरणको कोष ........ ३३

(ख) प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कोष ........ ३४

(ग) कोरोना जनसुरक्षा कोष ........ ३५

घ) मुख्यमन्त्री राहत कोष ........ ३५

(ङ) कर्मचारी कल्याण कोष ........ ३५

(च) निवृत्तभरण कोष ........ ३५

(छ) नवप्रवर्द्धन साझेदारी कोष (कार्यक्रम) ........ ३६

२. स्वास्थ्य मन्त्रालय ........ ३६

(क) अस्पताल व्यवस्थापन समितिको कोष ........ ३६

(ख) महिला स्वास्थ्य स्वयंसेविका कोष ........ ३६

(ग) आकष्मिक स्वास्थ्य उपचार कोष ........ ३८

(घ) आपतकालीन स्वास्थ्य व्यवस्थापन कोष ........ ३८

(ङ) खोप कोष ........ ३९

३. सामाजिक विकास मन्त्रालय ........ ३९

(क) मनमोहन प्राविधिक विश्वविद्यालयको कोष ........ ३९

(ख) प्रदेश खेलकुद बोर्ड र जिल्ला खेलकुद विकास समितिको कोष ........ ३९

(ग) निजामती आवासीय विद्यालय सञ्चालन कोष ........ ४०

(घ) पाथीभरा क्षेत्र विकास समितिको कोष ........ ४०

(ङ) वृहत्तर बराहक्षेत्र विकास समितिको कोष ........ ४१

(च) हलेसी महादेवस्थान विकास समितिको कोष ........ ४२

(छ) बालकोष ........ ४२

(ज) संरक्षण कोष (घरेलु हिंसा पीडितको संरक्षणका लागि) ........ ४३

(झ) सामाजिक विकास परिषद्को कोष ........ ४३

(ञ) प्रदेश प्रज्ञा प्रतिष्ठानको कोष ........................................ ४४

(ट) सिटिईभिटी तथा प्राविधिक विद्यालयको कोष ........................................ ४४

४. आन्तरिक मामिला तथा कानून मन्त्रालय ........................................ ४५

(क) विपद् व्यवस्थापन कोष (राहत कोष) ........................................ ४५

(ख) मर्मत सम्भार तथा पुनःनिर्माण कोष ........................................ ४६

(ग) प्रादेशिक सञ्चार प्रतिष्ठानको कोष ........................................ ४७

(घ) पत्रकार सुरक्षा कोष ........................................ ४७

(ङ) प्रदेश प्रहरी कल्याण कोष ........................................ ४८

(च) सगरमाथा टिन्स क्लबको कोष ........................................ ४८

(छ) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको कोष ........................................ ४८

५. आर्थिक मामिला तथा योजना मन्त्रालय ........................................ ४९

(क) प्रदेश आकष्मिक कोष ........................................ ४९

(ख) मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष ........................................ ४९

(ग) सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन कोष ........................................ ५०

(घ) विविध खाता (कार्यालय सञ्चालन कोष) ........................................ ५०

(ङ) धरौटी खाता ........................................ ५१

६. उद्योग कृषि तथा सहकारी मन्त्रालय ........................................ ५१

(क) कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिको कोष ........................................ ५१

(ख) औद्योगिक तथा लगानी प्रवर्द्धन कोष ........................................ ५२

७. पर्यटन वन तथा वातावरण मन्त्रालय ........................................ ५२

(क) जिल्ला वन पैदावर आपूर्ति समितिको कोष ........................................ ५२

(ख) प्रदेश वन विकास कोष ........................................ ५३

(ग) पर्यटन बोर्डको कोष ........................................ ५४

(घ) पर्यटन प्रवर्द्धन विकास समितिको कोष ........................................ ५५

(घ) केचना-कञ्चनजंघा पर्यटन विकास समितिको कोष ........................................ ५५

(ङ) मेची पहाडी पर्यटन समितिको कोष ........................................ ५६

८. भौतिक पूर्वाधार विकास मन्त्रालय ........................................ ५६

(क) मुख्यमन्त्री ग्रामीण सडकको खाता ........................................ ५६

(ख) वृहत विराटक्षेत्र विकास समिति ..... ५७
(ग) मर्मत सम्भार कोष ..... ५७
९.खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय ..... ५७
(क) सिंचाई विकास कोष ..... ५७
परिच्छेद-तीन प्रदेशका अन्य सरकारी कोष सञ्चालनको अवस्था ..... ५९
१. बैंक खाता सञ्चालनको अवस्था ..... ५९
२. बजेट तथा कार्यक्रम तर्जुमा ..... ५९
३. लेखा ढाँचा र फारमको प्रयोग ..... ६०
४. वित्तीय विवरण ..... ६१
५. आम्दानी तथा खर्चको अवस्था ..... ६१
६. बेरुजुको लगत तथा फस्यौंटको अवस्था ..... ६२
७. विविध खाताको रकम ..... ६२
परिच्छेद- चार अध्ययनबाट देखिएका कुराहरु तथा निष्कर्ष ..... ६४
१.कानूनी व्यवस्थामा देखिएका विषयहरु ..... ६४
२. अन्य सरकारी कोष स्थापना तथा खाता सञ्चालनमा देखिएका कुराहरु ..... ६५
३. बजेट तर्जुमा, लेखा तथा वित्तीय विवरणमा देखिएका कुराहरु ..... ६६
४. लेखापरीक्षण तथा सोको प्रतिवेदनमा सम्बन्धी विषयहरु ..... ६७
५. जनशक्ति तथा प्रशासनिक व्यवस्थामा देखिएका कुराहरु ..... ६७
६. आय तथा शुल्क सङ्कलन र खर्चको अवस्था ..... ६८
७. विपद् तथा आकष्मिक कोष सञ्चालनको अवस्था ..... ६९
परिच्छेद-पाँच कार्यदलको सुझाव तथा सिफारिस ..... ७१
(क) सुझावहरुः- ..... ७१
१. अन्य सरकारी कोष सम्बन्धी सुझाव ..... ७१
२. विपद् तथा आकष्मिक कोष परिचालन सम्बन्धी सुझाव ..... ८०
३. विविध खातालाई व्यवस्थित गर्ने सम्बन्धी सुझाव ..... ८१
(ख) कोषहरु गाभ्न, खारेज वा स्थगन गर्नका लागि सुझाव ..... ८२
(१) गाभ्न (मर्ज गर्न) सकिने कोषहरु ..... ८३
(२) खारेज वा स्थगन गर्न उपयुक्त हुने कोषहरु ..... ८३

(३) छुट्टै कोष स्थापना नगरी बजेट विनियोजनबाट खर्च व्यवस्था हुने निकायका कोषहरु ..... ८४
(४) स्थानीय तहमा हस्तान्तरण गर्न उपयुक्त हुने निकाय/कोषहरु ..... ८४
(५) अस्पताल व्यवस्थापन समितिको कोष सम्बन्धी सुझाव ..... ८४
(ग) कानून संशोधन/परिमार्जनका लागि सुझाव/सिफारिस ..... ८५
परिच्छेद-छ प्रतिवेदनका सुझाव कार्यान्वयनबाट हासिल हुने अपेक्षित उपलब्धि तथा प्रभाव ..... ९२
अनुसूची-१ प्रदेशका अन्य सरकारी कोषहरुको विवरण ..... ९४
अनुसूची-२ प्रदेशका अन्य सरकारी कोषको आयव्ययको विवरण ..... ९७
अनुसूची-३ विविध खाताको विवरण (ख.६ समूहको खाता) ..... १०४
अनुसूची-४ प्रदेशका अन्य सरकारी कोष प्रणालीको ढाँचा ..... १०९
अनुसूची-५ प्रदेशका अन्य सरकारी कोष व्यवस्थापनका चरण/कार्यतालिका ..... ११०
अनुसूची-६ प्रदेशका अन्य सरकारी कोष व्यवस्थापनको चरणहरु (चार्ट) ..... ११२
अनुसूची-७ प्रदेशका अन्य सरकारी कोष परिचालनमा विभिन्न निकायको भूमिका र जिम्मेवारी ..... ११३
अनुसूची-८ बजेट वक्तव्यमा र रातो किताब/PLMBIS मा थप गर्नुपर्ने फारम/ढाँचा ..... ११५
अनुसूची-९ प्रतिवेदनका सुझाव कार्यान्वयन कार्ययोजना ..... ११७
अनुसूची-१० विवरण संकलनको ढाँचा ..... ११९
अनुसूची-११ कार्यदलका सदस्यहरु ..... १२१

# प्रतिवेदनको सारांश

१. प्रदेश सञ्चित कोष बाहेक कोशी प्रदेशमा समिति, बोर्ड लगायतका सरकारी निकायमा करिब ४४ प्रकारका कोषहरु सञ्चालन हुने व्यवस्था रहेको अध्ययनबाट देखिएको छ। एउटा कोष धेरैवटा निकायहरुबाट सञ्चालन हुने भएकोले प्रदेशका करिब १०७ वटा सरकारी निकायमा छुट्टै कोष रहने अनुमान गरिएको छ। पर्यटन प्रवर्द्धन लगायतका कतिपय कोषहरु सञ्चालन गर्ने कतिवटा निकायहरु स्थापना हुन्छन् भन्ने पनि प्रष्ट देखिंदैन। ३ प्रकारका कोषहरु स्थानीय तहबाट सञ्चालन हुने गरी व्यवस्था भएको देखिन्छ।

२. खेलकुद बोर्ड, प्रशिक्षण प्रतिष्ठान, अस्पताल विकास समिति, लगानी प्राधिकरण, महिला स्वास्थ्य स्वयं सेविका कोष, मनमोहन प्राविधिक विश्वविद्यालय, निजामति आवासीय विद्यालय, धार्मिक तथा पर्यटकीय विकास समितिहरु लगायत १५ प्रकारका कोषहरु ६० वटा निकायमा सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ। पर्यटन बोर्ड, सञ्चार प्रतिष्ठान, पत्रकार सुरक्षा कोष, मेची पहाडी पर्यटन विकास समिति लगायतका निकायको नियमावली वा कार्यविधि सहित केही कोषहरु खारेज भएको पाइयो।

३. प्रदेश कानून अनुसार स्थानीय तहमा सञ्चालन हुने गरी स्थापना भएको घरेलु हिंसा पीडित संरक्षण कोष १३७ वटा स्थानीय तहमा सञ्चालनमा रहेको छ। मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको कोष हालसम्म ३ वटा स्थानीय तहमा (दुई भन्दा बढी स्थानीय तहको साझा क्लष्टरमा) स्थापना भएका छन्।

४. कोशी प्रदेशका ६० वटा निकायको अन्य कोषमा आ.व.२०८०/८१ मा **रु.२ अर्ब १३ करोड १२ लाख ४ हजार** रकम (गत वर्षको मौज्दात समेत) आम्दानी भएको छ। जसमध्ये **रु.१ अर्ब ५९ करोड ४० लाख ३४ हजार खर्च भई रु.५३ करोड ७१ लाख ७४ हजार रकम मौज्दात** रहेको देखिन्छ। मौज्दात रकममध्ये कोरोना जनसुरक्षा कोषमा रु.२१ करोड ८५ लाख ५३ हजार रहेको छ।

५. समिति तथा अन्य निकायको कोषबाट खर्च भएको उक्त रकम प्रदेश सरकारको आ.व. २०८०/८१ को कुल खर्चको करिब ६ प्रतिशत रहेको छ।

६. कोशी प्रदेश सरकार अन्तर्गतका १५ वटा अस्पताल व्यवस्थापन समितिबाट आ.व.२०८०/८१ मा जम्मा रु.१ अर्ब १७ करोड ४१ लाख ६७ हजार आयसङ्कलन भई रु.१ अर्ब ११ करोड ५३ लाख ३० हजार खर्च भएको छ। अस्पताल तर्फ आ.व.२०८०/८१ मा भएको कुल खर्चको ५१ प्रतिशत खर्च अस्पताल व्यवस्थापन समितिको कोषबाट खर्च भएको देखिन्छ।

७. नेपालको संविधान (२०७२) मा प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट खर्च गर्नुपर्दा विनियोजन ऐनबाट मात्र रकम झिक्न सक्ने व्यवस्था रहेकोमा प्रदेश सरकारका अन्य कोषहरुलाई विनियोजन ऐनमा समावेश नगरी खर्च गर्ने गरिएको छ। संविधानको व्यवस्था पालना नभई सरकारी कोषहरु सञ्चालन भइरहेका छन्।

८. नेपालको संविधानको धारा २१२ मा प्रदेश आकष्मिक कोषको व्यवस्था रहेको छ। विनियोजन ऐनमा समावेश नगरी आकष्मिक कोषबाट खर्च गर्न सकिने प्रावधान संविधानको धारा २०५ मा उल्लेख रहेको देखिन्छ। प्रदेश आकष्मिक कोष सञ्चालन ऐन, २०७५ समेत जारी भएतापनि हालसम्म उक्त कोष स्थापना तथा सञ्चालन गरिएको छैन।

९. आकष्मिक कार्यका लागि स्रोत व्यवस्थापन र खर्च गर्न प्रदेश कानून अनुसार विपद् कोष, राहत कोष, कोरोना जनसुरक्षा कोष, आपतकालीन स्वास्थ्य व्यवस्थापन कोष, मर्मतसम्भार तथा पुनर्निर्माण कोष लगायतका अन्य कोषहरु स्थापना गरिएको हुँदा संविधानको व्यवस्था भन्दा फरक हुने गरी आकष्मिक रुपमा खर्च गर्ने उद्देश्यले कोष सञ्चालन भएको देखिन्छ।

१०. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को प्रस्तावनामा अन्य सरकारी कोषको बजेट तर्जुमा, खर्च लेखाङ्कन, प्रतिवेदन, वित्तीय उत्तरदायित्व लगायतको कार्यको लागि समेत ऐन बनाइएको भन्ने उल्लेख रहेको छ। तर ऐनको दफा ३ मा अन्य सरकारी कोषको खाता खोल्ने विषय र आयव्ययको विवरण तयार गर्ने प्रावधान बाहेक अरु व्यवस्था उक्त ऐनमा प्रष्ट भएको देखिएन।

११. कुनै निकायको छुट्टै कोष रहने व्यवस्था ऐनमा नतोकिए पनि नियमावली तथा कार्यविधिमा राखेर कोष स्थापना गरिएको पाइन्छ। सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएको मार्गदर्शनका आधारमा समेत कोष स्थापना गरी सञ्चालनमा रहेका छन्।

१२. कुनै निकायको छुट्टै कोष स्थापना गर्नुको आवश्यकता, औचित्य र स्रोत प्राप्तिको अनुमान नै नगरी प्रायःजसो सबै ऐन कानूनमा कोष खडा गर्ने प्रावधान राखिएको पाइन्छ। बजेटको अख्तियारीबाट आवश्यक खर्च व्यहोर्न सकिनेमा अनुदानको रुपमा बजेट निकासा गरी छुट्टै कोषमा लगेर पुनः बजेट तर्जुमा र छुट्टै लेखा राख्ने गरी कारोबार गर्दा दोहोरो कार्य हुने गरेको छ।

१३. सरकारी कोष स्थापना गर्ने व्यवस्था भएका ऐन कानूनहरुमा कोषको खाता "क" वर्गको वाणिज्य बैंकमा खोल्ने र तोकिएका पदाधिकारीको दस्तखतबाट खाता सञ्चालन गर्ने कुरा मात्र उल्लेख गरिएको पाइन्छ। कोषको आयव्ययको लेखा राख्ने, सरकारी रकमको जिम्मेवारी बहन गर्ने, वित्तीय उत्तरदायित्व र बेरुजु फस्यौंट लगायतका प्रावधानहरुमा प्रष्ट पारेको देखिदैन।

१४. कतिपय सरकारी निकायले आयव्ययको अनुमान र वार्षिक कार्यक्रम तयार गरेका छैनन्। खर्च भई सकेपछि अनुमोदन गराउने, हरेक पटकको बैठकको निर्णयका आधारमा खर्च गर्ने गरेको

पाइयो। केही निकायले बजेट तथा कार्यक्रम तर्जुमा गरेतापनि स्वीकृत बजेटको सीमाभित्र रहेर खर्च गर्ने व्यवस्थित प्रणाली देखिएन।

१५. निकायको छुट्टै कोषबाट हुने खर्चमा र संघ अनुदान वा प्रदेश सरकार स्रोतको बजेट तथा कार्यक्रममा दोहोरोपन देखियो। निकायको कोषबाट हुने खर्च गर्ने क्षेत्र र सरकारबाट अनुदानमा वा बजेटको अख्तियारीबाट खर्च गर्ने कार्य तथा क्षेत्रहरु स्पष्ट निर्धारण भएको छैन।

१६. समिति तथा अन्य निकायको वार्षिक बजेट तथा कार्यक्रम, आन्तरिक आय सङ्कलनको अवस्था, खर्चको आवश्यकता, गतवर्षको मौज्दात रकम लगायतको विवरण नहेरी संघ प्रदेश र कतिपय स्थानीय तहबाट समेत बजेट तथा अनुदान निकासा हुने गरेको पाइयो।

१७. वन कार्यालय, अस्पताल, आयुर्वेद सेवा केन्द्र, खेलकुद बोर्ड, प्राविधिक शिक्षालय, निजामती आवासीय विद्यालय, प्रशिक्षण प्रतिष्ठान लगायतमा एउटै निकायमा एउटै प्रयोजनका लागि सञ्चित कोषबाट खर्च हुने बजेटको अख्तियारी र छुट्टै कोषको रकम खर्चको समेत दोहोरो अख्तियारी प्रयोग हुने गरेको छ। निकायको कोष प्रयोग गर्ने कार्यकारी निर्देशक वा पदाधिकारीलाई प्रदेश सञ्चित कोषको समेत बजेट खर्च गर्न अख्तियारी दिइएको पाइयो।

१८. समिति, बोर्ड लगायतका सरकारी निकायलाई संघ तथा प्रदेश स्रोतबाट अनुदान दिइएको रकम खर्च नभई बाँकी रकम फिर्ता भएको छैन। खर्चको आवश्यकता नहेरी अनुदान दिने र कोषमा लामो समय मौज्दात राख्ने गरेको पाइयो।

१९. कतिपय निकायले लिने सेवा शुल्कको दररेट, छुट तथा सहुलियत, कर्मचारीलाई दिने अतिरिक्त सुविधा, भत्ता लगायतको खर्चको मापदण्ड स्पष्ट तोकिएको छैन। समिति वा बोर्डको नियमित बैठकबाट यस्तो दर वा मापदण्ड तोकेर शुल्क निर्धारण एवम् सुविधा वितरण गरेको पाइयो।

२०. प्रदेशका सबै सरकारी कोषहरुको आयव्ययको विवरण एकीकृत रुपमा तयार हुन सकेको छैन। मातहत निकायको आयव्ययको हिसाब र खर्चको प्रगति सम्बन्धमा तालुक मन्त्रालयसँग विवरण उपलब्ध छैन। यस कार्यदलको अध्ययन प्रयोजनका लागि आयव्ययको विवरण र विविध खातामा मौज्दात रहेको रकमको स्रोत तथा प्रयोजन माग गर्दा पनि सबै निकायबाट उपलब्ध हुन सकेन।

२१. केही कोषहरु स्थापनाको उद्देश्य र कार्यविधि प्रष्ट नभई सञ्चालनमा रहेका छन्। उद्देश्य भन्दा फरक प्रयोजनमा कोषबाट खर्च भईरहेको समेत पाइन्छ। कतिपय कोषहरु ब्याज लिने वा नाफा कमाउने उद्देश्यले मुद्दती खातामा रकम जम्मा गरेर सञ्चालन गरिएको समेत पाइयो।

२२. कोष खडा गर्दा रकम फ्रिज गर्नु नपर्ने, अर्को आर्थिक वर्ष खर्च गर्न सकिने, औपचारिक कार्यविधि नभई लचकता रहने भएकोले कोषको रकमहरुमा सरोकारवाला निकाय वा प्रदेश सभामा खासै चासो र छलफल नहुने र स्वतन्त्र र स्वायत्त किसिमले खर्च गर्न सकिने हुँदा यस्ता कोषहरु स्थापनाको लागि कतिपय निकायहरु प्रेरित हुने गरेको पनि देखिन्छ। तर सबै कोषहरु प्रदेश

सरकारको सार्वजनिक कोषको दायरा भित्र आउने र जवाफदेहिता वहन गर्नुपर्ने दायित्व सरकारको हुने भएकोले यस्ता कोषहरुको आयव्ययको हिसाब र खर्चको उपलब्धिको समीक्षा गर्नुपर्ने हुन्छ।

२३. सरकारी कोषको मुख्य समस्याहरुमा आयव्यय व्यवस्थित गर्न कोषको लेखा प्रणाली लागू गरिएको छैन। प्रदेशको एकीकृत लेखा तथा वित्तीय विवरणमा सबै कोषको अवस्था प्रस्तुत हुन सकेको छैन। स्थापित कोषहरुको स्थितिबारे प्रदेश सभा र सोको समितिमा, सम्बन्धित मन्त्रालयमा र बजेटको वार्षिक समीक्षामा छलफल र बहस हुने गरेको छैन।

२४. कोष स्थापना गर्नुको उद्देश्य र औचित्य प्रष्ट हुन सकेको देखिदैन। कुनै निकायको लागि आन्तरिक आयस्रोत के कति हुन्छ भन्ने यकीन नगरी संघ तथा प्रदेश सरकारको शतप्रतिशत अनुदानमा सञ्चालन हुने गरी कतिपय निकायको कोष सञ्चालन भईरहेको समेत पाइयो।

२५. विविध खातामा बजेट प्रणाली बाहिरबाट आएको कुनै रकम, राहत क्षतिपूर्ति, जमानत जफत रकम, समिति तथा अन्य निकायको कोषको रकम लगायत जुनसुकै प्रयोजनको रकम पनि जम्मा हुने गरेको पाइयो। विविध खाताको आम्दानी र खर्चको प्रयोजन खुल्ने विवरण तथा प्रतिवेदन तयार भएको छैन।

२६. कतिपय निकायले बजेटको अख्तियारी मार्फत निकासा दिनुपर्ने रकम समेत विविध खातामा पठाएको हुँदा आर्थिक वर्ष समाप्त भईसक्दा पनि बचत रकम मौज्दात रहेको पाइयो। विविध खातामा मौज्दात रहेको, स्रोत तथा प्रयोजन नखुलेको र कतैबाट माग दाबी नभएको रकमलाई प्रदेश सञ्चित कोषमा ट्रान्सफर गरिनु पर्दछ।

२७. सरकारी कोषलाई व्यवस्थित गर्नका लागि समिति तथा अन्य संस्थाले महालेखा नियन्त्रक कार्यालयले तोकेको खाता खोल्नु पर्दछ। सरकारी कारोबार निर्देशिका अनुसार खाता सञ्चालन गर्नु पर्दछ। छुट्टै बैंकमा रहेको खाता बन्द गर्नुपर्दछ। विविध खातामा रहेको वा बैंकमा रहेको रकमलाई ख-२.८ समूहको खातामा रकम सार्नु पर्ने सुझाव रहेको छ।

२८. सार्वजनिक क्षेत्रलेखामान समेतको आधारमा कोष लेखा प्रणाली लागू गरी आयव्यय तयार गर्ने विधि तय गरिनु पर्दछ। नेपाल सरकारले लागू गरेको खाता सूची तथा बजेटको वर्गीकरण अनुसार अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले पनि बजेट तर्जुमा, आय तथा खर्चको लेखाङ्कन गर्नुपर्दछ।

२९. सबै सरकारी निकाय तथा कोषको आयव्ययको लेखा प्रादेशिक लेखा एवम् राष्ट्रिय लेखामा र कोष प्रणालीमा आवद्ध हुनुपर्दछ।

३०. लेखा ढाँचाको फारम अन्य सरकारी कोष सञ्चालन गर्ने निकायमा प्रचलनमा ल्याउन र नेपाल सरकारले लागू गरेको लेखा निर्देशिका प्रयोगमा ल्याई खर्च व्यवस्थापन पारदर्शी र वस्तुगत बनाउन आवश्यक छ। लेखाङ्कन तथा प्रतिवेदन नगदमा आधारित लेखा प्रणाली लागू गर्ने र

प्रोद्भावी लेखा प्रणालीमा लैजाने गरी नेपाल सरकारले लागू गरेको NEPSAS मा आधारित वित्तीय अभिलेखलाई कार्यान्वयन गर्नुपर्दछ।

३१. महालेखा नियन्त्रक कार्यालयले तयार गरेको वित्तीय व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर सञ्चालन तथा कार्यान्वयन गर्नु पर्दछ। सूचना प्रविधिमा आधारित बिल भुक्तानी वा राजस्व दाखिला र बैंक खातामा नै भुक्तानी हुने व्यवस्था महालेखा नियन्त्रक कार्यालयको समन्वयमा लागू गर्न आवश्यक छ।

३२. सरकारी कोषको अवस्था वार्षिक रुपमा अद्यावधिक गर्नु पर्दछ। अबदेखि नयाँ कोष स्थापना गर्ने गरी कानून बनाउँदा वा कोष स्थापना गर्दा निश्चित मापदण्ड र आधार निर्धारण गर्ने गरी सुझाव प्रस्तुत गरिएको छ।

३३. विविध खातामा स्रोत तथा प्रयोजन नखुली ३ वर्षभन्दा बढी समयदेखि मौज्दात रहेको रकमलाई प्रदेश सञ्चित कोष (राजस्व खाता) मा ट्रान्सफर गर्नु आवश्यक रहेको छ। आवश्यकता र औचित्य नभई विविध खातामा रकम लैजान दिनु हुँदैन र आर्थिक वर्ष समाप्त भएपछि विविध खाताको मौज्दात शुन्य बनाउनु पर्दछ।

३४. समिति, बोर्ड तथा अन्य सरकारी निकायमा आर्थिक प्रशासनको कार्य गर्ने कर्मचारीलाई कोषको खाता सञ्चालन, बजेट तर्जुमा, लेखा राख्ने विधि, आर्थिक कार्यप्रणाली, खरिद तथा जिन्सी व्यवस्थापन लगायतको विषयमा तालिम एवम् अभिमुखीकरण दिन आवश्यक रहेको छ।

३५. छुट्टै कोष स्थापना गर्न आवश्यक नभएका कोषको विषयमा सुझाव दिइएको छ र खारेज गर्नुपर्ने कोषहरुको सूची तयार गरिएको छ। विभिन्न कानूनहरुमा गर्नुपर्ने संशोधनको लागि प्रतिवेदनमा सुझाव प्रस्तुत गरिएको छ।

३६. आगामी दिनमा समिति, बोर्ड, प्रतिष्ठान लगायतका गठन हुने स्वायत्त संस्थाको नाममा रहने कोष स्थापना गर्दा र छुट्टै निकायको रुपमा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निकायको सन्दर्भमा आफ्नो आयले प्रशासनिक खर्च धान्न सक्ने वा न्यूनतम २० प्रतिशत खर्च व्यहोर्न सक्ने आय भएको निकाय हुनुपर्ने लगायतका आधारहरु रहनुपर्ने सुझाव दिइएको छ।

३७. समिति तथा अन्य निकायको समन्वयमा पर्यटन शुल्क लगायतको राजस्व संकलन गर्न सकिन्छ। नेपालको संविधान र प्रचलित कानून अनुसार कर राजस्वको रुपमा सङ्कलन हुने, संघ, प्रदेश तथा स्थानीय तहको अधिकारक्षेत्रको राजस्व, शुल्क तथा दस्तुर लगाउने तथा उठाउने विषयमा समिति वा अन्य संस्थाको आयस्रोतमा राख्न नहुने, त्यस्तो राजस्व अन्य कोषमा जम्मा गर्न नहुने।

३८. समिति तथा अन्य निकायको कोष परिचालन तथा खरिद कार्यमा आवश्यक कानून तर्जुमा गर्न सहयोग गर्ने लगायत प्रदेशका सम्बन्धित निकायको भूमिका र जिम्मेवारी एवम् यस प्रतिवेदनको सुझाव कार्यान्वयन गर्ने कार्ययोजना समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

# परिच्छेद- एक  कार्यदल गठन, कार्यक्षेत्र तथा अध्ययनको विषय

## १.१ कार्यदल गठन र काम, कर्तव्य

कोशी प्रदेशको आ.व.२०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं.२५ मा **"प्रदेशका अन्य सरकारी कोषको परिचालनको अवस्था बारे अध्ययन तथा विश्लेषण गरी संवैधानिक व्यवस्था र विनियोजन ऐन अनुसार सबै सरकारी कोष परिचालन गर्ने नीति लिइनेछ र अनावश्यक सरकारी कोष खारेज गर्ने व्यवस्था मिलाइनेछ"** भन्ने प्रावधान रहेको छ। साथै आ.व.२०८१/८२ को बजेट वक्तव्यको बुँदा नं.१६७ मा **"प्रदेशका अन्य सरकारी कोषको परिचालनको अवस्था बारे अध्ययन तथा विश्लेषण गरी नेपालको संविधानको व्यवस्था अनुसार विनियोजन ऐन बमोजिम सबै सरकारी कोष परिचालन गर्ने नीति लिइनेछ। विगत लामो समयदेखि सञ्चालनमा नआएका सरकारी कोष खारेज गर्ने व्यवस्था मिलाएको छु"** भनी उल्लेख रहेको छ।

सो अनुसार, प्रदेश सञ्चित कोष बाहेकका अन्य सरकारी कोषहरुको अध्ययन, विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/०४/१५ गतेको निर्णयबाट देहायको कार्यदल गठन गरिएको र निम्न बमोजिमको काम, कर्तव्य र अधिकार समेत तोकिएको छ।

<u>प्रदेशका अन्य सरकारी कोषको अवस्था अध्ययन कार्यदल</u>

| | |
|---|---|
| १. प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | -संयोजक |
| २. आर्थिक प्रशासन शाखा प्रमुख, प्रदेशका सबै मन्त्रालयहरु | -सदस्य |
| ३. कानून अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| ४. लेखा अधिकृत, प्रदेश लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| ५. शाखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय (आर्थिक विश्लेषण शाखा) | -सदस्य सचिव |

**कार्यदलको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छः-**

- प्रदेश सञ्चित कोष बाहेक प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, कार्यालय, समिति, बोर्ड, प्रतिष्ठान, शिक्षण संस्था लगायतका निकायमा सञ्चालनमा रहेका वा स्थापना हुने व्यवस्था भएका सबै सरकारी कोष सम्बन्धी कानूनी व्यवस्था र सञ्चालन अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने, विगत पाँचवर्षको आम्दानी तथा खर्च, लेखापरीक्षण, बेरुजुको अवस्था एवम् कोष परिचालनका लागि अवलम्बन गरिएका कानूनी तथा संस्थागत व्यवस्थाको अध्ययन विश्लेषण गर्ने।
- नेपालको संविधान, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, नियमावली, २०७९, प्रदेश विनियोजन ऐन, २०८१, सरकारी कारोबार निर्देशिका, २०७६ र अन्य प्रचलित कानून तथा यस सम्बन्धी पेश भएका प्रतिवेदनमा अन्य सरकारी कोष सम्बन्धी प्रावधानको अध्ययन गरी नेपालको संविधानको व्यवस्था अनुसार अन्य सरकारी कोष परिचालनका लागि

कानूनमा गर्नुपर्ने संशोधन तथा परिमार्जन र संस्थागत व्यवस्थामा सुधार गर्नु पर्ने विषयमा सुझाव प्रदान गर्ने।

- ➢ छुट्टै कोष स्थापना गर्न आवश्यक नभएका, लामो समयदेखि सञ्चालनमा नआएका, खारेज गर्नु पर्ने, एक आपसमा गाभ्न सकिने र सञ्चालनमा रहेका कोषहरुलाई प्रतिस्थापन गरी प्रदेश सञ्चित कोषमार्फत् कारोबार गर्न उपयुक्त देखिएका सरकारी कोषहरुको विवरण तयार गर्ने।
- ➢ कार्यदलले सम्बन्धित निकायसँग अन्य सरकारी कोष सम्बन्धी आवश्यक विवरण तथा कागजात माग गर्न सक्नेछ। कोष सञ्चालन गर्ने निकायका पदाधिकारी, सरोकारवाला र विषय विज्ञसँग छलफल तथा परामर्श गर्न सक्नेछ।
- ➢ कार्यदलको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकमा अन्य पदाधिकारी तथा विज्ञलाई पनि आमन्त्रण गर्न सकिनेछ। कार्यदलको बैठक एवम् अन्तरक्रियामा लाग्ने खर्च तथा सामग्री आर्थिक मामिला तथा योजना मन्त्रालयबाट व्यवस्थापन गरिनेछ।
- ➢ कार्यदलले अन्य सरकारी कोषको अध्ययन प्रतिवेदन तयार गरी २०८१ कात्तिक मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नुपर्नेछ।

**पुनश्चः-** आर्थिक मामिला तथा योजना मन्त्रालयको निर्णय अनुसार कार्यदलको प्रतिवेदन पेश गर्ने अवधि पहिलो पटक २०८१ माघ मसान्तसम्म र दोस्रो पटक फाल्गुन १५ गतेसम्म थप गरिएको छ।

## १.२ अध्ययन गरिएको विषय र अध्ययनको विधि

(क) अध्ययनको विषय तथा कार्यक्षेत्रः

- ➢ कार्यदलले अन्य सरकारी कोषसम्बन्धी संवैधानिक व्यवस्था, संघीय तथा प्रदेश कानूनमा भएका व्यवस्थाको अध्ययन गरेको छ। कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनी प्रावधानहरुको सारसंक्षेपमा टिपोट गरी प्रतिवेदनमा समावेश गरिएको छ।
- ➢ कोशी प्रदेशका ९ वटा मन्त्रालयसँग सम्बन्धित वा सो अन्तर्गत आयव्ययको छुट्टै हिसाब तयार गर्ने समिति तथा अन्य संस्था एवम् कोषको विषय यस अध्ययनको कार्यक्षेत्र रहेको छ।
- ➢ समिति वा अन्य संस्थाको कोषको खाता सञ्चालन, बजेट तथा कार्यक्रम तर्जुमा, लेखाङ्कन तथा प्रतिवेदन, पाँचवर्षको आयव्ययको विवरण, बेरुजुको अवस्था, सेवाशुल्क तथा खर्चको मापदण्ड, समस्या तथा चुनौतीहरु लगायतको विषय अध्ययन गरिएको छ।
- ➢ नेपालको संविधानको व्यवस्था अनुसार अन्य सरकारी कोष परिचालनका लागि प्रदेशका विभिन्न कानूनमा गर्नुपर्ने संशोधन तथा परिमार्जन र संस्थागत व्यवस्थामा सुधार गर्नु पर्ने विषयमा सुझाव पेश गरिएको छ।
- ➢ छुट्टै कोष स्थापना गर्न आवश्यक नभएका, लामो समयदेखि सञ्चालनमा नआएका, खारेज गर्नु पर्ने, एक आपसमा गाभ्न सकिने र सञ्चालनमा रहेका कोषहरुलाई प्रतिस्थापन गरी

प्रदेश सञ्चित कोषमार्फत् कारोबार गर्न उपयुक्त देखिएका सरकारी कोषहरुको विवरण तयार गरिएको छ।

(ख) कार्यदलले सम्पादन गरेका कार्यहरु (अध्ययनको विधि)

यस कार्यदलले प्रदेशमा स्थापना भएका वा स्थापना हुने भनी कानूनमा व्यवस्था गरिएका अन्य कोषहरुको अवस्था, समस्या र प्रभावकारी रुपमा कोष परिचालनका लागि अलम्बन गरिने उपायको अध्ययनको लागि निम्न अध्ययन विधि तय गरेको थियोः-

- कार्यदलको संयोजक र सबै सदस्यको उपस्थितिमा पहिलो बैठक बसी विवरण माग गर्ने ढाँचा, अध्ययनको विषयवस्तु तय गरिएको थियो र कार्यजिम्मेवारी समेत बाँडफाँट गरियो। सम्बन्धित निकायका सम्पर्क व्यक्ति समेत तोकिदिन विवरण माग गर्न पत्रमार्फत अनुरोध गरियो।
- कार्यदललाई प्राप्त विवरणमा केही अपुग भएका र थप माग गर्नुपर्ने विषयमा अर्को बैठकबाट निर्णय गरी विशेषगरी विविध खाताको मौज्दात रकमको विषयमा विवरण माग गरियो।
- कानूनी व्यवस्थामा भएका विषय अध्ययन गर्दै त्यससँग सम्बन्धित विषय टिपोट गरियो। सोसँग सरोकार राख्ने पदाधिकारी र सम्बन्धित निकायबाट तोकिएका सम्पर्क व्यक्तिसँग छलफल गरियो।
- प्राप्त विवरण तथा कागजात, अन्य प्रतिवेदनहरुको समेत अध्ययन गरी सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त राय सुझाव समेत समावेश गरी प्रतिवेदन लेखन गरिएको छ।
- प्रतिवेदनको प्रारम्भि मस्यौदामा सबै सदस्यहरुलाई उपलब्ध गराई थप प्रष्ट हुनुपर्ने विषयमा छलफल गरी, आवश्यक विवरण माग गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ।

## १.३ अध्ययनको सिमितता

- कार्यदलले प्राप्त विवरण र विद्यमान कानूनी व्यवस्थामा भएका विषयमा आधारित भएर अध्ययन गरिएको छ। कार्यदलका सदस्यहरु मन्त्रालय तथा कार्यालयको कामकाजमा व्यस्त हुनुपरेको, आर्थिक विवरण तयार गर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने लगायतको काममा समेत संलग्न हुनुपर्नेकोले यस अध्ययन कार्यलाई पूरै समय दिन नसकिएको हुँदा स्थलगत रुपमा गएर संस्थागत तथा प्रणालीगत व्यवस्थाको अध्ययन गर्न सकिएन।
- कार्यदलको अध्ययनको लागि माग गरिएको विवरण सबै निकायबाट प्राप्त नभएको, केही निकायबाट आंशिक विवरणमात्र प्राप्त भएको हुँदा सबै निकायका सरकारी कोष परिचालनको विस्तृत रुपमा अध्ययन गर्न सकिएको छैन।

- नीतिगत तथा कानूनी व्यवस्थामा सुधार गर्नका लागि सम्बन्धित मन्त्रालयका माननीय मन्त्री, प्रदेश सचिव लगायतका पदाधिकारी र सरोकारवाला निकायका पदाधिकारी एवम् विषयविज्ञसँग पर्याप्त छलफल तथा परामर्श गर्न हुन सकेन। प्रतिवेदनका सुझाव कार्यान्वयन गर्ने क्रममा सम्बद्ध निकायसँग छलफल तथा समन्वय गर्नुपर्ने हुँदा कार्ययोजना तयार गरी प्रतिवेदनमा समावेश गरिएको छ।

### १.४ अन्य प्रतिवेदनको अध्ययन तथा सन्दर्भ सामग्रीहरु

## (क) सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन, २०७५

**(अध्याय एघार, सरकारी कोष सञ्चालन व्यवस्थामा गर्नुपर्ने सुधारहरु, पेज ३१७-३२१सम्म)**

- नेपालको संविधान (२०७२) मा संघीय सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट मात्र रकम झिक्न सक्ने व्यवस्था गरिएकोले छुट्टै कोष खडा नगर्ने र विनियोजन ऐन बमोजिम मात्र रकम प्राप्त गरी खर्च गर्नुपर्ने व्यवस्था भएको देखिन्छ।
- कोष खडा गर्दा रकम फ्रिज गर्नु नपर्ने, अर्को आर्थिक वर्ष खर्च गर्न सकिने, औपचारिक कार्यविधि नभई लचकता रहने भएकोले कोषको रकमहरु संसदमा खासै चासो र छलफल नहुने र स्वतन्त्र र स्वायत्त किसिमले खर्च गर्न सकिने हुँदा यस्ता कोषहरु स्थापनाको लागि कतिपय निकायहरु प्रेरित हुने गरेको देखिन्छ।
- तर सबै कोषहरु नेपाल सरकारको सार्वजनिक कोषको दायरा भित्र आउने र जवाफदेहिता यकिन गर्नुपर्ने सरकारको दायित्व रहन्छ।
- सरकारी कोषको मुख्य समस्याहरुमा आयव्यय व्यवस्थित गर्न कोष लेखा प्रणाली लागू गरिएको छैन। कार्य सञ्चालन कोषहरु कायमै रहेको अवस्था छ। स्थापित कोषहरुको स्थिति प्रतिवेदन संसदमा छलफल र बहस हुने गरेको छैन।
- जुन उद्देश्यले कोष स्थापना भएको हो सो उद्देश्य प्राप्त भयो भएन भन्ने अवस्था यकिन हुन सक्ने अवस्था देखिँदैन।
- राष्ट्रिय लेखामा कोषको अवस्था प्रस्तुत हुन सकेको छैन। त्यसैले, सार्वजनिक क्षेत्र लेखामान समेतको आधारमा कोष लेखा प्रणाली लागू गरी आयव्यय तयार गर्ने विधि तय गरिनु पर्दछ।
- सरकारी वा सार्वजनिक कोषको हालसम्मको स्थिति यकिन गरी अबदेखि स्थापना गर्न दिँदा सार्वजनिक कोषको महालेखा नियन्त्रक कार्यालयको राष्ट्रिय लेखा र कोष प्रणालीमा लेखाङ्कन हुने व्यवस्थाको साथै आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था गरी अन्तिम लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ।
- खरिदको काम कारवाही गर्दा सार्वजनिक खरिद कानूनको अन्तरनिहीन मान्यता र प्रावधान लागू हुने गरी सरकारी कोष सञ्चालन गर्ने निकायहरुले खरिद विनियमावली तयार गरी लागू गर्ने व्यवस्था हुनु आवश्यक छ।

- विनियोजन ऐनमा बजेटको विषयगत सीमाको कारणले समावेश हुन नसकेका कतिपय काम र कार्यक्रमहरु पनि यस किसिमको कोषहरुबाट खर्च गर्ने गरिन्छ। तर सबै कोषहरु सरकारको सार्वजनिक कोषको दायराभित्र आउने हुँदा यस्तो कोषको सार्वजनिक जवाफदेहिता सरकारले पूरा गर्नुपर्दछ। त्यसैले कोषको अवस्था एकीन गर्नुपर्ने सरकारको दायित्व रहन्छ।
- कोष स्थापनाको उद्देश्य र आवश्यकता पूरा भएपछि बन्द गर्नुपर्दछ। बन्द गर्नु नपर्ने वा विनियोजन ऐन बमोजिम बजेट प्राप्त नगर्ने नभएपनि कोषको व्यवस्थापन र हिसाब किताब पारदर्शी र वस्तुगत बनाउने जिम्मा पनि सरकारको हुन्छ।
- यसको लागि लेखाङ्कन गर्ने र लेखापरीक्षण गरी जवाफदेहिता पालना गराउने जिम्मेवारी सरकारको रहन्छ। त्यसैले सरकारले यस्ता कोषहरुको अवस्था एकीन गरी सरकारी कोषको समग्र व्यवस्थापन गर्नु आवश्यक छ।
- खर्च नहुने कोषहरुको बारेमा आवश्यकता र औचित्यमा ध्यान दिनुपर्दछ।
- सरकारी कोष सञ्चालन र व्यवस्थापनमा उचित ध्यान दिनु आवश्यक रहेको छ।
- अर्थ मन्त्रालयले हालको संविधान अघि अर्थ मन्त्रालयबाट २०६५।४।३० मा कुनै पनि निकायअन्तर्गत कार्य सञ्चालन कोष रहेको भए बन्द गरी विनियोजन ऐन बमोजिम खर्च गर्ने निर्णय भएपनि हालसम्म पनि यस्ता कोषहरू सञ्चालनमा नै रहेका देखिन्छन। महालेखा परीक्षकको कार्यालयको २०७४ को प्रतिवेदनमा सरकारी कार्यालयतर्फ २३ निकाय अर्न्तर्गत सञ्चालनमा रहेका कोषहरूमा आर्थिक वर्ष २०७३।७४ को अन्तसम्म रु. ९२ अर्ब ८२ करोड ६ लाख बाँकी रहेको उल्लेख गरिएको छ । सरकारी निकायहरू मातहत सञ्चालनमा रहेका यस्ता कोषहरू मध्ये २३ निकाय अर्न्तर्गत करिब ५६ वटा कोषहरू विभिन्न नामबाट सञ्चालनमा आएको देखिन्छ । यस्ता कोषहरू कार्यपालिका न्यायपालिका र व्यवस्थापिका तीनै अंगमा रहेको देखिएको छ। यस्ता कोषहरूको सञ्चालन विनियोजन ऐनबाट भएको देखिंदैन।

हाल सञ्चालनमा रहेको कोषको सञ्चालनमा निम्न कमी कमजोरीहरू देखिएको छः

- सरकारी कोषको लेखाङ्कन र आय व्यय व्यवस्थित गर्न कोष लेखा प्रणाली लागू गरिएको छैन। त्यसैले लेखाङ्कन गर्ने र अन्य निकायको लेखा प्रणालींसंग तादाम्यता मिलाउन र एकीकृत विवरण तयार गर्न सकिएको देखिंदैन ।
- संविधानले विनियोजन ऐनबाट मात्र रकम प्राप्त गरी खर्च गर्ने भनेको भएता पनि हालसम्म कार्यसञ्चालन कोषहरू कायमै रहेको देखिन्छ। सम्बन्धीत मन्त्रालय र निकायहरूले यस्ता कोषहरू बन्द गर्ने काम गरेको देखिंदैन।
- स्थापित कोषहरूको स्थिति प्रतिवेदन संसदको छलफल र वहसको लागि उपलब्ध हुन सकेको देखिंदैन।त्यसैले हालसम्म कोषहरूको उद्देश्य बमोजिम कार्य सम्पन्न भए नभएको र सो अनुसारको सार्विजनिक जवाफदेहिताको स्थिति प्रतिवेदन जानकारी हुने अवस्था देखिएन।
- कोषको सञ्चालन कार्यविधि स्पष्ट छैन । सबै कोषको आय व्ययको सञ्चालन र व्यवस्थापन कार्यविधि बनाई कार्यान्वयन गर्ने प्रणाली स्थापित नहुँदा जुन उद्देश्यले कोष स्थापना भएको हो सो उद्देश्य प्राप्त भयो भएन भन्ने अवस्था एकीन हुन सक्ने अवस्था देखिंदैन।

- सरकारले कोष लेखा प्रणाली औपचारिक रूपमा लागू गरेको छैन । अतः कोषको लेखा प्रणाली कस्तो हुने एकीन नहुने अवस्थामा कोषको लेखाँकन प्रणाली स्पष्ट भएको देखिंदैन।
- कतिपय कार्यालय मातहमा रहेको कोषहरू निष्क्रिय रहेपनि कायमै रहेको देखिंदा सम्बन्धीत कार्यालय र तालुक निकायले यस बारेमा सक्रिय गर्ने वा खारेज गर्ने विषयमा कारबाही गरेको छैन।
- कार्य सञ्चालन कोष बन्द गरी विनियोजन ऐनबमोजिम खर्च गर्ने निर्णय भएपनि यस्ता कोषहरू हालसम्म सञ्चालनमा नै रहेको देखिएकोले संविधान विपरीत कोष कायम रहेका छन।
- कोषको आयव्ययको ढाँचा र लेखापरीक्षण गर्नुपर्ने भए पनि लेखापरीक्षण प्रतिवेदन तालुक निकाय मार्फत राष्टिय लेखाँकन हुन सकेको छैन।
- राष्ट्रिय लेखामा कोषको अवस्था प्रस्तुत हुन सकेको छैन र सरकारी कोषको अवस्था संसदमा छुट्टै प्रतिवेदन गरी औचित्य र आवश्यकताको बारेमा छलफल हुन सक्ने वातावरण हुन सकेको छैन।
- यस्ता कोषहरूको लागि नेपाल सर्विजनिक लेखामान लागू हुने नहुने एकीन हुन सकेको देखिंदैन।
- कोषको व्यवस्थापन र सुधारको लागि गर्नुपर्ने कार्यहरुः सरकारी कोषहरूको व्यवस्थापन र सञ्चालनमा सुधारको लागि निम्न कार्यहरू गर्नु आवश्यक देखिन्छः
- कार्य सञ्चालन कोषको रूपमा रहेका कोषहरू सम्बन्धीत मन्त्रालयहरूले तुरुन्त बन्द गरी बाँकी रकम सरकारी कोषमा जम्मा गर्नु पर्दछ ।
- सबै सरकारी कोषहरूको अवस्था पत्ता लगाउन अर्थ मन्त्रालयले क्रियाशिलता देखाउनु पर्दछ।यसको लागि महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट बैंक र सरकारी कारोवार सञ्चालन गर्ने बैंकहरू बीच समन्वय गरी हाल सञ्चालनमा रहेका सम्पूर्ण सरकारी कोषहरूको अद्यावधिक स्थिति पत्ता लगाउनु पर्दछ ।
- **कोष लेखा प्रणाली-** महालेखा नियन्त्रक कार्यालयले तयार गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गर्राई लागू गर्नुपर्दछ । जुनसुकै कोष स्थापना हुँदा सो प्रणाली अनुसार कोषको आय व्यय, लेखा राख्ने प्रणाली विकास गर्नु पर्दछ।
- महालेखा नियन्त्रक कार्यालयले सबै यस्ता सरकारी कोषको रकम राष्ट्रिय लेखामा समावेश हुने व्यवस्था गर्नुपर्दछ। आवश्यकतानुसार सरकारी कोषको छुट्टै अवस्था -आन्तरिक लेखा परीक्षण प्रतिवेदन सहीत) पनि केन्द्रीय कोषको अवस्थाको प्रतिवेदन गर्दा समावेश गर्नु पर्दछ।अर्थ मन्त्रालयले कुनै पनि सरकारी वा सार्वजनिक कोष स्थापनाको स्वीकृती दिंदा महालेखा नियन्त्रक कार्यालयको राष्ट्रिय लेखा र कोष प्रणालीमा लेखाँकन हुने व्यवस्था मिलाएर मात्र स्वीकृत दिनुपर्दछ । कोष लेखा प्रणाली लागू हुने कुरा पनि अर्थ मन्त्रालयले स्वीकृती दिने समयमा स्वीकृति पत्रमा उल्लेख गर्नु पर्दछ
- सबै सरकारी कोषहरूको साथै आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था हुनु पर्दछ।सो प्रतिवेदन समेतको आधारमा अन्तिम लेखा परीक्षण गराउने व्यवस्था गर्नुपर्दछ।

- विनियोजन गर्दाको अवस्था वा विनियोजन नभए पनि जुनसुकै मन्त्रालय मातहत यस्तो कोष स्थापना भएपनि प्रत्येक आर्थिक वर्षा सो कोषको स्थापनाको उद्देश्य संचालिक कार्यक्रम आय व्ययको अवस्था मन्त्रालयगत आर्थिक स्थितिको प्रतिवेदनमा यस्तो कोषको छुट्टै प्रतिवेदन गर्ने व्यवस्था हुनु पर्दछ।सरकारी कोष भएकोले कोषको जवाफदेहिताको परीक्षणको सन्दर्भमा संसदमा उपलब्ध हुने व्यवस्था हुनुपर्दछ ।
- तुरुन्तै कोष लेखा प्रणाली लागू गर्न नसकिने अवस्थामा सरकारी कोषको आयव्यय सञ्चालनसम्बन्धी निर्देशिका नेपाल सरकारले स्वीकृत गरी कोषको आय व्ययको लेखाँकन प्रकृयासम्बन्धी निर्देशिका लागू गर्नुपर्दछ ।
- कुनै पनि कोष सर्विजनिक वा सरकारी स्तरमा स्थापना गर्दा अर्थ मन्त्रालयको परवस्वीकृती लिने व्यवस्था अनिवार्य गरिनुपर्दछ । अर्थ मन्त्रालयले वार्षिक रूपमा यस्तो कोषको सञ्चालन स्थिति अनुगमन र परीक्षण गरी आवश्यक निर्देशन दिनुपर्दछ ।
- कोषको खर्च व्यवस्थापनको कार्यविधि र प्रकृया - बजेट, कार्यक्रम र योजना, खर्च कार्यविधि, भुक्तानी, खरिद, आन्तरिक नियन्त्रण र लेखा परीक्षण तथा वेरुजु फछ्यौट व्यवस्था आदि)को लागि नेपाल सरकार - मन्त्रीपरिषद्) ले सरकारी कोष सञ्चालन आर्थिक कार्यविधि नियमावली स्वीकृत गरी लागू गराउनुपर्दछ ।
- तालुक मन्त्रालयहरूले यस्तो सरकारी कोषको लागि वार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्ने र सो को समिक्षा नियमित गर्ने व्यवस्था लागू गर्नु आवश्यक छ।
- सरकारी वा सर्विजनिक कोष सरकारको दायित्वमा पर्ने भएकोले पारदर्शी किसिमले काम गर्न खरिदको काम कारवाही गर्दा सर्विजनिक खरिद कानूनको अन्तरनिहीत मान्यता र प्रावधान लागू हुने गरी सर्विजनिक खरिद अनुगमन कार्यालयको सहमति प्राप्त गरी सरकारी कोष सञ्चालन गर्ने निकायहरूले खरिद विनियमावली तयारी लागू गर्ने व्यवस्था हुनु आवश्यक देखिन्छ।

## (ख) अध्ययन गरिएका अन्य प्रतिवेदनहरु

- **राष्ट्रिय सभा, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको प्रतिवेदन, २०७९**
- **कोशी प्रदेश सभा, सार्वजनिक लेखा समितिको पाँचौं वार्षिक प्रतिवेदन, २०८१**
- **महालेखापरीक्षकको (कोशी प्रदेशको) वार्षिक प्रतिवेदनहरु**
- **सरकारी कोषको संरचना अवस्था र प्रवृत्ति अध्ययन प्रतिवेदन, २०७९** (राष्ट्रिय योजना आयोग)
- **उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन, २०८०** (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर)
- **कोशी प्रदेश सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी सूचकहरुको स्थिति सम्बन्धी अध्ययन प्रतिवेदन, २०७९** (अध्यनकर्ता तथा प्रतिवेदक- सुरेश प्रधान, वरिष्ठ सार्वजनिक वित्तीय व्यवस्थापन विज्ञ, प्रदेश सहयोग कार्यक्रम)
- **संघीयता कार्यान्वयन तथा कानून निर्माण अध्ययन प्रतिवेदन, २०८१ (कोशी प्रदेश)**

- अस्पताल सेवा सुधार सुझाव उच्चस्तरीय कार्यदलको प्रारम्भिक प्रतिवेदन, २०८१ (कोशी प्रदेश)

**(ग) सन्दर्भ सामग्री तथा स्रोतहरुः-** विभिन्न राजपत्र, वेवसाइट तथा प्रतिवेदनहरु

# परिच्छेद- दुई  सरकारी कोष सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

१. नेपालको संविधान (२०७२)

- (धारा ११६)- गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारको रकम आम्दानी बाँध्न **संघीय ऐनद्वारा** अर्को कुनै व्यवस्था नगरिएमा **एक सरकारी कोषमा** आम्दानी बाँधिनेछ जसलाई **संघीय सञ्चित कोष** भनिनेछ।
- (धारा ११७)- संघीय सञ्चित कोषमाथि व्ययभार भएको रकम, विनियोजन ऐन/पेश्की खर्च/उधारो खर्च ऐन बमोजिम खर्च हुने रकम बाहेक **संघीय सञ्चित कोष वा अन्य कुनै संघीय सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन।** तर आकष्मिक कोषको हकमा धारा १२४ बमोजिम हुनेछ।
- (धारा २०४)- गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको रकम आम्दानी बाँध्न **प्रदेश ऐनद्वारा** अर्को कुनै व्यवस्था नगरिएमा **एक सरकारी कोषमा** आम्दानी बाँधिनेछ जसलाई **प्रदेश सञ्चित कोष** भनिनेछ।
- (धारा २०५)- प्रदेश सञ्चित कोषमाथि व्ययभार भएको रकम, विनियोजन ऐन/पेश्की खर्च/उधारो खर्च ऐन बमोजिम खर्च हुने रकम बाहेक **प्रदेश सञ्चित कोष वा अन्य कुनै प्रदेश सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन।** तर प्रदेश आकष्मिक कोषको हकमा धारा २१२ बमोजिम हुनेछ।
- (धारा २०७ राजस्व र व्ययको अनुमान)- प्रदेशको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा प्रदेश सभा समक्ष वार्षिक अनुमान पेश गर्दा **प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरु** समेत खुलाउनु पर्नेछ।
- (धारा २०८)- प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकम शीर्षकमा उल्लेख गरी **विनियोजन विधेयकमा** राखिनेछन्।
- (धारा २१२)- प्रदेश ऐन बमोजिम **प्रदेश आकष्मिक कोष** स्थापना गर्न सकिने, ऐन बमोजिम निर्धारण गरिएको रकम जम्मा गरिने, उक्त कोष प्रदेश सरकारको नियन्त्रणमा रहने, आकष्मिक कार्यमा खर्च गर्न सक्ने र खर्च भएको रकम यथाशीघ्र शोधभर्ना गर्नुपर्ने प्रावधान रहेको छ।
- (धारा २१३)- प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुनेछ।
- (धारा २४१)- सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुनेछ। यस्तो लेखापरीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिनेछ।

२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- दफा २७- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्नेछ।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयव्ययको वर्गीकरण तथा लेखाङ्कन महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिम गर्नुपर्नेछ।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको आवधिक विवरण महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा तयार गर्नुपर्नेछ।
- सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने, आयव्ययको प्रक्षेपण गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने, राजस्व र व्ययको अनुमान संसद/सभामा पेश गर्नुपर्ने आदि।

**३. लेखापरीक्षण ऐन, २०७५**

- सबै सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र संघीय कानून बमोजिम तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने।
- दफा ८ (घ)- संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष, संघीय आकष्मिक कोष, प्रदेश आकष्मिक कोष र **अन्य सरकारी कोषको** हिसाब यथार्थपरक रहे, नरहेको समेत लेखापरीक्षण गरिने।
- राजस्व तथा **सरकारी कोषमा** जम्मा हुनुपर्ने रकम कानून बमोजिम निर्धारण, असुली, दाखिला र लेखाङ्कन भए, नभएको र राजस्व चुहावट नियन्त्रण गर्न प्रयास गरे, नगरेको,
- विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरु सोही शीर्षक तथा उपशीर्षकको सीमामा रही निर्दिष्ट प्रयोजनको लागि खर्च भए, नभएको,
- कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखे, नराखेको तथा निर्दिष्ट समयमा प्रतिवेदन, केन्द्रीय विवरण तयार पारे नपारेको। त्यसले आर्थिक कारोबारको यथार्थ चित्रण गरे, नगरेको लगायतको विषय लेखापरीक्षण गर्दा हेरिने।

**४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६**

- प्रस्तावनामा संघीय सञ्चित कोष र **अन्य सरकारी कोषको सञ्चालन** व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य गतिविधिलाई व्यवस्थित गर्ने ऐनको उद्देश्य रहेको।
- (दफा ३) संघीय सञ्चित कोष र **अन्य सरकारी कोषको** सञ्चालनका लागि महालेखा नियन्त्रक कार्यालयले कुनै कार्यालय वा बैंकलाई जिम्मेवारी तोक्न सक्नेछ। त्यसरी तोकिएको जिम्मेवारी पालना गर्नु वा गराउनु सम्बन्धित कार्यालय वा बैंकको कर्तव्य हुनेछ।

- संघीय सञ्चित कोष तथा **अन्य सरकारी कोष** सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।
- (दफा ५) संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा **अन्य सरकारी कोषको** वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुनेछ। दफा २९ मा **अन्य कोषहरुको** वित्तीय विवरण भनिएको छ।
- संघ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्नेछ।

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१

- संघीय सञ्चित कोषको सन्तुलनको लागि प्रचलित कानून बमोजिम स्थापना भएको **अन्य सरकारी कोषमा** बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्न सक्नेछ। त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा महालेखा नियन्त्रक कार्यालयले राख्नेछ।
- **अन्य सरकारी कोषको** विववरण महालेखा नियन्त्रक कार्यालयले अद्यावधिक गर्नु पर्नेछ। त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखेमा नेपाल सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ।
- **"बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय"** भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम गठन भएको नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने वा प्रचलित कानून बमोजिम तोकिएको जिम्मेवारी पूरा गर्न स्थापना भएको आयोग, परिषद्, प्राधिकरण, बोर्ड, कोष, समिति वा यस्तै प्रकृतिको सार्वजनिक निकाय सम्झनु पर्छ भनी परिभाषित गरिएको छ।
- कार्यालय, प्रदेश स्थानीय तह र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको खाता सञ्चालन र लेखा राख्ने कार्य महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।
- दफा २९ को उपदफा (२) मा संशोधन अनुसार लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।
- कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना हुने गरी निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने प्रावधान रहेको छ।

## ५. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८

- प्रस्तावनामा प्रदेश सञ्चित कोष र **अन्य सरकारी कोषको सञ्चालन** व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य गतिविधिलाई व्यवस्थित गर्ने ऐनको उद्देश्य रहेको।
- प्रदेश कानून बमोजिम गठित निकायलाई समेत **अन्य निकाय**को रुपमा परिभाषित गरिएको। जिम्मेवार व्यक्ति, कार्यालय प्रमुख, लेखाउत्तरदायी अधिकृतको समेत परिभाषा रहेको।
- (दफा ३) प्रदेश सञ्चित कोष र **अन्य सरकारी कोषको** सञ्चालनका लागि कुनै कार्यालय वा बैंकलाई जिम्मेवारी तोक्ने कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा नियन्त्रक कार्यालयले गर्नेछ। त्यसरी तोकिएको जिम्मेवारी पालना गर्नु वा गराउनु सम्बन्धित कार्यालय वा बैंकको कर्तव्य हुनेछ।
- प्रदेश सञ्चित कोष तथा **अन्य सरकारी कोष** सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।
- (दफा ५) प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा **अन्य सरकारी कोषको** वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ। दफा ३१ मा **अन्य कोषहरुको** वित्तीय विवरण समेत भनिएको छ।
- प्रदेश तथा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्नेछ।
- **अधिकार प्राप्त अधिकारीले सरकारी रकम** खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने, सोको गुणस्तर कायम हुने र मितव्ययी तरिकाले गर्नुपर्ने। **सरकारी रकम तथा सरकारी नगदी** सम्भव भएसम्म सोही दिन बैंकमा वा सञ्चित कोषमा दाखिला गर्नुपर्ने। (दफा २६ र २९)
- विनियोजन, राजस्व, धरौटी तथा **अन्य सरकारी कारोबारको** लेखा राख्न महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण लागू गर्नुपर्नेछ। (दफा २७)
- (दफा २८) **अन्य कोष** र सबै कारोबारको लेखा राख्नु सम्बन्धित कार्यालयको कर्तव्य हुने। कुनै कारोबार बजेटमा समावेश नभएको भए कार्यालयले सोको तोकिएको ढाँचामा छुट्टै अभिलेख राख्नुपर्ने र वित्तीय विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पेश गर्नुपर्ने।
- लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी र **अन्य कोष** समेतको वित्तीय विवरण प्राप्त गरी एकीकृत वित्तीय विवरण र केन्द्रीय हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्ने।

**६. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९**

नियम ५ मा भएको व्यवस्थाः-

- प्रदेश सञ्चित कोष बाहेक प्रदेश अन्तरगत अन्य सरकारी कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश विनियोजन ऐन र प्रचलित कानून बमोजिम हुनेछ।

- नेपाल सरकार वा प्रदेश सरकारको स्रोतबाट खर्च व्यहोर्ने वा अनुदान प्राप्त गर्ने बाहेक अन्य स्रोतको आय नहुने भएमा वा अन्य स्रोतको आय भएतापनि प्रदेश सञ्चितकोषमा राजस्व जम्मा गरी प्रदेश सञ्चित कोषबाट प्रदेश विनियोजन ऐन अनुसार खर्च व्यहोर्न सकिने अवस्थामा अन्य सरकारी कोषको स्थापना नगरी प्रदेशको एकल खाताकोष प्रणालीबाट वा बजेटको अख्तियारी मार्फत खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ।
- प्रदेश सरकार अन्तरगत प्रदेश सञ्चित कोष बाहेकका अन्य सरकारी कोषमा आगामी आर्थिक वर्षमा हुन सक्ने आम्दानी र खर्चको अनुमान तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा अन्य निकाय मार्फत् आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रत्येक वर्षको जेष्ठ पन्ध्र गतेभित्र पठाउनु पर्नेछ।
- अन्य सरकारी कोषको आम्दानी र खर्चको अनुमान पेश गर्दा गत आर्थिक वर्षको यथार्थ एवम् चालु आर्थिक वर्षको बैशाख मसान्तसम्मको आम्दानी र खर्च सहित कार्यक्रमगत प्रगति विवरण समेत पेश गर्नुपर्नेछ।
- मन्त्रालय तथा अन्य निकायबाट प्राप्त विवरणको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले अन्य सरकारी कोषहरुको आगामी वर्षमा हुने व्ययको अनुमानित विवरण तयार गरी प्रदेश विनियोजन विधेयक तथा बजेटको अनुसूचीमा समावेश गर्न सकिनेछ। त्यसरी विनियोजन ऐनमा समावेश भएको रकम प्रचलित कानून तथा यस नियमावलीको अधीनमा रही खर्च गर्न सकिनेछ।
- (नियम ७) प्रदेश विनियोजन ऐन बमोजिम भुक्तानी निकासा गर्ने बाहेक अन्य प्रयोजनको लागि कुनै कार्यालयको नाममा खाता खोल्नु परेमा वा सरकारी कारोबार गर्न स्वीकृति प्राप्त नभएको कुनै बैङ्कमा खाता खोल्नु परेमा प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा नियन्त्रक कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।
- (नियम ११) प्रदेश सञ्चित कोष बाहेक प्रदेश अन्तरगतका **अन्य सरकारी कोषको** एकीकृत वित्तीय विवरण तयार गरी सम्बन्धित मन्त्रालय वा अन्य निकायले आर्थिक वर्ष समाप्त भएको मितिले पैतीस दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष र **अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण** कात्तिक पन्ध्र गतेभित्र महालेखा परिक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।
- (नियम ३१) समिति, बोर्ड वा **अन्य सरकारी कोषमा** प्रदेशले दिएको सशर्त वा निशर्त अनुदानको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा त्यस्तो खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने छ।
- (नियम ४६) प्रचलित कानून बमोजिम गठन भएको **विकास समितिलाई** प्रदेश सरकारले कानून बमोजिम दिएको अनुदान वा कुनै रकम खर्च गर्ने वा गराउने अधिकार हुनेछ।

- विकास समितिले प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने कुनै विषयमा खर्च गर्नु वा खर्चको दायित्व सिर्जना गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।
- (नियम ७५) प्रदेश लेखा इकाई कार्यालयले **अन्य कोष** समेतको वित्तीय विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयम पठाउनु पर्ने।
- (नियम ७९) प्रचलित कानून बमोजिम स्थापना वा गठन भएको **बोर्ड, समिति वा यस्तै प्रकृतिका अन्य संस्थाको** आर्थिक प्रशासन सम्बन्धी नियमावली वा विनियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा यस नियमावली बमोजिम आम्दानी र खर्चको त्रैमासिक र वार्षिक विवरण तयार गरी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।
- मन्त्रालय वा **केन्द्रीय** निकायले प्रचलित लेखामान बमोजिम **बजेट प्रणाली बाहिरका (एक्स्ट्रा बजेटरी) सार्वजनिक निकाय** समेतको नक्साङ्कन (म्यापिङ्ग) का आधारमा वार्षिक एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्नेछ।
- यस्तो वार्षिक विवरण पठाउँदा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम प्रदेश सरकारलाई फिर्ता गरी सोको विवरण समेत संलग्न गर्नु पर्नेछ।
- यसरी फिर्ता गर्नु पर्ने रकम फिर्ता नगरेमा प्रदेश सरकारले त्यस्तो रकम सो आर्थिक वर्षमा उपलब्ध गराउने अनुदान रकमबाट कट्टा गरिनेछ।

### ७. कोशी प्रदेश विनियोजन ऐन, २०८१

- दफा ४ को उपदफा (१३) मा भएको व्यवस्थाः- प्रचलित कानून बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो **खातामा बाँकी रहेको रकम असार मसान्त भित्र प्रदेश सरकारलाई फिर्ता गर्नु** पर्नेछ।

### ८. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४

- दफा ३- प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाको सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म यस ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्नेछ।
- नियम २ को खण्ड (म)- **"सरकारी कोष"** भन्नाले संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोष सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएका **अन्य सरकारी कोषलाई** समेत जनाउँछ।

- दफा २ को खण्ड (ख) मा उल्लेखित **"सार्वजनिक निकाय"**को परिभाषामा सरकारी निकाय वा कार्यालय, प्रचलित कानून बमोजिम सार्वजनिकस्तरमा स्थापित वा गठित निकाय, सङ्गठित संस्था, प्राज्ञिक वा शैक्षिक संस्था, विकास समिति, सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्थालाई समेत समेटिएको।
- समिति तथा अन्य संस्थाले खरिद ऐनको प्रतिकूल नहुने गरी लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने लगायतको प्रयोजनका लागि विनियमावली बनाउन सक्ने।

## ९. विकास समिति ऐन, २०१३ (संशोधन समेत)

- नेपाल सरकार र प्रदेश सरकार सूचित आदेशद्वारा समिति गठन गर्ने अधिकार रहेको छ भने, यसरी गठन गरिएको **समितिको कोष रहने** व्यवस्था रहेको छ।
- यस ऐन बमोजिम समिति गठन भई सञ्चालनमा रही नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएका योजना, परियोजना वा संस्थालाई प्रदेश सरकारले विकास समितिको रुपमा सञ्चालन गर्न आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समिति गठन गर्न सक्ने।
- नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको समिति कोषमा नेपाल सरकार वा अरु कुनै सरकारी व्यक्तिले प्रदान गरेको रुपैयाँ र कुनै विदेशी एजेन्सीले नेपाल सरकारद्वारा दिएको कोष सम्मिलित हुने।
- समिति गठन गर्न निकालिएको आदेशमा तोकिएका कामका कार्यक्रमहरु कार्यान्वयन गर्नको निमित्त समितिको रुपैयाँ र कोष उपयोग गरिने।
- समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्यप्रणाली बमोजिम काम गर्नेछ र सोही बमोजिम हिसाब किताब पनि राख्नेछ।
- गठन आदेश बमोजिमका समितिले बनाएका नियमहरुमा नेपाल सरकारको वा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्ने।
- लोकसेवा आयोगबाट स्वीकृत सिद्धान्त र तरिका अनुसार समितिले कर्मचारी नियुक्त गर्न सक्ने। समितिले सरकारी स्थायी अधिकृतहरुको सेवा लिन सक्ने। समितिको कामकाज गर्दा त्यस्ता अधिकृतहरु समितिको प्रशासकीय नियन्त्रणमा रहने।

## १०. प्रदेश स्वायत्त संस्था गठन ऐन, २०७६

- दफा ८- संस्था गठन गर्दा प्रत्येक संस्थाको उद्देश्य, क्षेत्राधिकार र कोष सञ्चालन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था सम्बन्धमा संस्था गठन गर्ने नियमावलीमा प्रष्ट हुनु पर्नेछ।
- यस ऐन बमोजिम गठन हुने संस्थाको बजेट र कर्मचारी सम्बन्धी व्यवस्था सम्बन्धित संस्था गठन नियमावलीमा उल्लेख गर्नु पर्नेछ।
- यस ऐन बमोजिम गठन हुने संस्थाको गठन गर्दा त्यस्तो संस्था आफ्नै सामर्थ्यमा सञ्चालन हुन सक्ने आधार र प्रक्रिया समेतलाई ख्याल गर्नु पर्नेछ।

**११. सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन २०८१ समेत)**

- (बुँदा नं.२.२.४)- **क-२.६ विविध खाताः**- कुनै (संघीय) कार्यालयको नाममा बजेट बाहिरका रकम कुनै माध्यमबाट प्राप्त हुन आएमा जिल्ला भरका सबै सरकारी कार्यालयहरुमा त्यस प्रकारको रकम जम्मा गर्न र खर्च गर्न चेक जारी गर्ने प्रयोजनका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा एउटा विविध खाता खोल्नु पर्दछ।

  **क-२.७ कार्यसञ्चालन कोष तथा अन्य खाता- सरकारी निकायः**- विशेष अवस्थामा विविध खाताबाट कारोबार गराउन कठिनाई भई यस्तै प्रकृतिका कारोबारहरु सरकारी कार्यालयकै नामबाट खाता खोली सञ्चालन गर्नुपर्ने भएमा महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा यो खाता खोली सोही मार्फत कारोबार गर्नुपर्दछ।

  **क-२.१० अन्य खाता- संस्थान, समिति, परिषद् तथा बोर्डः**- कार्यसञ्चालन कोष जस्तै प्रकृतिको खाता संस्थान, समिति, परिषद् तथा बोर्डलाई आवश्यक भएमा क-२.१० समूहको खाता महालेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा कोष तथा लेखा नियन्त्रक कार्यालयले खोलिदिनु पर्दछ।
- परिच्छेद ३- प्रदेश सरकारको सरकारी कारोबार सञ्चालनको लागि नेपाल राष्ट्र बैंकका तोकिएका कार्यालयहरु र नेपाल राष्ट्र बैंकबाट प्रदेश सरकारी कारोबार गर्ने अनुमति प्राप्त बैंकहरुमा तोकिएका खाताहरु खोली कारोबार गर्न सकिनेछ।
- प्रदेश सरकारका खाताहरुको विभाजनः-

  ख-१ प्रदेश सञ्चित कोष खाता,

  ख-२ प्रदेश खर्च तथा कोष खाता, सो अन्तर्गत

  - ख-२.६ विविध खाता,
  - ख-२.७ कार्य सञ्चालन कोष तथा अन्य खाता- सरकारी निकाय
  - **ख-२.८ अन्य खाता- समिति, परिषद्, कोष तथा बोर्ड**
    - ख-२.८.१ निकाय कोष खाता
    - ख-२.८.२ आम्दानी खाता
    - ख-२.८.३ खर्च खाता
    - ख-२.८.४ धरौटी खाता
    - ख-२.८.५ अन्य कोष खाता

  ख-३ प्रदेश आकष्मिक कोष खाता, सो अन्तर्गत

  - ख-३.१ प्रदेश आकष्मिक कोष खाता
  - ख-३.२ प्रदेश प्रकोप व्यवस्थापन कोष खाता

  ख-४ विभाज्य कोष खाता (प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोष)

  ख-५ हिसाब मिलान खाता, सो अन्तर्गत ख-५.४ प्रदेश विविध तथा अन्य कोष हिसाब मिलान खाता।

- ख २.६ विविध खाता

“सरकारी निकायको (बजेटरी) नाममा रहेको कोष सञ्चालन तथा संघीय तथा अन्य तहबाट कार्यालयलाई कार्यक्रम सञ्चालनको लागि पेश्की तथा अनुदान स्वरुपमा जुनसुकै श्रोतबाट प्राप्त हुने रकम जम्मा र खर्च गर्ने प्रयोजनको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा ईकाइ कार्यालयको नाममा एउटा ख-२.६ विविध खाता रहनेछ । यस खातामा जम्मा भएको रकम सम्बन्धित कार्यालयको भुक्तानी आदेशका आधारमा खर्च गर्नु पर्दछ। यस खाताबाट चेक जारी गर्न र खर्च लेख्न सकिन्छ।

- ख-२.७ कार्यसञ्चालन कोष तथा अन्यखाता - सरकारी निकाय
- कारोबार संख्या धेरै भएको कारण वा बैंक टाढा भएको वा अन्य कुनै कारणले ख. २.६ समूहको विविध खातामा सिधै रकम जम्मा गर्न कठिनाई भएको अवस्थामा रकम संकलन गर्ने प्रयोजनको लागि यस समूहको Non-Operating प्रकृतीको खाता सञ्चालन गरिनेछ । यस खातामा रहेको मौज्दात रकम सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको ट्रान्सफर पत्रको आधारमा ख- २.६ विविध खातामा आम्दानी जनाई खर्च गर्नु पर्दछ।
- यी खाताहरुको खाता सञ्चालनका लागि दस्तखत नमूना कार्ड जिल्लास्थित प्रदेश लेखा नियन्त्रक कार्यालय / प्रदेश लेखा ईकाइ कार्यालयबाट प्रमाणित गर्नु पर्दछ । यी खाताको लागि चेक जारी गर्नु पर्दैन। यी खाताहरुमा भएको आम्दानी त्रैमासिक रुपमा जिल्लास्थित प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाइ कार्यालयसँग हिसाब भिडान गर्नु पर्दछ।

**ख.२.८ अन्य खाता समिति, परिषद, कोष तथा बोर्ड**

- बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय" भन्नाले कार्यालय बाहेक प्रचलित कानून बमोजिम संस्थापना वा गठन भएको आयोग, परिषद्, प्राधिकरण, बोर्ड, समिति, कोष वा यस्तै प्रकृतिको सार्वजनिक निकाय सम्झनु पर्छ। यस्ता एक्स्ट्रा बजेटरी निकायले बैंकिङ कारोबार गर्ने ख.२.८ समूह अन्तर्गतका खाता सञ्चालन गर्नु पर्दछ। यस्ता खाताहरु प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिस लिई महालेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकको स्वीकृतिमा सञ्चालन हुनेछ । यी खाता सञ्चालन सम्बन्धित निकायको कानूनअनुसार तोकिएको पदाधिकारीबाट हुनेछ। यस खाता सञ्चालनको लागि दस्तखत नमूना कार्ड प्रमाणित जिल्लास्थित प्रदेश लेखा ईकाइ कार्यालयबाट गर्नु पर्दछ । यस्ता निकायहरुले खाताहरुमा भएको कारोबारको त्रैमासिक प्रतिवेदन जिल्लास्थित प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा ईकाइ कार्यालयमा पेश गर्नु पर्दछ ।

➢ **ख-२.८.१ निकाय कोष खाताः** यो निकायको सञ्चित कोष खाता हो। यस खातामा ख २.८.२ आम्दानी खाताबाट आम्दानी रकम ट्रान्सफर गरिन्छ र खर्चको आवश्यकता पर्ने रकम ख २.८.३ खर्च खातामा यस खाताबाट ट्रान्सफर गरिन्छ। यो खातामा बाहिरबाट सिधै रकम जम्मा गर्न वा सिधै खर्च गर्न हुँदैन र यस खाताका लागि चेक जारी गर्नु पर्दैन । एउटा एक्स्ट्रा बजेटरी निकायको एकमात्र निकाय कोष खाता रहनेछ।

➢ **ख -२.८.२ आम्दानी खाताः** निकायका सम्पूर्ण आम्दानी (आन्तरिक आम्दानी, वैदेशिक सहायता र अनुदान समेत) जम्मा गर्ने प्रयोजनको लागि सम्बन्धित निकायको नाममा एक आम्दानी खाता (Non operating ) रहनेछ। यस खातामा रकम जम्मा मात्र गर्न मिल्छ । यस खाताका लागि चेक जारी गर्नु पर्दैन । सम्बन्धित निकायले तोकेको समयमा यस खाताबाट ख २.८.१ निकाय कोष खातामा रकम ट्रान्सफर गर्ने बाहेक अन्य खर्च गर्न मिल्दैन। आर्थिक वर्षको अन्त्यमा रहेको मौज्दात ख २.८.१ निकायकोष खातामा ट्रान्सफर गरी यो खातालाई शुन्य बनाउनु पर्नेछ।

➢ **ख-२.८.३ खर्च खाताः** निकायले गर्ने खर्च भुक्तानी प्रयोजनको लागि सम्बन्धित निकायको नाममा यस समूहको खाता रहनेछ। यस खातामा ख २.८.१ निकाय कोष खाताबाट रकम ट्रान्सफर गरी खर्च लेखाङ्कन गरिन्छ भने आर्थिक वर्षको अन्त्यमा यस खातामा खर्च गर्न बाँकी मौज्दात ख २.८. १ निकाय कोष खातामा ट्रान्सफर गरी मौज्दात शुन्य बनाउनुपर्दछ।

➢ **ख-२.८.४ धरौटी खाताः** निकायका विभिन्न प्रयोजनका लागि लिएको धरौटी रकम जम्मा गर्ने र फिर्ता गर्ने प्रयोजनको लागि सम्बन्धित निकायको नाममा छुट्टै धरौटी खाताको आवश्यकता परेमा यस समूहको खाता खोल्न सकिनेछ।

➢ **ख-२.८.५ अन्य कोष खाताः** निकायमा विशेष प्रयोजनको लागि कर्मचारी कल्याणकारी कोष, अवकाश कोष, बीमा कोष जस्ता छुट्टै कोष सञ्चालन रहेमा सम्बन्धित निकायको नाममा यस समूहको खाता खोल्न सकिनेछ ।

➢ <u>ख- ३ प्रदेश आकस्मिक कोष</u>

➢ ख - ३.१ प्रदेश आकस्मिक कोष खाता

प्रदेश सरकारले आकस्मिक कार्यका लागि खर्च गर्न कानुन बमोजिम व्यवस्था गरेको कोषलाई प्रदेश आकस्मिक कोष खाता भनिन्छ। यस खातामा प्रदेश लेखा नियन्त्रक कार्यालयको आदेशानुसार रकम जम्मा / खर्च गर्नु पर्दछ। यो खाताको वार्षिक हिसाब बन्द गर्नु पर्दैन। यो खाता "नेपाल राष्ट्र बैंकको प्रदेश स्थित कार्यालयमा मात्र खोलिन्छ ।

➢ ख-३.२ प्रदेश प्रकोप व्यवस्थापन कोष खाता

"यो कोषको सञ्चालन नेपाल राष्ट्र बैंकमा रहेको ख-३.२ प्रदेश प्रकोप व्यवस्थापन कोष खाता मार्फत गरिनेछ। यो खाताको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ। यस समूह अन्तर्गत रकम सङ्कलन गर्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालय तथा नेपाल राष्ट्र बैंकको स्वीकृतिमा सरकारी कारोबार गर्न अनुमतिप्राप्त वाणिज्य बैंकमा समेत रकम जम्मा मात्र गर्न मिल्ने (Non-operative) प्रकृतिको खाता खोल्न सकिनेछ। वाणिज्य बैंकहरूमा खोलिएका यस्ता खातामा रहेको मौज्दात रकम नेपाल राष्ट्र बैंकको "प्रदेश स्थित कार्यालयमा रहेको ख ३.२ प्रदेश प्रकोप व्यवस्थापन कोष खातामा मात्र ट्रान्सफर गर्न सकिनेछ । "नेपाल राष्ट्र बैंकको प्रदेश स्थित कार्यालयमा रहेको यस कोष खाताको सञ्चालन मुख्यमन्त्रीको कार्यालयले तोकेका २ जना पदाधिकारी को संयुक्त दस्तखतबाट हुनेछ।

- यस निर्देशिका अनुसारको सरकारी निकायको खाता बाहेक चल्ती लगायतका अन्य खाता खोल्न पाइने छैन। नेपाल राष्ट्र बैंकको स्वीकृति नलिईकन कुनै पनि खाता खोल्न पाइने छैन। यस्तो स्वीकृति लिँदा नेपाल राष्ट्र बैंकले महालेखा नियन्त्रक कार्यालयको सहमति अनिवार्य लिनुपर्नेछ। (परिच्छेद १०.१, पेज नं.७७)

## १२. एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्या, २०७४ (दोस्रो परिमार्जन)

- तीनै तहका सरकारी निकायले प्रयोग गर्ने कार्यालय वा निकाय संकेत, आम्दानी तथा खर्च संकेत, दातृ निकाय तथा भुक्तानी विधि, सरकारी सम्पत्ति तथा जिन्सी सामग्री लगायतको संकेतको वर्गीकरण र व्याख्या गरिएको छ।
- राजस्व संकेत १३४११ अन्य संस्थागत आन्तरिक अनुदान प्राप्ति, १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान प्राप्ति, १४२१९ अन्य सेवा शुल्क तथा बिक्री लगायतको शीर्षकको व्यवस्था रहेको हुँदा अन्य सरकारी कोषमा प्राप्त हुने सेवा शुल्क, अनुदान तथा अन्य आयलाई आम्दानी जनाउने राजस्व तथा अनुदान संकेतको व्यवस्था रहेको छ।
- खर्च संकेत २६४१० मा सरकारी निकायलाई चालु अनुदान र २६४२० मा पूँजीगत अनुदानको लागि शीर्षकको व्यवस्था रहेको छ।
- खर्च संकेत नं. २६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवम् बोर्डहरुलाई निःशर्त चालु अनुदान र २६४१२ सशर्त चालु अनुदानः- यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने निःशर्त अनुदान वा तोकिएका कार्यक्रमहरु सञ्चालन गर्न दिइने सःशर्त अनुदान समावेश गरिन्छ।
- खर्च संकेत नं.२६४२१ सरकारी निकाय, समिति, बोर्ड- पूँजीगत निःशर्त अनुदान र २६४२२ सःशर्त पूँजीगत अनुदान।

## १३. नेपालको सरकारी लेखा फारम, २०७६ (पहिलो संशोधन, २०७९ समेत)

- तीनै तहका सरकारी निकायको लागि लागू हुने गरी महालेखापरीक्षकबाट स्वीकृत भएका नयाँ सरकारी लेखा फारम (म.ले.प.फारमहरु) आ.व.२०७६/७७ देखि लागू भएको छ।
- राजस्व लेखासम्बन्धी फारम, खर्च लेखाङ्कन तथा प्रतिवेदन, बजेट कार्यान्वयन, जिन्सी तथा सम्पत्ति व्यवस्थापन, सार्वजनिक निर्माण सम्बन्धी लेखा, धरौटी, ऋण तथा लगानी, लेखापरीक्षण तथा बेरुजु व्यवस्थापन र आन्तरिक नियन्त्रणसम्बन्धी फारमहरु गरी ९ विषयक्षेत्रका १८४ वटा फारमहरुको व्यवस्था रहेको छ।
- सरकारी कोषको वित्तीय विवरणसँग सम्बन्धित केही फारमहरु देहाय अनुसार रहेका छन्-
  - कोषको प्राप्ति र भुक्तानीको मासिक/वार्षिक विवरण (म.ले.प फारम नं.२१५ र २१५क.),
  - स्वायत्त/सार्वजनिक निकाय (गैरबजेटरी) को केन्द्रीय हिसाब विवरण (म.ले.प फारम नं.२१५ख.),
  - सानो नगदी कोषको विवरण (म.ले.प फारम नं.२१९),
  - वित्तीय विवरण/एकीकृत वित्तीय विवरण (Revised NPSAS Based) (म.ले.प फारम नं.२७०) आदि।
- वित्तीय विवरण/एकीकृत वित्तीय विवरण (म.ले.प फारम नं.२७०) अन्तर्गत प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (२७०-१), गैरबजेट निकायको वार्षिक प्रतिवेदन (२७०-३), सेवा तथा कार्यक्रमगत खर्चको एकीकृत विवरण (२७०-७) मा गैरबजेट निकायको समेत वित्तीय विवरण समावेश गरिने व्यवस्था रहेको छ।
- सेवा तथा कार्यक्रमगत खर्चको एकीकृत विवरण (२७०-७) मा बजेट निकाय, गैरबजेट निकाय र दोहोरो गणना रकम समेत समावेश गरिने फारममा व्यवस्था रहेको छ।
- वित्तीय विवरण/एकीकृत वित्तीय विवरण (म.ले.प फारम नं.२७०) अन्तर्गत प्राप्ति र भुक्तानीको विवरणमा एकीकृत आर्थिक संकेत वर्गीकरण र ब्याख्या, २०७४ अनुसारका शीर्षक अनुसार आय-व्ययको विवरण प्रविष्ट गर्नुपर्ने हुन्छ।

**१४. लेखा निर्देशिका, २०७३**

- लेखाको वर्गीकरण, खाता सञ्चालन, खर्च तथा निकासा प्रक्रिया, आम्दानी दाखिला लगायतको विषय समावेश रहेको छ।

**१५. एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिका, २०७३**

- विविध खाता तथा अन्य खाताको रकम निकासा सम्बन्धी कार्यविधि, सम्बन्धित निकायको भुमिका र कार्यजिम्मेवारी लगायतको विषय समावेश रहेको छ।

**१६. कोशी प्रदेश आन्तरिक लेखापरीक्षण कार्यविधि, २०८०**

- सञ्चित कोष तथा अन्य सरकारी कोषको आयव्ययको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिन यो कार्यविधि तर्जुमा भएको छ।

**१७. बेरुजु न्यूनीकरण तथा फर्स्यौट सम्बन्धी कार्यविधि, २०८०**

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ मा भएको व्यवस्था अनुसार बेरुजु फर्स्यौटको प्रक्रिया, फारम तथा ढाँचा समेत यस कार्यविधिमा समावेश गरिएको छ।

**१८. वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८**

- सबै सरकारी निकायको वित्तीय सुशासन जोखिम मूल्याङ्कनका लागि सूचक निर्धारण गरिएको छ। सो अनुसार स्वःमूल्याङ्कन गरी नतिजा तालुक निकायमा पठाउने एवम् प्रकाशन गर्ने र सुधारको कार्ययोजना तयार गर्ने समेतको विषय यस कार्यविधिमा समावेश गरिएको छ।

**१९. आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७६**

- सबै सरकारी निकायले आ-आफ्नो कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली बनाई लागू गर्नका लागि खाका वा ढाँचाको रुपमा यो दिग्दर्शन तर्जुमा भएको छ।

**२०. कोशी प्रदेशको दोस्रो आवधिक योजना (आ.व.२०८१/८२-२०८५/८६)**

- वित्तीय उत्तरदायित्व सहित सार्वजनिक खर्च प्रणालीसँग सम्बन्धित नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।
- प्रदेशको वित्तीय तथ्याङ्क, बजेटिङ्ग, लेखाङ्कन र खर्च व्यवस्थापन प्रणालीलाई राष्ट्रिय मापदण्ड अनुसारको बनाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ।
- सार्वजनिक भुक्तानीलाई पूर्ण रुपमा विद्युतीय प्रणालीमा आवद्ध बनाइनेछ।
- मन्त्रालयगत बजेट सूचना प्रणाली र राजस्व भुक्तानी प्रणालीलाई थप सुदृढ बनाइनेछ। सार्वजनिक खर्च र राजस्वलाई विद्युतीय माध्यमबाट अनुगमन गर्ने प्रणाली स्थापना गरिनेछ।
- चालु खर्च व्यवस्थापन सम्बन्धी मापदण्डलाई समयसापेक्ष बनाउनुका साथै गैर बजेटरी खर्चलाई नियन्त्रण गरिनेछ।
- सेवा शुल्क, कर रोयल्टी संकलन र बजेट विनियोजन गर्दा स्थानीय तहसँग समन्वय गरिनेछ।
- आर्थिक कारोबारको व्यवस्थित रुपमा लेखाङ्कन र प्रतिवेदन तयार गरिनेछ।
- सार्वजनिक निकायको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरिनेछ।
- बेरुजु हुन नदिने र भएको बेरुजु फर्स्यौट कार्यलाई प्रभावकारी बनाइनेछ आदि।

# परिच्छेद- तीन प्रदेशका अन्य सरकारी कोष सम्बन्धी व्यवस्था

प्रदेश संरचना स्थापना हुनु अघि देखिनै सञ्चालनमा रहेका वा प्रदेशमा हस्तान्तरण भएका निकायका सरकारी कोषहरु र प्रदेश सरकार स्थापना भएपछि प्रदेश कानूनमा व्यवस्था गरिएका समेत हालसम्म जम्मा ४४ प्रकारका कोष १०७ वटा निकायबाट सञ्चालन हुने कोषको व्यवस्था रहेको अध्ययनबाट देखिएको छ। जसमध्ये १८ वटा कोषहरु स्थापना भएको पाइयो र तीमध्ये ३ वटा कोषहरु खारेज भई हाल १५ प्रकारका कोषहरु ६० वटा निकायमा सञ्चालनमा रहेका छन्। सञ्चालनमा रहेका कोषहरुमध्ये केही कोषहरु कारोबार नभएका वा निष्कृय रहेको पाइयो। कोष सञ्चालन गर्ने निकायको सम्पर्क मन्त्रालय वा कार्यक्षेत्र रहेको सम्बन्धित/तालुक मन्त्रालय अनुसार प्रदेशमा रहेका सरकारी कोषहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः प्रदेशका अन्य सरकारी कोषको विवरण

| क्र.सं. | सम्पर्क मन्त्रालय वा अन्तर्गत | कानूनमा व्यवस्था भएका कोष | | स्थापना भएका कोषको | |
|---|---|---|---|---|---|
| | | प्रकार/संख्या | निकाय संख्या | प्रकार | निकाय संख्या |
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७ | ५ | ३ | ३ |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६ | ० | २ | १ |
| ३. | स्वास्थ्य मन्त्रालय | ५ | ४५ | २ | ४४ |
| ४. | सामाजिक विकास मन्त्रालय | १२ | २१ | ६ | ६ |
| ५. | पर्यटन वन तथा वातावरण मन्त्रालय | ६ | १० | १ | ५ |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३ | ३ | ० | ० |
| ७. | उद्योग कृषि तथा सहकारी मन्त्रालय | २ | २ | १ | १ |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २ | ७ | ० | ० |
| ९. | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | १ | १४ | ० | ० |
| **जम्मा** | | ४४ | १०७ | १५ | ६० |

तालिकाः प्रदेश कानून अनुसार स्थापना भई स्थानीय तहमा रहने सरकारी कोषको विवरण

| क्र.सं. | सम्बन्धित मन्त्रालय/कोषको नाम | कानूनमा व्यवस्था भएका कोष | | स्थापना भएका कोषको | |
|---|---|---|---|---|---|
| | | प्रकार/संख्या | निकाय संख्या | प्रकार | निकाय संख्या |
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय (मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको कोष र सगरमाथा टिन्स क्लबको विद्यालयमा रहने बीउकोष) | २ | विवरण यकीन नभएको | | |
| २. | सामाजिक विकास मन्त्रालय (घरेलु हिंसा पीडितको **संरक्षण कोष**) | १ | १३७ वटा स्थानीय तह | १ | १३७ |

*स्रोतः प्रदेश राजपत्रको अध्ययन र मन्त्रालयहरुबाट प्राप्त विवरण अनुसार कार्यदलबाट तयार गरिएको।*

कोष सञ्चालन सम्बन्धी थप विवरण अनुसूचीमा समावेश गरिएको छ। कानूनमा व्यवस्था भएको विस्तृत विवरण तल उल्लेख गरिएको छ।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## (क) प्रदेश लगानी प्राधिकरणको कोष

- सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा १६ मा प्राधिकरणको कोषको व्यवस्था रहेको।
- प्रदेश सरकारले कोषको लागि विनियोजन गरेको रकम, संघ सरकारले प्रदान गर्ने अनुदान, प्राधिकरणले सेवा दिएवापत प्राप्त रकम, सेवा शुल्क दस्तुर लगायत कोषमा जम्मा हुने रकम उल्लेख रहेको।
- कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको।
- सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम ४५ देखि ५१ सम्म कोष सञ्चालन कार्यविधि उल्लेख रहेको छ।
- कोषबाट खर्च गरिने क्षेत्र नियम ४५ को उपनियम (२) मा उल्लेख।
- कोषको सञ्चालन लगानी प्राधिकरणको नाममा हुने, प्रमुख कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुखको हैसियतमा कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुने।
- कोषको आम्दानी तथा खर्चको अभिलेख संघीय सरकार तथा प्रदेश सरकारले तोकेको प्रचलित कानून बमोजिमको ढाँचा बमोजिम हुने।
- “क” वर्गको वाणिज्य बैंकमा कोषको खाता खोल्ने।
- कोषको मासिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको। कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था लगानी प्राधिकरणको निर्णय बमोजिम हुने।
- लगानी प्राधिकरण खारेज भएमा उक्त कोष स्वतः खारेज हुने र त्यस्तो कोषमा रहेको रकम स्वतः प्रदेश सञ्चित कोषमा स्थानान्तरण हुने उल्लेख रहेको छ।
- आ.व.२०७९/८० मा प्राधिकरणको सेवा शुल्क वापतको आय रु.४ लाख संकलन भएको छ भने प्रदेश सरकारबाट रु.१ करोड ५० लाख निकासा भएको छ। आ.व.२०८०/८१ मा सेवा शुल्कबाट रु.११ लाख ४० हजार आम्दानी भएकोमा प्रदेश सरकारको अनुदान रु.६५ लाख अनुदान निकासा भएको छ।
- आ.व.२०८०/८१ सम्म प्राधिकरणको खातामा प्रदेश सरकार स्रोतबाट प्राप्त अनुदानको खर्च भई बाँकी वा बचत रहेको रु.१,८६,७२,००८।४० रकम समेत गरी रु.२,०२,९९,३३८।४० रकम कोषको खातामा मौज्दात रहेको छ। अनुदानको बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता भएको विवरणमा देखिएन। प्रदेश लगानी प्राधिकरणको लागि चालु आ.व.२०८१/८२ मा प्रदेश सरकार स्रोतबाट रु.५५ लाख अनुदानमा विनियोजन रहेको छ।

## (ख) प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कोष

- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ को दफा २० मा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोषको व्यवस्था रहेको छ।
- परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम र अन्य स्रोतको रकम कोषमा जम्मा गरिने।
- कोषको आर्थिक कारोबार प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको अधीनमा रहने गरी प्रमुख कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने।
- प्रतिष्ठानको आम्दानी र खर्चको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिने।
- आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने। लेखापरीक्षण सम्बन्धी अन्य कुरा प्रचलित कानून बमोजिम हुने।
- प्रतिष्ठानको कार्यकारी निर्देशक पाँचवर्षको लागि प्रदेश सरकारले नियुक्त गर्ने। प्रमुखसचिवले कार्यकारी निर्देशककोकार्यसम्पादन करार र कार्यसम्पादन मूल्याङ्कन गर्ने।
- प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा परिषद् रहेको। परिषद्ले प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने एवम् सञ्चालित कार्यक्रमको वार्षिक प्रगति समीक्षा तथा मूल्याङ्कन गर्ने गराउने।
- कार्यकारी समितिले प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने, प्रतिष्ठानको कोष तथा चलअचल सम्पत्तिको रेखदेख र संरक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदन परिषद्मा पेश गर्ने र सो सम्बन्धमा परिषद्बाट भएको निर्देशन कार्यान्वयन गर्ने।
- तालिममा हुने खर्च रकमको मापदण्ड आर्थिक विषय हेर्ने मन्त्रालयको सहमति लिई परिषद्बाट स्वीकृत गराई लागू गर्नुपर्ने। परिषद्ले विनियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउँदा बनाउँदा आर्थिक विषय हेर्ने मन्त्रालयको पूर्व सहमति लिनु पर्ने उल्लेख रहेको छ।
- मिति २०८१/०४/२३ देखि कोष सञ्चालनमा रहेको छ। प्रदेशको बजेट अख्तियारीबाट प्रतिष्ठानको खर्च भएको छ। कोष सञ्चालनको आर्थिक विनियमावली तर्जुमा भएको छ। होस्टल सञ्चालनको कार्यविधि तर्जुमा भएको छ।
- चालु आ.व.२०८१/८२ का लागि प्रदेश सरकारको (रु.३ करोड ३२ लाख) र संघ सशर्त अनुदान (PLGSP कार्यक्रमको वैदेशिक स्रोत) समेतबाट गरी जम्मा रु.१० करोड ६८ लाख ७१ हजार रकम PLMBIS को अख्तियारी मार्फत विनियोजन रहेको छ।

## (ग) कोरोना जनसुरक्षा कोष

- विपद् व्यवस्थापन ऐन, २०७५ अनुसार बनेको कोरोना जनसुरक्षा कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार यो कोष स्थापना भएको छ।
- कोष सञ्चालक समितिको निर्णय अनुसार तोकिएको कार्यमा निकासा तथा खर्च गरिने।
- कोषमा प्राप्त हुने रकम राष्ट्रि वाणिज्य बैंक शाखा कार्यालय, विराटनगरमा विविध समूहको एक खाता खोली सो खातामा जम्मा गरिनेछ।
- कोषको खाता समितिको सदस्य सचिव र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने।
- यो कोष समितिको सिफारिसमा प्रदेश सरकार (म.प.)ले निर्णय गरेको मितिदेखि खारेज हुने। कोष निष्कृय भएपछि यसको दायित्व तथा सम्पत्ति **मुख्यमन्त्री राहत कोषमा सर्नेछ।**

## घ) मुख्यमन्त्री राहत कोष

- कोरोना जनसुरक्षा कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार यो कोष रहने व्यवस्था भएपनि कोष सञ्चालन भएको छैन।

## (ङ) कर्मचारी कल्याण कोष

- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२५ मा यो कोषको व्यवस्था रहेको छ।
- प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि कोष स्थापना गर्न सकिने।
- प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम १४६ मा कर्मचारी कल्याणकारी कोषको सञ्चालन र व्यवस्थापन प्रदेश सरकारले बनाएको निर्देशिका बमोजिम हुने व्यवस्था रहेको छ।

## (च) निवृत्तभरण कोष

- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ६९ मा योगदानमूलक निवृत्तभरण सम्बन्धी व्यवस्था रहेको छ। ऐन बमोजिम दिइने निवृत्तभरण र सोसँग सम्बन्धित अन्य सुविधा प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाट व्यहोरिने उल्लेख रहेको छ।
- प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ९४ मा प्रदेश सरकारले एक निवृत्तभरण कोष स्थापना गर्ने प्रावधान रहेको छ।
- निवृत्तभरण कोषको सञ्चालन, व्यवस्थापन र सो सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले कानून बनाई लागू गर्नेछ भनी उल्लेख रहेको छ।

### (छ) नवप्रवर्द्धन साझेदारी कोष (कार्यक्रम)

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको नवप्रवर्द्धन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ अनुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) मार्फत यो कार्यक्रम सञ्चालनमा रहेको छ।
- वैदेशिक अनुदान समेत समावेश रहेको यस कार्यक्रममा प्रदेश र स्थानीय तहको सहलगानीमा नवीनतम परियोजनाहरु सञ्चालन भईरहेको छ। यसमा संघ सशर्त अनुदानको रुपमा प्रदेशलाई प्राप्त रकममध्ये परियोजना प्रस्ताव स्वीकृत भएका स्थानीय तहको सञ्चित कोषमा सशर्त अनुदान मार्फत वित्त हस्तान्तरण हुने र स्थानीय तहले साझेदारी व्यहोर्ने रकम समेत समावेश गरी वार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन हुन्छ।
- यस कार्यक्रमको लागि छुट्टै कोष वा खाता खोल्ने व्यवस्था कार्यविधिमा देखिएन।

## २. स्वास्थ्य मन्त्रालय

### (क) अस्पताल व्यवस्थापन समितिको कोष

- प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा ३१ मा सरकारी अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न एक अस्पताल व्यवस्थापन समितिको गठन हुने प्रावधान रहेको छ।
- अस्पताल व्यवस्थापन समितिको नाममा छुट्टा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा अस्पतालले प्रदान गरेको सेवावापत प्राप्त हुने रकम र अन्य स्रोतको रकम रहनेछ।
- दफा २ को खण्ड (झ) अनुसार **"सरकारी अस्पताल"** भन्नाले प्रदेश सरकार मातहतका **अस्पताल, आयुर्वेद चिकित्सालय र आयुर्वेद स्वास्थ्य केन्द्र** सम्झनुपर्छ।
- समितिको नाममा छुट्टा छुट्टै कोष हुनेछ र उक्त कोषमा विभिन्न स्रोतबाट प्राप्त हुने रकम र अस्पतालले प्रदान गरेको सेवावापत प्राप्त हुने रकम जम्मा हुने व्यवस्था छ।
- समितिको कोषको सञ्चालन अस्पतालका मेडिकल सुपरीटेण्डेन्ट र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ। कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने प्रावधान रहेको छ।
- साविकको गठन आदेश अनुसार कतिपय अस्पतालका कोषहरु सञ्चालनमा रहेको।

### (ख) महिला स्वास्थ्य स्वयंसेविका कोष

- प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा १८ को उपदफा (२) मा प्रदेश सरकारले महिला स्वास्थ्य स्वयंसेविकाको हकहीतका लागि महिला स्वास्थ्य स्वयंसेविका कोष स्थापना गर्न सक्नेछ भन्ने प्रावधान रहेको छ।
- साविकमा सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भएको **प्रदेश महिला स्वास्थ्य स्वयंसेविका कोष (सञ्चालन) मार्गदर्शन,** २०७६ अनुसार कोष स्थापना तथा सञ्चालन भएको छ।

- आ.व.२०७५/७६ को वार्षिक कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमका लागि विनियोजित रु.५ करोड रकम उपयोग गरी विगतमा नेपाल सरकारबाट जारी भएको महिला स्वास्थ्य स्वयंसेविका कोषलाई समेत पुनर्व्यवस्थापन गर्ने उद्देश्यले मन्त्रालयबाट मार्गदर्शन जारी भएको भनी उल्लेख गरिएको छ।
- कोषमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम, कोषको परिचालनबाट आर्थिक ब्याज रकम र अन्य रकम जम्मा गरिने।
- कोष व्यवस्थापन समितिको व्यवस्था रहेको छ। सदस्य सचिव (स्वास्थ्य कार्यालय प्रमुख) र समितिले तोकेको समितिको सदस्य मध्येबाट एकजना महिला स्वास्थ्य स्वयंसेविकाको संयुक्त हस्ताक्षरबाट कोषको खाता सञ्चालन हुने।
- कोषको रकम "क" वर्गको बैंकको स्थानीय शाखाको **मुद्दती खातामा जम्मा गर्नुपर्ने।** यसरी बैकमा जम्मा गरेपछि प्राप्त हुने ब्याज रकमबाट जिल्लामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकालाई निजले **अवकास लिएको खण्डमा** एकमुष्ट नगद रुपैयाँ **बीस हजार** प्रदान गरिने।
- कोषको सचिवालय सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालयमा रहने। कोषको लेखा दुरुस्त राख्ने जिम्मेवारी सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालयको हुने।
- **कोषको लेखापरीक्षण** भनी दफा शीर्षकमा लेखिएको भएतापनि लेखा राख्ने व्यवस्था मात्र उल्लेख गरिएको छ।
- यो मार्गदर्शन जारी हुनु अघि महिला स्वास्थ्य स्वयंसेविका अक्षय कोष वा अन्य कुनै नामबाट स्वयंसेविकाको हक हितको लागि सम्बन्धित जिल्लास्तरमा स्थापना भएका कोषहरु यसै कोष अन्तर्गत सञ्चालन र व्यवस्थापन गरिने प्रावधान रहेको छ।
- कोष सञ्चालक समितिको निर्णय अनुसार **"सुनसरी जिल्लाका म.स्वा.से.हरुलाई प्रदान गरिने सुत्केरी भत्ता, पुरस्कार तथा अवकास कोष सम्बन्धी कार्यविधि, २०७६"** तर्जुमा गरी प्रदेश सरकारबाट विगतमा प्राप्त बजेट र उक्त कोषको रकमबाट स्वयं सेविकालाई २ पटकसम्म सत्केरी भत्ता रु.५हजार, प्रत्येक स्थानीय तहबाट १/१ जनाको दरले वर्षमा १ पटक नगद रु.१० हजार पुरस्कार र अवकास हुँदा रु.२० हजार रकम दिइने उल्लेख रहेको छ।
- नेपाल सरकारको मापदण्ड अनुसार स्वयंसेविकालाई सशर्त अनुदानमा प्रदेशको बजेट मार्फत रकम उपलब्ध हुने भएकोले यो कोषको रकम सबै जिल्लामा खर्च नभएको अवस्था छ।
- संघ सशर्त अनुदानको राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (स-सम्मान विदाई) मा आ.व.२०८०/८१ मा सबै जिल्ला स्वास्थ्य कार्यालयको गरी जम्मा रु.१ करोड ५० लाख ११ हजार खर्च भएको छ।
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम ( स-सम्मान विदाई, आधारभूत तथा पुनर्ताजगी तालिम तथा स्वयंसेविकाको लागि सामग्री समेत) मा सबै स्वास्थ्य कार्यालयहरुमा चालु आ.व.२०८१/८२ मा रु.२ करोड २९ लाख बजेट विनियोजन भएको देखिन्छ।

- महिला स्वास्थ्य स्वयं सेविका कोषमा रहेको रकम र खर्चको विवरण माग गर्दा स्वास्थ्य कार्यालय संखुवासभा बाहेक अरु कार्यालयहरुबाट विवरण प्राप्त भएन। स्वास्थ्य कार्यालय सुनसरीबाट कार्यविधि र झापाबाट आंशिक विवरण (बैंकलाई लेखेको पत्र) प्राप्त भएको छ।
- स्वास्थ्य कार्यालय संखुवासभाबाट प्राप्त विवरण अनुसार अक्षय कोषमा रु.२४,८७,०३१।८५ आम्दानी रहेकोमा रु.१,१५,४००/- खर्च भई रु.२३,७१,६३१।८५ मौज्दात रहेको देखिन्छ।
- कोषको रकम केमा खर्च गर्ने, कसरी खर्च गर्ने भन्ने स्पष्ट नीति नहुनु, संघ सशर्त अनुदानमा पनि बजेट निकासा आएको हुँदा कोषको रकम खर्च गर्न अन्यौलता हुनु, कोष सञ्चालन गर्ने पदाधिकारीहरु दूरीको हिसाबले टाढा हुनु समस्याको रुपमा रहेको छ। कोष सञ्चालन गर्ने निर्देशिका तथा कार्यविधि स्पष्ट बनाइनु पर्ने सुझाव प्राप्त भएको छ।

## (ग) आकष्मिक स्वास्थ्य उपचार कोष

- प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा १८ को उपदफा (१) मा कोष स्थापना गर्न सकिने उल्लेख रहेको।
- प्रदेश सरकारले गरीब तथा असहाय, घर ठेगाना पत्ता नलागेको व्यक्ति, जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्व पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई उपचार गर्दा लागेको खर्च व्यहोर्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई उपचारको व्यवस्था गर्न एक आकस्मिक स्वास्थ्य उपचार कोष स्थापना गर्न सक्नेछ।
- हाल कोष स्थापना तथा सञ्चालन भएको छैन। कडा रोगको उपचार तथा विपन्न नागरिकलाई उपचार खर्च सहायताका लागि स्वास्थ्य मन्त्रालयमा बजेट विनियोजनबाट खर्च गरिने, संघीय निकाय र स्थानीय तह एवम् अस्पताल विकास समितिबाट पनि यस्तो सहायता वा उपचार सेवामा छुट प्राप्त हुने र स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाका कार्यक्रममा पनि उपचार खर्च समावेश रहेको देखिन्छ।

## (घ) आपतकालीन स्वास्थ्य व्यवस्थापन कोष

- प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा १८ को उपदफा (४) मा प्रदेश सरकारले आपतकालीन स्वास्थ्य व्यवस्थापन कोष स्थापना गर्न सक्ने व्यवस्था रहेको छ।
- हाल कोष स्थापना तथा सञ्चालन भएको छैन। नेपालको संविधानको धारा २१२ अनुसार प्रदेश आकष्मिक कोषको व्यवस्था रहेको हुँदा आपतकालीन अवस्थामा स्वास्थ्य व्यवस्थापनका लागि आकष्मिक कोषबाट पनि खर्च व्यवस्था गर्न सकिने देखिन्छ।

## (ङ) खोप कोष

- प्रदेश जनस्वास्थ्य ऐन, २०७७ को दफा १८ को उपदफा (३) मा प्रदेश सरकारले खोप सेवालाई नियमित र प्रभावकारी बनाउन खोप कोषको व्यवस्था गर्न सक्ने उल्लेख रहेको छ।
- हाल कोष स्थापना तथा सञ्चालन भएको छैन। खोप कार्यक्रमका लागि वार्षिक बजेट विनियोजन मार्फत खर्च भईरहेको छ।

### ३. सामाजिक विकास मन्त्रालय

## (क) मनमोहन प्राविधिक विश्वविद्यालयको कोष

- मनमोहन प्रावधिक विश्वविद्यालय ऐन, २०७६ को दफा ३८ मा कोषको व्यवस्था र दफा ३९ मा लेखा र लेखापरीक्षणको प्रावधान रहेको छ।
- प्रदेश सरकारबाट अनुदान स्वरुप प्राप्त हुने चालु खर्चको कम्तीमा पैसठ्ठी प्रतिशत रकम र पूँजीगत तर्फको सम्पूर्ण रकम कोषमा जम्मा हुने।
- कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गरिने।
- आयव्ययको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राख्नु पर्ने।
- आन्तरिक लेखापरीक्षण कार्यकारी परिषद्ले नियुक्त गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट हुने। अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने।
- विश्वविद्यालयको कोष सञ्चालन तथा बजेट तर्जुमाका लागि विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ।
- आ.व.२०८०/८१ मा प्रदेश सरकारबाट विश्वविद्यालयलाई प्राप्त अनुदान मध्ये खर्च नभएको बचत रु.२६,२९,७७७।९६ रकम प्रदेश सञ्चित कोषमा फिर्ता गरिएको विवरण प्राप्त भएको छ।
- चालु आ.व.२०८१/८२ का लागि कोशी प्रदेश सरकारबाट मनमोहन प्रावधिक विश्वविद्यालयलाई चालु अनुदान रु.९ करोड १७ लाख ५० हजार र पूँजीगत अनुदान रु.८ करोड समेत जम्मा रु.१७ करोड १७ लाख ५० हजार अनुदानको लागि विनियोजन भएको छ।

## (ख) प्रदेश खेलकुद बोर्ड र जिल्ला खेलकुद विकास समितिको कोष

- प्रदेश खेलकुद ऐन, २०७६ को दफा १४ अनुसार प्रदेश खेलकुद बोर्ड र जिल्ला खेलकुद विकास समितिको आफ्नो एउटा छुट्टै कोष हुने व्यवस्था रहेको छ।
- खेलकुद पूर्वाधार उपयोग शुल्क, खेलकुद प्रशिक्षण शुल्क, प्रदर्शनबाट आर्जन भएको रकम, खेल संस्था दर्ता वा नविकरण शुल्क, चल अचल सम्पत्तिको प्रयोगबाट आर्जन हुने रकम, अनुदान, चन्दा सहायता लगायतको रकम कोषमा जम्मा गरिने।
- बोर्ड र समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोर्नु पर्नेछ।
- कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा मान्यता प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ। खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।

- दफा ८ र २१- बोर्ड र समितिको बजेट खेलकुद विकास बोर्डले पारित गर्ने।
- दफा ११- बोर्डको अध्यक्ष (खेलकुद क्षेत्रहेर्ने मन्त्री) को सिफारिसमा प्रदेश सरकारले बढीमा चार वर्षको लागि सदस्य सचिवको नियुक्त गर्ने।
- दफा १२- सदस्य सचिवले बोर्डको अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी बोर्ड समक्ष पेश गर्ने। बोर्डको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने गराउने।
- जिल्ला खेलकुद विकास समितिको प्रशासन र व्यवस्थापन समेतको कार्य गर्न बोर्डबाट तोकिएको कार्यालय प्रमुख प्रशासकीय अधिकृतको रुपमा रहने।
- दफा १२- प्रशासकीय अधिकृतले बोर्डको अनुमानित वार्षिक आय व्यय (बजेट) र कार्यक्रम तयार गरी समिति मार्फत बोर्ड समक्ष पेश गर्ने। समितिको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने गराउने।
- दफा २५- बोर्ड र समितिको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ। बोर्ड र समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनु पर्नेछ।
- बोर्डले चाहेमा समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी र जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।
- कार्यदलको अध्ययनको लागि विवरण माग गर्दा खेलकुद विकास बोर्डबाट विस्तृत विवरण प्राप्त नभएको छैन। चालु आ.व.२०८१/८२ को लागि प्रदेश खेलकुद विकास बोर्डलाई ७ करोड ७६ लाख २१ हजार बजेटको अख्तियारी PLMBIS बाट दिइएको छ।

## (ग) निजामती आवासीय विद्यालय सञ्चालन कोष

- निजामती आवासीय विद्यालय (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७९ को दफा २१ मा गुठी अन्तर्गतको विद्यालय तथा अन्य शैक्षिक निकायसँग सम्बन्धित कोषको सञ्चालन सम्बन्धित तथा विद्यालय तथा अन्य शैक्षिक निकायका व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने व्यवस्था रहेको छ।
- गुठीको कोष तथा गुठी अन्तर्गतका विद्यालय र अन्य शैक्षिक निकायका कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।
- विद्यालय व्यवस्थापन समितिबाट बजेट स्वीकृत गरी विद्यालयले खर्च गर्ने।

## (घ) पाथीभरा क्षेत्र विकास समितिको कोष

- पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०८१ को दफा १२ मा यो कोषको व्यवस्था रहेको छ। यो गठन आदेश विकास समिति ऐन, २०१३ को दफा ३क.ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारबाट जारी भएको छ।

- दान, भेटी तथा पर्यटक प्रवेश शुल्क वापतको रकम, समितिले उपलब्ध गराएको सेवाबापतको रकम र अन्य स्रोतको रकम कोषमा रहने व्यवस्था।
- समितिको कोषमा रहने रकम समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम "क" वा "ख" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली समितिको नाममा जम्मा गर्नुपर्ने।
- समितिको लेखा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिने। कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुने।
- समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुरुपको ढाँचामा राख्नु पर्ने।
- प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्ने।
- समितिको आन्तरिक लेखापरीक्षण समितिले तोकेको लेखापरीक्षकबाट हुने। अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने।
- मन्त्रालयले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र नगदी वा जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्ने।
- समितिले पाथीभरा क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने।
- प्रदेश सरकारले चारवर्षको लागि कार्यकारी निर्देशक नियुक्त गर्ने। कार्यकारी निर्देशकले समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने, प्रशासनिक तथा आर्थिक काम कारबाहीको नियन्त्रण तथा अनुगमन गर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी रहेको।
- समितिले तयार गरेको दरबन्दी संरचना स्वीकृतिका लागि मन्त्रालयले आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिई प्रदेश सरकारमा पेश गर्ने र प्रदेश सरकारले स्वीकृत गर्ने।
- समितिका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुने।
- यो आदेशको कार्यान्वयन गर्न समितिले आदेशको प्रतिकूल नहुने गरी आवश्यक नियम बनाउन सक्ने। समितिले बनाएको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुने।

## (ङ) वृहत्तर बराहक्षेत्र विकास समितिको कोष

- वहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१ को दफा १२ मा यो कोषको व्यवस्था रहेको छ।
- दान, भेटी तथा पर्यटक प्रवेश शुल्क वापतको रकम, समितिले उपलब्ध गराएको सेवाबापतको रकम र अन्य स्रोतको रकम कोषमा रहने व्यवस्था।
- समितिको कोषमा रहने रकम समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको"क" वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली समितिको नाममा जम्मा गर्नुपर्ने।

- समितिको लेखा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिने। कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुने।
- अन्य व्यवस्था पाथीभरा क्षेत्र विकास समितिको जस्तै रहेको।

## (च) हलेसी महादेवस्थान विकास समितिको कोष

- हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ को दफा १२ मा यो कोषको व्यवस्था रहेको छ।
- दान, भेटी तथा पर्यटक प्रवेश शुल्क वापतको रकम, समितिले उपलब्ध गराएको सेवाबापतको रकम र अन्य स्रोतको रकम कोषमा रहने व्यवस्था।
- समितिको कोषमा रहने रकम समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको“क” वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली समितिको नाममा जम्मा गर्नुपर्ने।
- समितिको लेखा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिने। कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुने।
- अन्य व्यवस्था पाथीभरा क्षेत्र विकास समितिको गठन आदेशको जस्तै रहेको छ।
- समितिको कोष परिचालनमा देहायको समस्या तथा चुनौतीहरु रहेको छः-
    - ✓ गठन आदेशबाट सञ्चालन भएपनि अन्य आवश्यक कानूनहरु निर्माण नहुनु,
    - ✓ पर्याप्त स्रोत व्यवस्था नहुनु र जनशक्तिको कमी,
    - ✓ गुठी संस्थानले छुट्टै गुठी व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गरेकोले आन्तरिक श्रोत सोही समितिले संकलन र खर्च गरेको हुँदा कोषमा ल्याउन नसकिएको।
    - ✓ कोषको स्पष्ट कानूनी व्यवस्था नहुँदा कोषको कार्यक्षेत्रमा स्थानीय तहले हस्तक्षेप गर्ने गरेको,
    - ✓ पर्याप्त मात्रामा मन्दिरको नाममा जग्गा नहुँदा धर्मशाला, शौचालय, पाटी, धार्मिक सभाहल, विश्रामस्थल, जोगी नेगी बस्ने कुटी जस्ता संरचनाको निर्माण गर्न नसकिनु।
- हलेसी मन्दिर क्षेत्रको विकास प्रवर्द्धन गर्न आवश्यक गुरुयोजना, अल्पकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने। पदमार्ग तथा सडक मार्ग व्यवस्थित गर्ने, प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने, पुरातात्विक अनुसन्धान गरी संरक्षण गर्नुपर्ने, समितिको हालको नामको ठाउँमा हलेसी महादेवस्थान क्षेत्र विकास समिति नामाकरण गरिनुपर्ने समेत समितिको तर्फबाट सुझाव रहेको छ।

## (छ) बालकोष

- कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ को दफा १५ मा बालकोषको व्यवस्था रहेको छ।

- बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि प्रदेश सरकारले एक बालकोष स्थापना गर्ने। कोषमा विभिन्न स्रोतको रकम, जरिवाना लगायतको रकम जम्मा हुने उल्लेख।
- कोषको रकम स्थानीय कानून बमोजिम स्थापना हुने बालकोषलाई उपलब्ध गराउन सकिने।
- बालकोषको व्यवस्थापन, सञ्चालन र उपयोगसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने।

## (ज) संरक्षण कोष (घरेलु हिंसा पीडितको संरक्षणका लागि)

- प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ को दफा १० मा कोषको स्थापना र दफा ११ मा कोष सञ्चालन सम्बन्धी व्यवस्था रहेको छ।
- प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्ने। त्यस्तो कोषमा सम्बन्धित स्थानीय तहले रकम प्रदान गर्न सक्ने।
- स्थानीय तहको न्यायिक समितिको संयोजकत्वमा मन्त्रालयले मनोनयन गरेको समाजसेवी वा अधिकारकर्मी एकजना र लेखा प्रमुख सदस्य सचिव रहेको कोष सञ्चालक समिति रहने।
- खर्चको फाँटवारी प्रत्येक महिना मन्त्रालयमा पठाउनु पर्ने।
- सामाजिक विकास मन्त्रालयबाट **संरक्षण कोष (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७७** तर्जुमा भएको छ।
- प्रदेश सरकारबाट तोकिएको सशर्त अनुदान स्वरुप प्रत्येक स्थानीय तहको संरक्षण कोषमा उपलब्ध गराइने। यसरी उपलब्ध गराइएको रकम एक आर्थिक वर्षमा खर्च हुन नसकेमा सो रकम अर्को आर्थिक वर्षमा कोषमा स्वतः सर्नेछ।
- कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ। कोषको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## (झ) सामाजिक विकास परिषद्को कोष

- सामाजिक विकास संस्था ऐन, २०७५ को दफा १५ मा परिषद्को कोषको व्यवस्था रहेको छ।
- परिषद्को सबै रकम परिषद्को नाममा नेपाल राष्ट्र बैंक वा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिने।
- परिषद्को लेखा प्रदेश सरकारले अपनाएको प्रकृया बमोजिम राख्नुपर्ने। आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुने।
- सामाजिक विकास संस्था नियमावली, २०७५ को नियम १४ अनुसार परिषद्को बैंक खाता सञ्चालन सदस्य सचिव र परिषद्को लेखा शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ र परिषद्को गठन नभएसम्म कोषको सञ्चालन मन्त्रालयले तोके बमोजिम हुनेछ।

## (ञ) प्रदेश प्रज्ञा प्रतिष्ठानको कोष

- प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दफा २२ मा प्रतिष्ठानको कोष सम्बन्धी व्यवस्था रहेको छ।
- कोषमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम र अन्य वैधानिक स्रोतबाट प्राप्त रकम जम्मा गरिने।
- कोषको रकम प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिने।
- प्रतिष्ठानको कोष र खाताको सञ्चालन उपकुलपति र परिषद्को सचिवको संयुक्त दस्तखतबाट हुने।
- परिषद्को सचिवको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको कम्तीमा सतौं तहको अधिकृत रहने।
- प्रतिष्ठानको आयव्ययको लेखा प्रदेश सरकारले तोकेको ढाँचा बमोजिम राखिने।
- प्रतिष्ठानको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने।
- उपकुलपतिले कार्यकारी प्रमुखको रुपमा काम गर्ने। प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट तथा प्रतिवेदन तयार गर्ने, गराउने। उपकुलपति चार वर्षको लागि नियुक्ति हुने।
- परिषद्ले वार्षिक कार्यक्रम र बजेट सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने। प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने।
- परिषद्ले लेखापरीक्षण प्रतिवेदन सभा समक्ष पेश गर्ने।
- प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख परिषद्ले गर्ने।

## (ट) सिटिईभिटी तथा प्राविधिक विद्यालयको कोष

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को प्रदेश कार्यालय र शिक्षालयहरुको लागि संघ सशर्त अनुदानको रकम र प्रदेश स्रोतको समेत बजेट विनियोजन हुने गरेको छ। प्रदेश कार्यालय र शिक्षालयहरुको आन्तरिक आम्दानीको ७५ प्रतिशत रकम परिषद्को केन्द्रीय कार्यालयमा जाने गरेको छ भने २५ प्रतिशत रकम शिक्षालयको खातामा नै रहने गर्दछ।
- परिषद्को केन्द्रीय कार्यालयबाट बजेट तथा कार्यक्रम तर्जुमा भई प्रदेश कार्यालय र शिक्षालयहरुलाई बजेट निकासा हुने गरेको जानकारी प्राप्त भएको छ।
- प्रदेश कार्यालय र शिक्षालयहरुको आफ्नो आन्तरिक आयको छुट्टै खाता रहेको छ। सो खाताको आन्तरिक लेखापरीक्षण परिषद्को केन्द्रीय कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुन्छ।
- संघ सशर्त अनुदान, प्रदेश स्रोतको बजेट र परिषद्बाट हुने बजेट तथा कार्यक्रममा गरी तीनवटा स्रोतबाट बजेट विनियोजन भएको देखिन्छ। बजेट तथा कार्यक्रममा दोहोरोपन हुन नदिने गरी एक अर्को निकायबीच वित्तीय विवरणको सूचना आदान प्रदान तथा समन्वय हुनपर्ने देखिन्छ।

- चालु आ.व.२०८१/८२ को लागि संघबाट प्राप्त सशर्त अनुदानको रकम र प्रदेश सरकार स्रोतको बजेट समेत गरी PLMBIS मार्फत CTEVT को प्रदेश कार्यालय, ३ वटा बहुप्राविधिक शिक्षालय र ४ वटा पोलिटेक्निक इन्टिच्यूटलाई अख्तियारी प्रदान गरिएको देखिन्छः-
  - प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् कोशी प्रदेश कार्यालय, सुनसरी
  - तेह्रथुम बहुप्राविधिक शिक्षालय
  - दमक बहुप्राविधिक शिक्षालय, झापा
  - श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, भोजपुर
  - माहुरेगढी पोलिटेक्निक इन्स्टिच्यूट, खोटाङ
  - रत्नकुमार वान्तावा पोलिटेक्निक इन्टिच्यूट, इलाम
  - रत्नकुमार वान्तावा पोलिटेक्निक इन्टिच्यूट
  - सुम्निमा पोलिटेक्निक इन्स्टिच्यूट भोजपुर

### ४. आन्तरिक मामिला तथा कानून मन्त्रालय

## (क) विपद् व्यवस्थापन कोष (राहत कोष)

- कोशी प्रदेशको विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १६ बमोजिम **विपद् व्यवस्थापन कोष**को नाममा स्थापना भएकोमा केही प्रदेश ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८१ ले उक्त ऐनको दफा १६मा संशोधन गरी यो कोषको नाम **राहत कोष** बनाइएको छ।
- त्यस्तो कोषको रकम प्रदेश विपद् व्यवस्थापन समितिले स्वीकृत गरेको वार्षिक कार्यक्रम बमोजिम कार्यकारी समितिले खर्च गर्ने।
- कार्यकारी समितिले कोषको वार्षिक आयव्ययको प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने।
- उक्त ऐनले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारबाट विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ जारी भएको छ।
- आन्तरिक मामिला तथा कानून मन्त्रालयमा कोष रहने। कोषको रकम आयव्यय तथा परिचालनका लागि प्रदेशभित्र रहेको वा मन्त्रालय नजिकमा रहेको राष्ट्रियस्तरको वाणिज्य बैंकमा एक छुट्टै खाता खोलिने।
- कोषको कुल आम्दानी अन्तर्गत कार्यविधि बमोजिम कोषमा प्राप्त रकम, बैंकले उपलब्ध गराएको ब्याज र वस्तुगत सहायता सामग्रीको प्रचलित मूल्यलाई जनाउने।
- वस्तुगत सहायता सामग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश नगरिने। कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिने।

- कोषमा रकम जम्मा गर्ने व्यक्ति वा संस्थाको नाम (खुलाउन नचाहने बाहेक) र प्राप्त सहायता रकम सम्बन्धी मासिक रुपमा विवरण सार्वजनिक गरिने।
- समितिको निर्णय अनुसार कोषको रकम खर्च गरिने। तत्काल खर्च गर्नपरेमा समितिको बैठकबाट अनुगमोदन गराउने गरी संयोजकको निर्णयबाट खर्च गर्न सकिने।
- नियमित प्रशासनिक कार्य, तलव भत्ता वा सुविधा, चन्दा, पुरस्कार वा आर्थिक सहायता लगायत विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कार्यमा खर्च गर्न नपाइने।
- कोषको बैंक खाता सञ्चालन मन्त्रालयको सचिव वा निजले तोकेको कर्मचारी र लेखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुने।
- कोषबाट एकपटकमा पाँचहजार भन्दा बढी रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंकमार्फत मात्र भुक्तानी गरिने।
- कोषको लेखा प्रचलित कानून बमोजिम राखिने, समितिले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्ने, मासिक रुपमा आयव्यय विवरण सार्वजनिक गर्नुपर्ने।
- कोषको आयव्ययको विवरण समेत समावेश गरी वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रमन्त्रालयले प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने र प्रदेश सरकारले उक्त प्रतिवेदन प्रदेश प्रमुख मार्फत प्रदेश सभासमक्ष पेश गर्नुपर्ने।
- कोषको रकम फ्रिज नहुने तथा आवर्ती कोषको रुपमा रहने। कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहने।
- विपद् व्यवस्थापन कोषलाई आवर्ती कोषको रुपमा सञ्चालन गरिने। आवर्ती कोष (रिवल्विंग फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनः पूर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ।
- कोष परिचालनको अनुगमन सम्बन्धी व्यवस्था रहेको।

## (ख) मर्मत सम्भार तथा पुनःनिर्माण कोष

- केही प्रदेश ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८१ ले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ मा दफा १६क. थप गरी विपद्बाट क्षतिग्रस्त तथा प्रभावित संरचना एवम् पूर्वाधारको मर्मत सम्भार तथा पुनः निर्माण कार्य सञ्चालन गर्न एउटा छुट्टै कोष रहने व्यवस्था गरेको छ।
- पुनःनिर्माण कोष सञ्चालक समितिको व्यवस्था रहेको छ। कोषको खाता विपद् हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने।
- प्रदेश सरकारबाट मर्मतसम्भार तथा पुननिर्माण कोष सञ्चालन कार्यविधि, २०८१ जारी भएको छ।

- सो अनुसार सम्बन्धित मन्त्रालयले सम्झौता सहित आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रकम माग गर्नुपर्ने। सञ्चालक समितिको निर्णय अनुसार सम्बन्धित मन्त्रालय अन्तर्गतको कार्यान्वयन गर्ने निकायको कार्य सञ्चालन कोष (विविध) खातामा निकासा गर्नुपर्नेछ।
- कार्यसञ्चालन कोष (विविध) को खाता सञ्चालन प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयको सचिव र लेखा प्रमुख तथा निकायको हकमा कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनुपर्ने व्यवस्था रहेको छ।
- कोषबाट विपद् प्रभावित संरचनाको मर्मत सम्भार तथा पुनर्निर्माण गर्न सक्ने अवधि आ.व.२०८२/८३ को अन्त्यसम्म मात्र रहनेछ। कोष खारेजी हुँदा कोषमा मौज्दात रहेको सबै रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान रहेको। कार्यसम्पन्न हुन नसकेमा सञ्चालन समितिको निर्णयले अवधि बढाउन सकिने समेत उल्लेख रहको छ।

## (ग) प्रादेशिक सञ्चार प्रतिष्ठानको कोष

- प्रदेश स्वायत्त संस्था गठन ऐन, २०७६अनुसार बनेको प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली, २०७७ को नियम १५ अनुसार प्रतिष्ठानको नियमित कार्य तथा विभिन्न कार्यक्रम सञ्चालन गर्न कोषको व्यवस्था रहेको।
- कोषमा सरकारबाट प्राप्त रकम, व्यक्ति वा संस्थाको सहायता र प्रतिष्ठानले सेवा उपलब्ध गराएको र अन्य स्रोतको रकम जम्मा हुने व्यवस्था।
- “क” वर्षको बैंकमा खाता खोलिने।
- प्रतिष्ठानको कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट कोष सञ्चालन हुने।
- कोषमा जम्मा भएको रकममध्ये आंशिक वा पूरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै अविछिन्न रहनेछ भनी उल्लेख रहेको।
- साविकको प्रादेशिक सञ्चार प्रतिष्ठान खारेज भएकोले हाल यो कोष सञ्चालनमा नरहेको। कोषमा मौज्दात रहेको रु.१,५०,६३,२१३/- रकम प्रदेश सञ्चित कोषमा दाखिला भईसकेको छ। प्रतिष्ठान खारेज भई कोषमा मौज्दात रकमको सम्बन्धमा र प्रतिष्ठान स्थापनाको औचित्य तथा खारेजीको विषयमा महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा सैद्धान्तिक बेरुजु समेत औंल्याएको पाइन्छ।

## (घ) पत्रकार सुरक्षा कोष

- प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली, २०७७ को नियम १६ अनुसार प्रदेशभित्र कार्यरत आमसञ्चारसँग सम्बन्धित पत्रकारको सुरक्षाका लागि खर्च गर्ने गरी प्रतिष्ठानमा रहने कोष।
- खाता खोल्ने र कोष सञ्चालनको व्यवस्था प्रतिष्ठानको कोषको जस्तै प्रावधान रहेको।

- कोष स्थापना भएकोमा उक्त नियमावली खारेज भएसँगै हाल यो कोष खारेज भएको छ। कोषमा बाँकी रहेको रु.२८ लाख ५० हजार रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिएको हुँदा मौज्दात शुन्य रहेको छ।

## (ङ) प्रदेश प्रहरी कल्याण कोष

- प्रदेश प्रहरी ऐन, २०७७ को दफा ४८ मा यो कोषको प्रावधान रहेको छ।
- प्रहरी कर्मचारी, निजका परिवार तथा सेवा निवृत्त प्रहरी कर्मचारी, शहिद (अमर) प्रहरी परिवार र अशक्त प्रहरीको कल्याणका लागि प्रदेशस्तरीय छुट्टै कोष हुनेछ।
- कोषको संरक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ र त्यस्तो कोषको सञ्चालन र व्यवस्थापनका लागि सञ्चालन समितिको व्यवस्था रहेको। अन्य व्यवस्था तोकिए बमोजिम हुने उल्लेख रहेको छ।
- हाल यो कोष स्थापना भएको छैन।

## (च) सगरमाथा टिन्स क्लबको कोष

- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी बनेको सगरमाथा टिन्स क्लब (एसटीसि) बिउ कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ अनुसार यो कोष स्थापना गरिएको थियो।
- क्लब गठन हुने विद्यालयको बैंक खातामा जम्मा हुने गरी बिउ कोष पाँचहजार रुपैयाँ बचत खातामा जम्मा गरिने। मन्त्रालयले आवश्यकताअनुसार बिउकोषको रकम थप गर्न सक्ने।
- उक्त कोषको रकम क्लबले गर्ने रचनात्मक क्रियाकलापका लागि शिक्षक नायकको सिफारिसमा खर्च गरिने।
- क्लबको कोषमा स्थानीय अन्य स्रोतबाट पनि रकम दाखिला गर्न सकिने। कोषबाट सञ्चालित क्रियाकलापको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने।
- चालु आ.व.२०८१/८२ मा यस कार्यक्रमको लागि बजेट विनियोजन भएको देखिएन।
- यो कार्यक्रम निरन्तरता नभएको हुँदा कार्यविधि खारेज गर्नुपर्ने र स्थानीय तहसँग समन्वय गरी विद्यालयमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ।

## (छ) मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको कोष

- प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ अन्तर्गत बनेको मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा १० मा सेवा केन्द्र सञ्चालनका लागि स्थानीय तहले छुट्टै कोष स्थापना गर्न सक्ने व्यवस्था रहेको छ।
- केन्द्रको सञ्चालनमा प्रदेशको ५० प्रतिशत, स्थानीय तहको ३० प्रतिशत र प्रदेश सहयोग कार्यक्रमको २० प्रतिशत लागत साझेदारी रहने।

- दुई वा सो भन्दा बढी पालिका मिलेर केन्द्र सञ्चालनका लागि प्रस्ताव भएमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्झौता (MOU) गरी केन्द्र सञ्चालन गरिने।
- ४ वटा पालिका मिलेर एउटा क्लस्टर बनाएर अर्जुनधारा र रंगेली न.पा.मा क्लष्टर सञ्चालनमा रहेको छ। कोशी गा.पा.मा तीनवटा पालिका मिलेर केन्द्र सञ्चालन भएको छ। तेह्रथुम आठराई र फेदाप क्लष्टरसँग सम्झौताको तयारी भईरहेको जानकारी प्राप्त भएको छ।
- हालसम्म प्रदेशबाट ३ वटामा केन्द्रको कोषमा दाखिला गर्न स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरिएको छ। कोषबाट भएको खर्चको विवरण मन्त्रालयमा प्राप्त हुने व्यवस्था रहेको।
- प्रदेशले सशर्त अनुदानमा हस्तान्तरण गरेको रकम खर्च नभएमा फिर्ता गर्ने व्यवस्था कार्यविधिमा र सम्झौता (MOU) मा नभएको। तर प्रदेश विनियोजन ऐनको व्यवस्था अनुसार खर्च नभएको सशर्त अनुदान रकम स्थानीय तहले प्रदेश सञ्चित कोषमा अनुसार फिर्ता गर्नुपर्ने देखिन्छ।
- कोष सञ्चालन प्रशासकीय अधिकृत लेखा अधिकृतको दस्तखतबाट कोष सञ्चालन हुने। कोष सञ्चालन कार्यविधि स्थानीय तहले नै बनाएर सञ्चालन गर्ने प्रावधान रहेको देखिन्छ।

### ५. आर्थिक मामिला तथा योजना मन्त्रालय

## (क) प्रदेश आकष्मिक कोष

- नेपालको संविधानको धारा २१२ मा प्रदेश आकष्मिक कोषको व्यवस्था रहेको छ। सो अनुसार **कोशी प्रदेश आकष्मिक कोष सञ्चालन ऐन, २०७५** बनेको छ।
- यो कोष स्थापना भएको छैन। कोष सञ्चालनका लागि स्पष्ट कार्यविधि नभएको र नियम बनाउने अधिकार पनि नभएको हुँदा यसलाई संशोधन गर्ने विधेयक मस्यौदा तयार भएको देखिन्छ।
- उक्त ऐन संशोधनको विधेयकको मस्यौदामा मुल ऐनको प्रस्तावना लगायतका धेरै प्रावधानहरुको संशोधन गर्ने गरी मस्यौदा तयार भएको देखिएकोले सो ऐनलाई खारेज गरी नयाँ विधेयकको तर्जुमा गर्ने प्रक्रिया अघि बढाउन उपयुक्त हुने भनी आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०८१/०६/२० को पत्रमा उल्लेख रहेको देखिन्छ।

## (ख) मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष

- प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ बमोजिम बनेको मुख्यमन्त्री युवा उद्यमशीलता विकास कोष (सञ्चालन) नियमावली, २०७६ बमोजिम यो कोष स्थापना गरिने प्रावधान रहेको छ।
- कोष सञ्चालक समितिले बैंकमा एक खाता खोली कोषमा रकम जम्मा गर्ने र खाताको सञ्चालन समितिले तोके बमोजिम हुने। प्रस्ताव स्वीकृत भए अनुसार उद्यमशीलताका लागि लगानी गर्ने संस्थालाई ऋण उपलब्ध गराउने।

- कोषको रकम खर्च गर्ने कार्यविधि समितिले स्वीकृत गरे बमोजिम हुने र लेखाप्रणाली समितिले तोके बमोजिम हुने। खर्चको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्ने।
- कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट वा सो कार्यालयको सहमतिमा समितिले तोकेको लेखापरीक्षकबाट गर्नुपर्ने।
- यो कोष स्थापना भएको छैन। आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्म मुख्यमन्त्री युवा उद्यमशीलता कार्यक्रमको लागि बजेट विनियोजन भएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा र चालु आ.व.२०८१/८२ मा पनि यसका लागि बजेट विनियोजन भएको देखिदैन।

## (ग) सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन कोष

- प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारबाट जारी भएको सार्वजनिक-निजी साझेदारी कार्यक्रम कार्यान्वयन नियमावली, २०७६ बमोजिम यो कोष स्थापना गरिने प्रावधान रहेको छ।
- प्रदेश उद्योग वाणिज्य महासंघ र कृषि उद्यम केन्द्रसँगको सहकार्यमा कृषि उद्यमशीलता कार्यक्रम सञ्चालन गर्न यो कोष स्थापना गर्ने उद्देश्य रहेको देखिन्छ।
- प्रदेश सभाबाट बनेको सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ जारी भएतापनि माथि उल्लेखित नियमावली अर्कै ऐन बमोजिम जारी भएको देखिन्छ।
- यो कोष स्थापना भएको छैन। आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा यस कार्यक्रमको लागि बजेट विनियोजन भएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा र चालु आ.व.२०८१/८२ मा पनि यसका लागि बजेट विनियोजन भएको देखिदैन।

## (घ) विविध खाता (कार्यालय सञ्चालन कोष)

- सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार ख-२.६ समूहको विविध खाताको व्यवस्था रहेको छ। यो खाता १४ वटै जिल्लामा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा रहेको छ।
- प्रदेश अन्तर्गतका कार्यालयको बजेट बाहिरका कुनै माध्यमबाट प्राप्त हुन आएको रकम जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयबाट यो खाता खोलिएको छ। यस खाताबाट चेक जारी गर्न र खर्च लेख्न सकिन्छ।
- समिति तथा अन्य संस्थाको रकम समेत विविध खातामा जम्मा गरी परिचालन गरिएको छ। सरकारी कारोबार निर्देशिकाको दोस्रो संशोधन अनुसार ख-२.८ समूहको खाता खोलेपछि समिति बोर्ड लगायतका संस्थाको रकमलाई सोही खातामा ट्रान्सफर गर्नुपर्नेछ।

## (ङ) धरौटी खाता

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६४ अनुसार प्रदेशका सरकारी कार्यालयको नाममा प्राप्त हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालयको नाममा रहेको एकल कोष धरौटी खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।
- सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार ख-२.३ समूहको धरौटी खाताको व्यवस्था रहेको छ।
- प्रदेश अन्तर्गतका कार्यालयको कामको सिलसिलामा धरौटी, जमानत वापतको रकम जम्मा गर्न यो खाता खोलिन्छ। यस खाताबाट धरौटी फिर्ता वा सदरस्याहा गर्दा राजस्व खातामा रकम ट्रान्सफर गर्ने बाहेक अन्य खाताहरुमा रकम ट्रान्सफर गर्न मिल्दैन। तर, भुलवश रकम जम्मा भएको अवस्थामा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयको पत्र सहित चेक भुक्तानीको लागि प्राप्त भएमा रकम ट्रान्सफर वा चेक मार्फत भुक्तानी गर्न सकिन्छ।
- धरौटी खातामा जम्मा गरिएको रकम फ्रिज नहुने भएकोले प्रत्येक आर्थिक वर्षको लागि छुट्टै खाता खोल्नु पर्दैन।
- धरौटी खातामा जम्मा गर्नुपर्ने रकम भुलवश राजस्व खातामा वा विविध खातामा जम्मा हुने गरेको समेत पाइन्छ। कतिपय निकायको विविध खाता वा राजस्वमा जम्मा गर्नुपर्ने रकम पनि धरौटी खातामा जम्मा हुने गरेको छ। त्यसैले धरौटी खातामा लामो समयदेखि रहेका, स्रोत तथा प्रयोजन नखुलेका रकमलाई सदरस्याहा गर्नुपर्ने छ।

### ६. उद्योग कृषि तथा सहकारी मन्त्रालय

## (क) कटहरी फलफूल तथा तरकारी थोक बजार विकास समितिको कोष

- कटहरी फलफूल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ (दोस्रो संशोधन समेत) को नियम १२ मा समितिको कोषको व्यवस्था रहेको छ।
- कोषमा प्रदेश सरकारबाट प्राप्त रकम, विदेशी सरकार वा व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम, विशिष्टिकृत सहकारी संघसँग गरेको करारबाट प्राप्त रकम र अन्य स्रोतको रकम जम्मा गरिने।
- कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त कुनै पनि "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिने।
- कोषको सञ्चालन समितिको अध्यक्ष (मन्त्रालयले तोकेको कम्तीमा नवौं तहको अधिकृत) र मन्त्रालयले तोकेको लेखाहेर्ने अधिकृतस्तरको कर्मचारीको दस्तखतबाट हुनेछ। कोषको लेखा व्यवस्थापन र सञ्चालन मन्त्रालयले तोकेको लेखाअधिकृतबाट हुने।

- बजार व्यवस्थाको लागि मिति २०६८ चैत्र ९ मा भएको सम्झौता अनुसार सम्झौताका पक्षहरुलाई रकम उपलब्ध गराउन, बजार क्षेत्रको मर्मसम्भार तथा थप पूर्वाधार निर्माण गर्न र प्रशासनिक खर्चको लागि कोषको रकम खर्च गरिने व्यवस्था रहेको।
- समितिको आयव्ययको लेखा प्रदेश सरकारको प्रचलित कानून बमोजिम राखिने। आन्तरिक लेखापरीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट गराइने। अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुने।
- मन्त्रालयले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न र जँचाउन सक्ने। समितिले आयव्यय विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्ने।
- बजार व्यवस्थापन तथा सञ्चालन गर्न विशिष्टीकृत सहकारी संघ छनौट गरी कम्तीमा पाँच वर्षको लागि करार गरिने व्यवस्था रहेको।
- हाल यो समिति निष्कृय रहेको हुँदा समितिको कोषमा मौज्दात रकम रहेको छ।

## (ख) औद्योगिक तथा लगानी प्रवर्द्धन कोष

- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ५२ मा यो कोषको व्यवस्था रहेको छ।
- प्रदेश सरकारले प्रदेशको लगानी प्रवर्द्धन तथा संरक्षणका लागि एक औद्योगिक तथा लगानी कोष स्थापना गर्ने। कोषमा नेपाल सरकार, प्रदेश सरकार, स्वदेशी तथा विदेशी संस्थाबाट प्राप्तरकम रहने।
- लघु उद्यम, घरलु तथा साना उद्योग विकास, प्रविधि विकास, औद्योगिक प्रवर्द्धन, रुग्णउद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन र महिला उद्यमशीलता विकासको कार्यमा कोषको रकम खर्च गरिने।
- त्यस्तो कार्यमा रकम खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नुपर्नेछ।
- कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजम हुनेछ।
- यो कोष सञ्चालन भएको छैन।

### ७. पर्यटन वन तथा वातावरण मन्त्रालय

## (क) जिल्ला वन पैदावर आपूर्ति समितिको कोष

- संघीय वन नियमावली, २०७९ को नियम २१ र कोशी प्रदेश वन नियमावली, २०८० को नियम २२ मा समितिको व्यवस्था रहेको छ।

- संघीय वन नियमावली, २०७९ को अनुसूची-११ अनुसार देशभरका ५१ वटा जिल्लामा वन पैदावर आपूर्ति समिति रहने व्यवस्था रहेको छ। जसमध्ये कोशी प्रदेशका उदयपुर, भोजपुर, इलाम, मोरङ, सुनसरी, झापा, संखुवासभा, धनकुटा, तेह्रथुम, पाँचथर गरी १० वटा जिल्लामा यो समिति रहने देखिन्छ।
- जिल्ला वन पैदावर आपूर्ति समितिको कार्यविधि निर्देशिका, २०६३ (पहिलो संशोधन, २०७३ समेत) बमोजिम कोषको रकम खर्च हुने।
- काठ दाउरा विक्री वापत उठेको समितिको शुल्क कोषमा जम्मा गरिने। कोषको आम्दानी मध्ये करिब २५ प्रतिशत रकम समितिको कार्यालय व्यवस्थापन, कर्मचारीको तलब, अनुगमन मूल्याङ्कन आदिमा र बाँकी रकम कार्यालयको संरचना निर्माण, काठ दाउरा उत्पादन तथा वन व्यवस्थापनको क्षेत्रमा खर्च गरिने।
- डिभिजन वन अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखबाट कोषको खाता सञ्चालन हुने।
- पर्यटन, वन तथा वातावरण मन्त्रालयका प्रदेश सचिवबाट समितिको वार्षिक बजेट तथा कार्यक्रम र कार्ययोजना स्वीकृत हुने।
- लेखापरीक्षणबाट देखिएका बेरुजुहरु फस्र्यौट गराउने दायित्व समितिका अध्यक्ष र सदस्य सचिवको हुनेछ।
- वन तर्फको घुम्ती कोष, स्थानीय विकास कोष, राहत तथा क्षतिपूर्ति र संकलन तथा घाटगद्दीको रकम विविध खातामा जम्मा हुने गरी सञ्चालनमा रहेको पाइयो।
- ऐन तथा नियमावलीमा कोषको प्रावधान नभएको। कार्यविधि निर्देशिका अनुसार डिपो सुरक्षाका लागि समितिबाट खटाइने कर्मचारीलाई खटाइएको अवधिमा खाइपाई आएको तलबको १५ प्रतिशत भत्ता दिने व्यवस्था रहेकोमा समितिका पदाधिकारीले समेत भत्ता लिएको पाइएको हुँदा कार्यविधिको प्रावधानसँग मिल्ने देखिएन।

### (ख) प्रदेश वन विकास कोष

- कोशी प्रदेश वन ऐन, २०७७ को दफा ७५ मा राष्ट्रिय तथा प्रादेशिक वनको संरक्षण र संवर्द्धन गर्न एवम् अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले प्रदेश वन विकास कोष स्थापना गर्न सक्ने व्यवस्था रहेको छ।
- कोशी प्रदेश वन नियमावली, २०८० को नियम १३१ अनुसार मन्त्रालय अन्तर्गत वनको संरक्षण, संवर्द्धन, वृक्षारोपण एवम् प्रवर्द्धनात्मक लगायतका कार्य गरी वन विकास गर्न कोष रहने।
- मन्त्रालयको वन व्यवस्थापन महाशाखाले कोषको सचिवालयको काम गर्ने। सचिवालयले कोषको आय-व्यय सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने।
- कोषद्वारा सञ्चालित कार्यक्रमको दिगोपनाको लागि साझेदारी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्ने।

- नियम १३२ मा कोषको उद्देश्य र नियम १३३ मा कोषको आम्दानीको स्रोतको विषयमा उल्लेख रहेको छ।
- नियम १३४ अनुसार कोष सञ्चालक समितिको निर्णयले कुनै "क" वर्गको वाणिज्य बैंकमा खाता खोली रकम जम्मा गरिने। उक्त बैंक खाता मन्त्रालयको सचिव र लेखा हेर्ने अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुने।
- कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने उल्लेख रहेको।
- नियम १३५ मा कोष सञ्चालक समितिको व्यवस्था रहेको छ। प्रदेशको वन क्षेत्रहेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, प्रदेश लेखा इकाई कार्यालयको प्रमुख समेत सदस्य रहने व्यवस्था रहेको। सञ्चालक समितिको सचिवालयको लागि प्रशासकीय खर्च सम्बन्धी रकम मन्त्रालयको बजेटबाट व्यहोरिने।
- नियम १३६ सञ्चालक समितिले नेपाल सरकारले स्थापना गरेको वन विकास कोषबाट खर्च हुने गरी तय गरेको योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेश वन विकास कोषबाट कार्यक्रम तथा योजना सञ्चालन गर्नुपर्नेछ।
- नियम १२८ मा प्राकृतिक स्रोतमा आधारित मझौला र ठूला उद्योगले वार्षिक खुद मुनाफाको एक प्रतिशत रकम वातावरणीय सेवा शुल्क वापत वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ।
- नियम १२९ डिभिजन वन कार्यालयले मन्त्रालयको सहमतिमा वातावरणीय सेवाको रकम निर्धारण र बिक्री तथा सोबाट प्राप्त लाभको सदुपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गरी मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्ने।
- हाल यो कोष स्थापना गरिएको छैन।

## (ग) पर्यटन बोर्डको कोष

- पर्यटन विकास ऐन, २०७६ को दफा ३६ मा प्रदेश पर्यटन बोर्ड गठन हुने व्यवस्था रहेको छ। ऐनमा कोषको प्रावधान देखिएन।
- प्रदेश पर्यटन बोर्ड नियमावली, २०७८ तर्जुमा भएको। कोष स्थापना नभएको। ऐनमा कोषको प्रावधान नभएको हुँदा नियमावलीमा कोष राख्ने गरी समावेश गरिएकोले ऐनसँग नियमावली मिल्दो भएन।
- प्रदेश सरकार (म.प.)को मिति २०७८/०८/०९ को निर्णय अनुसार प्रदेश पर्यटन बोर्ड नियमावली, २०७८ खारेज गरी उक्त नियमावली बमोजिमको गठन भएको पर्यटन बोर्ड समेत खारेज भएको हुँदा हाल कोष सञ्चालनमा रहेको देखिएन।

## (घ) पर्यटन प्रवर्द्धन विकास समितिको कोष

- पर्यटन विकास नियमावली, २०७७ को नियम ७३ मा समितिको व्यवस्था रहेको छ भने नियम ७९ मा समितिको कोषको व्यवस्था रहेको भएतापनि हालसम्म यस नियमावली बमोजिम कोष स्थापना भएको देखिएन।
- पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र व्यवस्थापन गर्न प्रदेश भित्रका स्थानीय तहको कुनै पनि स्थानमा वा एकभन्दा बढी स्थानीय तहको खास क्षेत्रमा पर्ने गरी पर्यटन प्रवर्द्धन समिति गठन गरिने।
- कोषमा सरकारबाट तथा अन्य व्यक्ति वा संस्थाबाट प्राप्त रकम, समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त रकम तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम रहने।
- कोषमा रहने रकम नेपाल भित्रको कुनै बैंकमा खाता खोली समितिले जम्मा गर्नुपर्ने।
- समितिको लेखा कार्यकारी निर्देशक र समितिको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिने।
- नियमावलीको प्रक्रिया अनुसार समितिको कार्यकारी निर्देशक चार वर्षको लागि मन्त्रालयले नियुक्त गर्ने। कार्यकारी निर्देशकको सेवा, सुविधा प्रदेश सरकारको अधिकृतस्तर सातौं वा सो सरहको हुने।
- कार्यकारी निर्देशकले वार्षिक कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने।
- समितिको आय-व्ययको लेखा नेपाल सरकार र प्रदेश सरकारले तोकेको ढाँचा बमोजिम राखिने।
- समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्ने।
- समितिको आन्तरिक लेखापरीक्षण मान्यताप्राप्त लेखापरीक्षक मध्येबाट समितिले तोकेको लेखापरीक्षकले गर्नेछ। अन्तिम लेखापरीक्षण म.ले.प.बाट हुने।
- प्रदेश सरकार वा नेपाल सरकारले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।
- पर्यटन विकास नियमावली, २०७७ को परिच्छेद ७ को दफा ७३ देखि ८८ सम्मको व्यवस्था हालसम्म कार्यान्वयनमा नआएको।

## (घ) केचना-कञ्चनजंघा पर्यटन विकास समितिको कोष

- केचना-कञ्चनजंघा पर्यटन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम कोषको व्यवस्था रहेको छ। यो गठन आदेश विकास समिति ऐन, २०१३ को दफा ३क.ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारबाट जारी भएको छ।
- दफा १२ मा कोषको व्यवस्था रहेको छ। समितिको कोषमा रहने रकम समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम “क” वा “ख” वर्गको इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली समितिको नाममा जम्मा गर्नुपर्ने।

- समितिको लेखा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिने। कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुने।
- समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुरुपको ढाँचामा राख्नु पर्ने।
- प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्ने।
- समितिको आन्तरिक लेखापरीक्षण समितिले तोकेको लेखापरीक्षकबाट हुने। अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने।
- मन्त्रालयले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र नगदी वा जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्ने।
- प्रदेश सरकारले चारवर्षको लागि कार्यकारी निर्देशक नियुक्त गर्ने। कार्यकारी निर्देशकले समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने, प्रशासनिक तथा आर्थिक काम कारबाहीको नियन्त्रण तथा अनुगमन गर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी रहेको।
- प्रदेश सरकारबाट स्वीकृत दरबन्दी संरचना अनुसार समितिको कार्य सम्पादनका लागि प्रशासन सेवा र प्राविधिक सेवाका कर्मचारी रहने। समितिले कर्मचारी व्यवस्था नगरेसम्म अनुसूची-१ बमोजिमका कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले खटाउने।

## (ङ) मेची पहाडी पर्यटन समितिको कोष

- मिति २०७७ असार ३० मा म.प.को निर्णय अनुसार यो समिति खारेज भएको हुँदा हाल कोष सञ्चालनमा रहेको छैन।
- आ.व.२०७९/८० को लेखापरीक्षण प्रतिवेदन (मलेपको छैटौं वार्षिक प्रतिवेदन २०८१) अनुसार मेची पहाडी पर्यटन विकास समितिको कोषको रु.१ करोड १४ लाख ५० हजार लेखापरीक्षण बक्यौता रहेको भनी उल्लेख गरेको छ। कोषको बक्यौता लेखापरीक्षण गराउन आवश्यकता रहेको छ।

### ८. भौतिक पूर्वाधार विकास मन्त्रालय

## (क) मुख्यमन्त्री ग्रामीण सडकको खाता

- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ ले दिएको अधिकार अनुसार बनेको मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६ को नियम ७ मा खाता सम्बन्धी व्यवस्था रहेको छ।

- नियम ६ को उपनियम (४) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने अनुदान रकमलाई मन्त्रालयले एक छुट्टै बैंक खाता खोली उक्त खातामा त्यस्तो रकम जम्मा गर्नुपर्नेछ।
- सो खातामा सम्बन्धित स्थानीय तहले कार्यक्रम वापत जम्मा गर्नुपर्ने कुल रकमको बीस प्रतिशत रकम समेत जम्मा गर्नु पर्नेछ।
- यस कार्यको लागि छुट्टै खाता नखोली विविध खातामा स्थानीय तहले पठाएको रकम जम्मा गर्न लगाई आयोजनाको ठेक्का सम्झौता अनुसार भुक्तानी भएको जानकारी प्राप्त भएको छ।

## (ख) वृहत विराटक्षेत्र विकास समिति

- वृहत विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६ बमोजिम समिति गठन भएको। कार्यकारी निर्देशक प्रदेश सरकारले पाँच वर्षको लागि नियुक्त गर्ने, कार्यालय र दरबन्दी तोकिए बोजिम हुने व्यवस्था रहेको छ।
- समितिको छुट्टै कोषसम्बन्धी व्यवस्था भएको देखिएन। आ.व.२०८१/८२ मा वृहत विराट क्षेत्र विकास समितको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयमा रु.७२ लाख विनियोजन रहेको देखिन्छ।

## (ग) मर्मत सम्भार कोष

- कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं.१२९ मा मर्मत सम्भार कोष रहने उल्लेख रहेको छ।
  जसमा भनिएको छः- "सरकारबाट निर्मित सडकहरुको नियमित मर्मत सम्भार कार्यका लागि मर्मत सम्भार कोषको व्यवस्था गरी कोष सञ्चालन गर्ने कानूनी व्यवस्था गरिनेछ। सडक बोर्ड ऐनलाई समयानुकूल परिमार्जन गरी सडकबाट प्राप्त हुने शुल्कमा प्रदेशको पनि हिस्सेदारी हुने गरी नेपाल सरकारसँग पहल गरिनेछ।"

### ९.खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

### (क) सिंचाई विकास कोष

- प्रदेश सिंचाई ऐन, २०७५ को दफा २१ मा कोषको व्यवस्था र दफा २२ मा कोष सञ्चालन समितिको व्यवस्था रहेको छ।
- दफा २ (थ) सिंचाई सेवा शुल्क भन्नाले सिंचाई सेवा उपयोग गरेवापत उपभोक्ताले भुक्तानी गर्नुपर्ने रकमलाई सम्झनु पर्छ।
- दफा २० मा सिंचाई सेवा शुल्क निर्धारण समितिको व्यवस्था रहेको। सिंचाई सेवा शुल्कवापत संकलन भएको रकमको तोकिए बमोजिमको अंशहरु प्रदेश सरकारको कोषमा, सिंचाई विकास कोषमा र सम्बन्धित उपभोक्ता समिति (जलउपभोक्ता संस्था/समिति) को कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको।

- शुल्क बाँडफाँट गर्दा कम्तीमा २० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला हुने गरी तोक्नुपर्ने।
- प्रदेश सरकारले सिंचाई प्रणालीको विकास गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एक सिंचाई विकास कोष स्थापना गर्न सक्ने।
- आयस्रोतः- प्रदेशले निर्माणगरेका आयोजनाबाट प्राप्त रकम, कोषमा प्रत्येक वर्ष विनियोजन हुने र अनुदानबाट प्राप्त हुने रकम, संघसंस्थाबाट प्राप्त रकम, कोषको लगानीबाट प्राप्त हुने ब्याज, मुनाफा वा जरिवाना, अन्य शुल्क तथा दस्तुर र तोकिए बमोजिमका अन्य रकम।
- आलेप प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण मलेपबाट हुने।
- सिंचाई विकास कोष सञ्चालन समितिले कोषको रकमबाट सिंचाई प्रणालीको समग्र विकास गरी त्यसको दिगो व्यवस्थापन गर्न, जलउपभोक्ता संस्था र सिंचाई सहकारी संस्थालाई ऋण, अनुदान तथा प्राविधिक सेवा उपलब्ध गराउने।
- सिंचाई विकास कोषको कार्यकारी अधिकृत इन्जिनियरिङ्ग सेवाको रा.प.द्वितीय क्षेणको इन्जिनियरलाई तोकिने।
- सिंचाई विकास कोष सञ्चालक समितिलाई आवश्यक पर्ने कर्मचारी तोकिए बमोजिम नियुक्त हुनेछन्। यसरी नियुक्त कर्मचारीको सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ।

# परिच्छेद-तीन प्रदेशका अन्य सरकारी कोष सञ्चालनको अवस्था

## १. बैंक खाता सञ्चालनको अवस्था

### (क) विविध खाताबाट कारोबार गर्ने निकाय/कोषहरु

- अस्पताल व्यवस्थापन समितिको कोषहरु ११ वटाको
  नोटः सुनसरी जिल्ला अस्पताल लगायत कतिपय अस्पतालको वाणिज्य बैंकमा समेत छुट्टै खाता रहेको पाइन्छ।
- आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालको कोषहरु १५ वटाको
- वन पैदावार आपूर्ति समितिको कोषहरु (५ जिल्लाको)
- मुख्यमन्त्री ग्रामीण सडकको खाता (साझेदारी कोष- पूर्वाधार विकास कार्यालयहरुमा)

### (ख) वाणिज्य बैंकमा छुट्टै खाता सञ्चालन गर्ने निकाय/कोषहरु

- प्रदेश लगानी प्राधिकरण, कोरोना जनसुरक्षा कोष
- अस्पताल विकास समिति धनकुटा, तेह्रथुम, कटारी र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लाबारी मोरङ।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तेह्रथुम
- महिला स्वास्थ्य स्वयंसेविका कोष (सबै स्वास्थ्य कार्यालयहरुबाट मुद्दती खाता खोलेको)
- विपद् व्यवस्थापन कोष, मर्मत सम्भार तथा पुनःनिर्माण कोष
- प्रदेश खेलकुद बोर्ड
- कटहरी फलफूल तथा तरकारी बजार व्यवस्थापन समितिको कोष
- मनमोहन प्राविधिक विश्वविद्यालय, निजामती आवासीय विद्यालय धनकुटा

## २. बजेट तथा कार्यक्रम तर्जुमा

- अन्य सरकारी कोष सञ्चालन गर्ने निकायहरुको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने निश्चित समय भएको देखिएन। कतिपय निकायले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा नगरी खर्च गर्ने गरेका छन् भने कतिपयले अघिल्लो आर्थिक वर्षको खर्चलाई अर्को वर्षमा अनुमोदन गरेको समेत पाइयो। थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

| क्र.सं. | समिति/कोषको नाम | समिति/केन्द्रीय निकायबाट बजेट स्वीकृत मिति |
|---|---|---|

| | | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| 1. | प्रदेश लगानी प्राधिकरण, विराटनगर | २०७९/०६/१३ | २०८०/०४/३१ |
| 2. | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर व्य. समिति, मोरङ | २०७९/०६/२८ | २०८०/०७/१३ |
| 3. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र व्य.समिति, उदयपुर | | २०८० साउन |
| 4. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र व्यवस्थापन समिति, मोरङ | २०८०/०९/०४ मा खर्च अनुमोदन। | २०८०/०९/०४ |
| 5. | पाथीभरा क्षेत्र विकास समिति | २०७९/०३/२५ | २०८०/०४/१२ |
| 6. | हलेसी महादेवस्थान विकास समिति | २०७९/०५/१५ | २०८०/०५/०२ |
| 7. | निजामती आवासीय विद्यालय धनकुटा | २०७९/०२/१८ | २०८०/०२/१० |
| 8. | मनमोहन प्राविधिक विश्वविद्यालय, मोरङ | २०७९/०७/०२ | २०८०/०६/११ |
| 9. | जिल्ला वन पैदावर आपूर्ति समिति, मोरङ (मन्त्रालयबाट समितिको वार्षिक कार्ययोजना स्वीकृत) | २०७९/०६/१३ | २०८०/०५/२९ |
| 10. | जिल्ला वन पैदावर आपूर्ति समिति, सुनसरी " | २०७९/०६/१२ | २०८०/०६/२१ |
| 11. | जिल्ला वन पैदावर आपूर्ति समिति, झापा " | २०७९/०६/१३ | २०८०/०६/२३ |
| 12. | जिल्ला वन पैदावर आपूर्ति समिति, इलाम " | २०७९/०६/२५ | २०८०/०६/२४ |
| 13. | महिला स्वास्थ्य स्वयंसेविका कोष व्यवस्थापन समिति, सुनसरी | | २०८१/०४/२२ मा अनुमोदन |

*स्रोतः सम्बन्धित मन्त्रालय/निकायबाट प्राप्त विवरण अनुसार तयार गरिएको।*

- मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लाबारी, मोरङको आ.व.२०७९/८० को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार समितिबाट पारित बजेटभन्दा बढी खर्च भएको र त्यस्तो बढी खर्चलाई समितिबाट अनुमोदन नगरेको भनी बेरुजु औंल्याएको देखिन्छ।
- सबै जिल्लाका अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रबाट विवरण प्राप्त नभएको हुँदा बजेट तथा कार्यक्रम स्वीकृत गरी खर्च भए नभएको यकीन हुन सकेन।

### ३. लेखा ढाँचा र फारमको प्रयोग

- बजेट तर्जुमा र आयव्ययको हिसाब राख्न एवम् वित्तीय विवरण तयार गर्नका लागि नेपाल सरकारले तोकेको लेखा ढाँचा र खातासूचीको प्रयोग गर्ने निकायको संख्या थोरै रहेको छ।
- केही निकायले आंशिक रुपमा मात्र लेखा ढाँचा तथा फारमको प्रयोग गरेका छन् भने केही निकायले आफ्नै तरिकाले हिसाब राखेका छन्।
- समिति तथा अन्य संस्थाको कतिपय आम्दानीको लागि आय शीर्षकको प्रावधान खातासूचीमा नभएको हुँदा शीर्षक संकेत नलेखी विवरणमात्र लेखेर आम्दानी जनाएको समेत पाइन्छ।
- वन पैदावर आपूर्ति समिति, मनमोहन प्राविधिक विश्वविद्यालय, प्रदेश लगानी प्राधिकरण लगायतका निकायले लेखा ढाँचा र खातासूचीको प्रयोग गरेर हिसाब राखेको पाइयो।

- पाथीभरा, हलेसी, वराहक्षेत्र विकास समिति तर्फको, निजामती आवासीय विद्यालय र अस्पताल विकास समितिको आयव्ययको हिसाब र वित्तीय विवरणमा आंशिक रुपमा लेखाढाँचा र खातासूचीको प्रयोग भएको पाइन्छ।
- विविध खाताबाट राजस्व खातामा रकम ट्रान्सफर गर्दा आम्दानी जनाउने शीर्षक नभएको हुँदा बेरुजुक शीर्षकमा दाखिला गरिएको छ।

### ४. वित्तीय विवरण

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ बमोजिम सम्बन्धित मन्त्रालयले र प्रदेश लेखा नियन्त्रक कार्यालयले अन्य सरकारी कोषको एवम् समिति तथा अन्य संस्थाको समेत आयव्ययको विवरण समेत प्रदेशको एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्ने प्रावधान रहेको छ।
- प्रदेशका केही मन्त्रालयहरुले अन्य संस्था वा समितिको आयव्ययलाई पनि एकीकृत वित्तीय विवरणमा समावेश गरेको पाइन्छ। तर सबै निकायले आयव्ययको शीर्षगत रुपमा विवरण तयार गरेको पाइएन।

### ५. आम्दानी तथा खर्चको अवस्था

तालिका- समिति तथा अन्य संस्थाको ५ वर्षको आय-व्यय विवरण रु.हजारमा

| आ.व. | वर्षको सुरुको मौज्दात | यो वर्षको आय | | | कुल खर्च | यो वर्षको बचत | वर्षान्तको मौज्दात |
|---|---|---|---|---|---|---|---|
| | | सेवा शुल्क, अन्य आय | अनुदान | जम्मा आय | | | |
| २०७५/७६ | २६५७२ | ३३०१२६ | २५०३२४ | ५८०४५० | ५४००८२ | १२८३४ | ५३७०४ |
| २०७६/७७ | ४१५२५ | ३६२१०० | ६०४०७८ | ९६६१७८ | ९६८८८० | -२७०२ | ३८८२३ |
| २०७७/७८ | ४५२०५ | ६१४७१३ | ४४९०८९ | ८९७०८३ | ९४१७९६ | १२२००५ | १६७२११ |
| २०७८/७९ | २२८१०० | ८८९९४५ | १००८६१३ | १८९८५५८ | १८८७३७१ | ५१४५ | २३९२८७ |
| २०७९/८० | २४०४३७ | १०१२४७६ | १४२६४९७ | २४३८९७३ | २४१८०४६ | २०९२७ | २६१३६४ |

*स्रोतः महालेखापरीक्षकको (कोशी प्रदेशको) वार्षिक प्रतिवेदनहरु*

**तालिकाः प्रदेश सञ्चित कोषबाट सरकारी निकाय, समिति, बोर्डलाई अनुदान निकासाको विवरण**

रकम रु.हजारमा

| विवरण/आ.व. | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| चालु अनुदान | १०७९०६ | २७०१६९ | २२४९२३ |
| पूजीगत अनुदान | ३३३३३८ | २१७७१९ | ३१५९३ |
| **जम्मा** | ४४१२४४ | ४८७८८८ | २५६५१६ |

समिति तथा अन्य संस्थाको कोष र सञ्चित कोषको बजेट अख्तियारी दुवै प्रयोग गर्ने निकायको विवरण देहाय अनुसार रहेको छः-

- अस्पताल विकास समितिहरु सबै ३० वटा
- स्वास्थ्य कार्यालयहरु १४ वटा (महिला स्वास्थ्य स्वयं सेविका कोष)
- डिभिजन वन कार्यालयहरु ५ वटा (इलाम, झापा, मोरङ, सुनसरी र उदयपुर)
- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, झापा
- प्रदेश खेलकुद विकास बोर्ड, विराटनगर
- निजामती आवासीय विद्यालय, धनकुटा
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् प्रदेश कार्यालय इटहरी र ७ वटा प्रावधिक शिक्षालय/पोलिटेक्निक इन्ष्टिच्युटहरु

**६. बेरुजुको लगत तथा फस्यौंटको अवस्था**

आयव्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको २०७५/७६ देखि २०७९/८० सम्मको अन्तिम लेखापरीक्षण बेरुजु रु.२८ करोड ५६ लाख ३७ हजार रहेकोमा २०७९/८० सम्म रु.४ करोड १२ लाख २३ हजार फस्यौंट तथा सम्परीक्षण भई रु.२४ करोड ४४ लाख १४ हजार बेरुजु बाँकी रहेको देखिन्छ।

तालिका- **कोशी प्रदेश अन्तर्गतका समिति तथा अन्य संस्थाको बेरुजुको स्थिति** **रु.हजारमा**

| आ.व. | विगतको बेरुजु | फस्यौंट तथा सम्परीक्षण | विगतको खुद बाँकी | चालु वर्षको थप | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|
| २०७५/७६ | | | | ४९४७ | ४९४७ |
| २०७६/७७ | ४९४७ | ४२ | ४९०५ | ६२२९ | १११३४ |
| २०७७/७८ | १११३४ | ६०० | १०५३४ | ३९४८० | ५००१४ |
| २०७८/७९ | ५००१४ | ० | ५००१४ | १४६४५३ | १९६४६७ |
| २०७९/८० | १९६४६७ | ४०५८१ | १५५८८६ | ८८५२८ | २४४४१४ |
| **जम्मा** | | ४१२२३ | | २८५६३७ | |

*स्रोतः महालेखापरीक्षकको (कोशी प्रदेशको) वार्षिक प्रतिवेदनहरु*

**७. विविध खाताको रकम**

- ख.६ समूहको विविध खातामा बजेट भन्दा बाहिरबाट कुनै रकम प्राप्त भएमा वा कार्यालयलाई चेक वा ड्राफ्टमार्फत कुनै रकम प्राप्त हुँदा जम्मा गर्न यो खाता सञ्चालन गरिएको भएतापनि यसमा अन्य प्रकृतिका रकम समेत जम्मा हुने गरेको पाइन्छ।
- यस खातामा विभिन्न समिति तथा अन्य संस्थाको कोषको रकम समेत जम्मा गरिएको छ। बजेट प्रणालीबाट अख्तियारी दिनुपर्ने रकम समेत यो खातामा निकासा दिएर खर्च गरिएको छ भने आर्थिक वर्षको अन्त्यसम्म पनि मौज्दात राखिएको पाइन्छ।
- पूर्वाधार विकास कार्यालयहरुले ठेक्काको पेश्की जमानत रकम APG जमानत जफत रकम समेत विविध खातामा जम्मा गरेको पाइन्छ।
- प्रदेश सरकार अन्तर्गतका निकायहरुको विविध खातामा आ.व.२०७९/८० को मौज्दात रु.४६,१७,५४,०९२।३६ रकम आ.व.२०८०/८१ मा सरेको देखिन्छ।
- आ.व.२०८०/८१ मा रु.१,३३,७६,८१,५७५।१४ आम्दानी प्राप्त भई जम्मा आय रु.१,८०,३०,९८,६६७।५० रहेको छ।
- आ.व.२०८०/८१ मा १,३१,९९,४२,६१७।४२ खर्च भई रु.४८,३१,५६,०४९।६८ रकम मौज्दात वा बचत रहेको छ। खर्च अनुपातमा भन्नुपर्दा कुल आयको ७३.२ प्रतिशत खर्च भएको देखिन्छ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रहेको विविध खातामा आ.व.२०७७/७८ देखि मौज्दात रहेको रु.७,२९,६६,५११/- रकमको स्रोत तथा प्रयोजन नखुलेको हुँदा त्यसको अभिलेख राखी मागदाबी भएमा बजेट विनियोजन मार्फत निकासा दिने गरी मन्त्रालयको निर्णय अनुसार प्रदेश सञ्चित कोषमा दाखिला गरिएको छ।
- विविध खातामा कुनकुन निकायको खाता सञ्चालनमा रहेको छ भन्ने विवरण माथि (परिच्छेद ३ को बुँदा नं.१ मा) प्रस्तुत गरिएको छ।

# परिच्छेद- चार  अध्ययनबाट देखिएका कुराहरु तथा निष्कर्ष

## १.कानूनी व्यवस्थामा देखिएका विषयहरु

- नेपालको संविधानको धारा २०५ मा प्रदेशका अन्य सरकारी कोषको व्यवस्था भएतापनि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा अन्य सरकारी कोषको परिभाषा गरेको छैन।
- संविधानको धारा २०५ अनुसार विनियोजन ऐन बमोजिम बाहेक कुनैपनि प्रदेश सरकारी कोषबाट रकम झिक्न नपाइने व्यवस्था भएतापनि प्रदेश विनियोजन ऐनमा अन्य सरकारी कोषको व्यय अनुमानको विवरण समावेश भएको देखिएन।
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा नियमावली २०७९ मा "अन्य सरकारी कोष" र "अन्य कोष" भनी फरक शब्दहरु उल्लेख गरिएको हुँदा एकरुपता कायम भएको देखिएन।
- अन्य सरकारी कोषको आय, व्ययलाई सरकारी रकमको परिभाषामा समेटिएको देखिएन। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २ को खण्ड (त) मा "सरकारी रकम"को परिभाषाभित्र अन्य सरकारी कोषको रकम समेत समावेश गर्नुपर्ने देखियो।
- प्रदेश आर्थिक कार्विधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीमा "अन्य निकाय", "अधिकार प्राप्त अधिकारी" र "कार्यालय"को परिभाषामा अन्य सरकारी कोष सञ्चालन गर्ने निकाय भनी स्पष्ट परिभाषित नभएकोले त्यसलाई समावेश गर्न आवश्यक रहेको पाइयो।
- समिति तथा अन्य सरकारी निकायलाई बजेट प्रणाली बाहिरका (एक्स्ट्रा बजेटरी) सार्वजनिक निकाय भनी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा उल्लेख गरिएको छ। गैरबजेट निकाय वा बजेट प्रणाली बाहिरका निकाय भनी वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको पाइयो।
- तर, नेपालको संविधानको प्रावधान अनुसार अन्य सरकारी कोष सञ्चालन गर्ने सबै निकायहरु बजेट प्रणालि भित्रकै निकायहरु हुन्। आकष्मिक कोष बाहेक अरु सबै सरकारी कोषहरु बजेट प्रणाली भित्र पर्दछन्।
- सार्वजनिक खरिद ऐनको प्रयोग गरिन्छ, मलेपबाट अन्तिम लेखा परीक्षण हुन्छ भने त्यस्तो कोषलाई बजेट प्रणालीमा ल्याउनुपर्छ। गैरसरकारी संस्थाले गरेको खर्च त बजेट प्रणालीमा आवद्ध गर्ने प्रयास भएको छ भने सरकारी निकायले गर्ने खर्चलाई बजेट प्रणालीभन्दा बाहिर राख्न मिलेन।
- सञ्चित कोष सञ्चालनलाई व्यवस्थित गरिएता पनि अन्य सरकारी कोषहरुको उचित व्यवस्थापन हुन सकेन। सञ्चित कोष सञ्चालनको लागि व्यवस्था गरिएका खाता सञ्चालनको व्यवस्था, लेखा

नियन्त्रक, मलेप फारम, खातासूची, लेखा तथा राजस्व निर्देशिका, वित्तीय विवरण वा प्रतिवेदनको ढाँचा, आय-व्ययको अनुमान, बजेट तर्जुमा प्रक्रिया, आयोजना वा कार्यक्रम स्वीकृति, खर्च निकासा तथा लेखाङ्कन, समीक्षा, अनुगमन तथा मूल्याङ्कन, वित्तीय उत्तरदायित्व, लेखापरीक्षण गराउने जिम्मेवारी र प्रतिवेदन कार्यान्वयन, बेरुजु फस्यौंट, अधिकार प्रत्यायोजन लगायतको प्रावधान अन्य सरकारी कोषमा सञ्चालनका लागि प्रष्ट हुनुपर्ने।

- प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४ तर्जुमा भएतापनि अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थाका लागि कुनै कार्यविधि नभएको।
- अस्पताल व्यवस्थापन समितिको कार्यविधि नभएको हुँदा समितिको कोष परिचालन व्यवस्थित भएको देखिएन।

**२. अन्य सरकारी कोष स्थापना तथा खाता सञ्चालनमा देखिएका कुराहरु**

- नेपालको संविधानको धारा २०४ को व्यवस्था अनुसार प्रदेश ऐन बमोजिम मात्र सरकारी कोष स्थापना गरिनु पर्नेमा मूल ऐनमा कोषको व्यवस्था नभएपनि नियमावली तथा कार्यविधि अनुसार समेत कतिपय सरकारी कोष स्थापना गरेको पाइयो।
- **सरकारी कारोबार निर्देशिका, २०७६** अनुसार संघीय निकायको लागि क-२.७ समूहको कार्यसञ्चालन कोष तथा अन्य खाता- सरकारी निकाय र क-२.१० समूहको अन्य खाता-संस्थान, समिति, परिषद् तथा बोर्डको खाताको व्यवस्था भएकोमा प्रदेश अन्तर्गतका निकायको लागि यस्तो खाता खोल्ने व्यवस्था उक्त निर्देशिकामा देखिएन।
- उक्त निर्देशिका अनुसारको खाता बाहेक चल्ती लगायतका अन्य खाता खोल्न नपाइने, महालेखा नियन्त्रक कार्यालयको सहमति र नेपाल राष्ट्र बैंकको स्वीकृति नलिईकन कुनै पनि खाता खोल्न नपाइने व्यवस्था रहेता पनि सो अनुसार सबै खाता सञ्चालन भएको पाइएन।
- धेरैजसो कोष स्थापना गर्ने कानूनमा “क” वर्गको वाणिज्य बैंकमा छुट्टै खाता खोल्ने विषय उल्लेख गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार खाता सञ्चालन भएको देखिएन।
- महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट ख-२.६ समूहको विविध खाताबाट अधिकांश समिति, बोर्ड परिषद् लगायतका निकायको रकम जम्मा तथा खर्च निकासा गरिएको छ। केही निकायको खाता सञ्चालन गरेको हुँदा विविध खातामा ल्याई सबै निकायको खाता सञ्चालन भएको देखिएन।
- **सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार ख-२.६ समूहको विविध खातामा** प्रदेश अन्तर्गतका कार्यालयको बजेट बाहिरका कुनै माध्यमबाट प्राप्त हुन आएको रकम जम्मा गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयले यो खाता खोल्नुपर्ने प्रावधान रहेको हुँदा अन्य सरकारी कोष स्थापना गर्ने कानूनी व्यवस्था र खाता सञ्चालनको उद्देश्य अनुसार विविध खाताबाट कारोबार गरेको उपयुक्त देखिएन।

- जस्तैः कुनै कोष स्थापना गर्ने कानूनमा कोषको खाता कार्यकारी निर्देशक र लेखाका कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गरिने उल्लेख भएकोमा विविध खाताबाट सो कोषको सञ्चालन गर्दा प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गतको कार्यालयका कर्मचारीबाट खाता सञ्चालन हुने भएकोले कानूनी व्यवस्था र अभ्यासमा तालमेल मिलेको पाइएन।
- विविध खातामा जम्मा गरेको रकम कुन कोषको हो वा के प्रयोजनको हो भन्ने स्पष्ट खुल्ने विवरण देखिदैन। आम्दानीको र खर्चको शीर्षकगत वर्गीकरण नगरी एकमुष्ट आय-व्यय मात्र पाइयो। यसबाट तोकिएको ढाँचामा वित्तीय विवरण तयार गर्न कठिनाई भएको।
- कानूनले कुनै सरकारी निकायको नाममा स्थापना हुने कोष सञ्चालन गर्ने अधिकार दिइएको कार्यकारी निर्देशक र लेखाका कर्मचारीले खर्च गर्ने गरी सञ्चित कोषबाट व्ययभार हुने गरी बजेटको अख्तियारी समेत दिइएको पाइयो। राजनीतिक नियुक्त हुने पदाधिकारीलाई सञ्चितकोषको खर्च गर्ने अख्तियारी दिन मिल्ने वा नमिल्ने र कानून सम्मत हुने/नहुने विषयमा ध्यान दिनुपर्ने देखियो।

## ३. बजेट तर्जुमा, लेखा तथा वित्तीय विवरणमा देखिएका कुराहरु

- प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेटमा अन्य सरकारी कोषको आय-व्ययको विवरण समावेश भएको देखिएन।
- बजेट तर्जुमा तथा स्रोत अनुमान गर्दा सरकारी कोषको बजेट अनुमान तथा प्रक्षेपण गरिएन।
- कोषको बजेट तर्जुमा गर्ने निश्चित समय नभएको। वार्षिक बजेट बनाई खर्च गर्ने परिपाटी सबै निकायमा नभएको। पटके निर्णयका आधारमा कोषबाट खर्च गर्ने गरेको पाइयो।
- बजेट/राजस्व/खर्च/लेखा/सार्वजनिक सम्पत्ति व्यवस्थापन लगायतका सूचना प्रणालीमा अन्य सरकारी कोष आवद्ध हुन सकेन।
- नगद रहित कारोबार बनाउने कार्य/प्रणालीमा अन्य सरकारी कोषलाई समावेश गरिएन।
- कोषबाट हुने खर्च र अख्तियारीबाट हुने खर्चको विश्लेषण गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिनुपर्ने। बजेट सिलिङ बाँडफाँट र बजेट छलफलमा यसतर्फ ध्यान दिनुपर्ने।
- कोषको प्राप्ति र भुक्तानीको मासिक/वार्षिक विवरण (म.ले.प फारम नं.२१५, २१५क.२१५ख. अनुसार वित्तीय प्रतिवेदन तयार गरेको पाइएन।
- मन्त्रालयहरुले वित्तीय विवरण/एकीकृत वित्तीय विवरण (म.ले.प फारम नं.२७०) मा सबै निकायको विवरण समावेश भएको देखिएन। समावेश गर्ने मन्त्रालयले पनि शीर्षकगत रुपमा नछुट्याई एकमुष्ट रकम समावेश गरेको देखियो।
- प्रदेश सरकारबाट दिइएको अनुदान रकम खर्च नभई बचत भएमा प्रदेश सञ्चित कोषमा फिर्ता भएको विवरण प्राप्त भएन। संघ सशर्त र विशेष अनुदानको स्रोतबाट निकासा भएको रकम समेत अन्य निकायको खातामा जम्मा गरिएको हुँदा खर्च नभई बाँकी रकम फिर्ता गर्दा संघ अनुदानको हिसाब छुट्टै राखी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

## ४. लेखापरीक्षण तथा सोको प्रतिवेदनमा सम्बन्धी विषयहरु

- आन्तरिक लेखापरीक्षण गर्ने निकाय फरक फरक तोकिएको पाइयो। केही निकायले आफैले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराउने उल्लेख भएको छ।
- प्रदेश लेखा नियन्त्रक कार्यालय वा अन्तर्गतका कार्यालयबाट र मान्यता प्राप्त लेखापरीक्षकमध्येबाट आन्तरिक लेखापरीक्षण गर्ने निकाय तोक्ने विषयमा लेखापरीक्षणको सिद्धान्त र प्रचलित मान्यता अनुसार आधार निर्धारण गरिनुपर्ने देखिन्छ।

**महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा अन्य सरकारी कोषको विषयहरुः-**

- महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ मा कोशी प्रदेश अन्तर्गत आय व्ययको कारोबार गर्ने समिति तथा अन्य संस्था १८ वटाको आयव्ययको विवरण अनुसूची-४ मा र बेरुजु वर्गीकरण अनुसूची-१० मा उल्लेख गरिएको छ। जसमा १४ वटा जिल्ला अस्पताल, खेलकुद विकास बोर्ड, मनमोहन प्राविधिक विश्वविद्यालय, प्रदेश लगानी प्राधिकरण र प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको मात्र विवरण समावेश भएको देखिन्छ। यस्तै कोषको विवरण अनुसूची-१३ मा उल्लेख रहेको छ।
- वन पैदावर आपूर्ति समिति, आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रको समिति, स्वास्थ्य कार्यालयमा रहेको महिला स्वास्थ्य स्वयंसेविका कोष, विपद् व्यवस्थापन कोष, निजामती आवासीय विद्यालय लगायतका निकाय तथा अन्य कोषको लेखापरीक्षण सम्बन्धी विवरण समावेश भएको देखिएन।
- आ.व.२०७९/८० मा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको छुट्टै खाता सञ्चालन नभएको र सञ्चित कोषको अख्तियारीबाट बजेट विनियोजन भएकोमा पनि अन्य संस्थाको रुपमा लेखापरीक्षणको विवरणमा समावेश भएको पाइयो।
- ऐ.अनुसूची-१५ मा आ.व.२०७९/८० मा प्रदेश मन्त्रालय/निकायमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली सहितको विवरण र सो अवधिको बेरुजु स्थिति रहेको छ। सो विवरणमा **समिति तथा अन्य संस्थाको लेखा उत्तरदायी अधिकृतको नामावली,** पदावधि र बेरुजु विवरण समावेश भएको देखिएन।

## ५. जनशक्ति तथा प्रशासनिक व्यवस्थामा देखिएका कुराहरु

- **प्रदेशका ९ वटा अस्पतालहरुमा लेखा समूहका कर्मचारीको दरबन्दी छैन।** प्रादेशिक अस्पताल भद्रपुरमा लेखा अधिकृत १ जनाको रहेको छ। उर्लाबारी, सुनसरी, इलाम, उदयपुर र संखुवासभामा गरी ५ वटा अस्पतालमा सहायक लेखापालको दरबन्दी रहेको छ।
- सोलुखुम्बु, ताप्लेजुङ, भद्रपुर अस्पतालमा सहायक लेखापाल करारमा लिई काम गराइएको छ।

- कतिपय निकायमा आर्थिक प्रशासन सम्बन्धी कार्य गर्न तथा समिति तर्फको आर्थिक कारोबार गर्न प्राविधिक कर्मचारी (जस्तै नर्सिङ अधिकृत) लाई तोकिएको पाइन्छ।
- लेखाका जनशक्तिमा लेखा ढाँचा तथा फारमको प्रयोग सम्बन्धी पर्याप्त ज्ञान नभएको वा प्रयोगमा नल्याएको हुँदा तालिम तथा क्षमता अभिवृद्धिको आवश्यकता देखियो।

**६. आय तथा शुल्क सङ्कलन र खर्चको अवस्था**

- कतिपय जिल्लाका अस्पताल विकास समितिले तोकेको सेवा शुल्क र निजी अस्पतालको सेवा शुल्क समान देखिएको हुँदा सरकारी अस्पतालमा न्यूनतम शुल्क वा सहुलियतमा सेवा पाउनुपर्नेमा अस्पतालको आयवृद्धि गर्न शुल्कलाई निजीक्षेत्रसँग समान बनाउने गरी वृद्धि हुने गरेको पाइयो।
- निशुल्क भनिएको कार्यक्रम अन्तर्गत पनि सेवाशुल्क लिने गरेको समेत पाइएको छ।
- अस्पतालले प्राप्त गर्ने स्वास्थ्य बीमाको रकम ठीक समयमा प्राप्त नहुने समस्या रहेको देखिन्छ। समयमै बीमा दावी रकम प्राप्त नहुँदा अस्पताल समितिको खर्चको भुक्तानी तथा नगद प्रवाहमा असर परेको पाइयो।
- एउटै शीर्षकमा संघ, प्रदेश, स्थानीय तह र समिति वा बोर्डको आम्दानीबाट खर्च हुँदा दोहोरो, तेहोरो परेको देखिन्छ।
- विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ताको कार्यविधि अनुसार प्रदेश सरकारबाट प्रोत्साहन भत्ताको व्यवस्था रहेको छ। यसका अवला अस्पताल विकास समितिबाट पनि भत्ता दिइने र अरु नियमित प्रकृतिको भत्ता पनि पाउने हुँदा चिकित्सक तथा स्वास्थ्यकर्मीले पाउने भत्तामा एकरुपता नभएको र कतिपय निकायमा दोहोरो तेहोरो भत्ता समेत देखियो।
- प्रोत्साहन भत्ता वितरण गर्दा सो कार्यमा प्रत्यक्ष संलग्न नहुने कर्मचारीले पनि बुझेको पाइयो।
- प्रोत्साहन भत्ता वा कुनै सेवा दिए वापत चिकित्सक वा स्वास्थ्यकर्मीले नगदै भत्ता पाउने कार्य गर्न समय दिने भएकोले भत्ता नपाउने प्रकृतिको सेवा प्रभावित हुनसक्ने जोखिम देखिन्छ।
- विदाको दिनमा काम गरे वापत सट्टा विदा अथवा अन्य सेवा सुविधाको व्यवस्था कतिपयमा अस्पतालमा रहेको तर सबैमा नभएको।
- औषधिजन्य सामग्री खरिदको लागि अस्पताल व्यवस्थापन समितिबाट, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट र अस्पतालमा प्रदेश स्रोतको बजेटबाट समेत खरिद हुने भएतापनि निःशुल्क वितरण गर्ने औषधिको लागि बजेट अपुग हुने जानकारीमा आएको छ।
- खरिद गर्ने, मर्मत सम्भार गर्ने वा लिलाम विक्री गर्ने वार्षिक कार्ययोजना नभएको।
- कतिपय निकायमा आवश्यकता पहिचान नगरी अनावश्यक र बढी औजार उपकरण खरिद हुने गरेको र एउटै कार्यलाई खण्डखण्डमा गरी खरिद गरिएको भनी लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको पाइयो।

- कतिपय निकायमा स-साना क्रियाकलाप बनाई अर्थात् थोरै रकमका धेरै कार्यक्रम वा आयोजना बनाएर खरिद गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा भएको देखिन्छ।
- **बजेट तथा कार्यक्रममा दोहोरोपनाः-** हलेसी, पाथीभरा, बराहक्षेत्र लगायतका धार्मिक एवम् पर्यटकीय स्थलमा पर्यटन पूर्वाधार विकासका लागि प्रदेश सरकार अन्तर्गतको पर्यटन विकास आयोजनाबाट पनि आयोजनाहरु सञ्चालनका लागि बजेट विनियोजन हुने गरेको छ। सोही स्थानका विकास समितिको कोषबाट खर्च गर्ने गरी पर्यटन पूर्वाधार तथा अन्य निर्माणका कार्यहरुमा समेत खर्च हुने गरेको देखिन्छ। यस्तै संघीय निकाय तथा स्थानीय तहको बजेट तथा कार्यक्रमबाट समेत पर्यटकीय स्थानमा आयोजना सञ्चालन हुनसक्ने भएकोले अन्तर निकाय समन्वय गरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ।

**७. विपद् तथा आकष्मिक कोष सञ्चालनको अवस्था**

- विपद्, महामारी तथा विशेष परिस्थितिमा तत्काल खर्च गर्नका लागि प्रदेश सरकारले विभिन्न कोषको व्यवस्था गरेता पनि पर्याप्त रकम व्यवस्था हुन सकेको छैन।
- कोरोना महामारीको समयमा पनि प्रदेश सरकारले आकष्मिक वा विशेष परिस्थितिको लागि कोष स्थापना गरेर विभिन्न स्रोतबाट रकम संकलन गरेको छ। २०८१ को असोजमा आएको मनसुनजन्य वर्षाको कारण आएको बाढी पहिरोबाट क्षतिग्रस्त संरचना वा पूर्वाधार तत्काल मर्मतसम्भार वा पुनर्निर्माण गर्न बजेट अभावको कारण अध्यादेश मार्फत छुट्टै कोष स्थापना गरी म.प.को निर्णय अनुसार चालु तर्फको १० प्रतिशत बजेट कटौती गरेर रकम व्यवस्थापन भएको छ।
- विपद् महामारी वा विशेष परिस्थितिको अवस्था सिर्जना भईसके पछि बजेट कटौती गरेर वा अन्य स्रोतबाट रकम जुटाएपछि मात्र खर्च व्यवस्था गर्न समयलाग्ने भएकोले यसका लागि पूर्व तयारी र स्रोतको जोहो गरिराख्न प्रदेश सरकारका सम्बन्धित मन्त्रालयले विशेष ध्यान दिन आवश्यक देखिन्छ।
- नेपालको संविधानको धारा २१२ मा प्रदेश आकष्मिक कोषको व्यवस्था अनुसार प्रदेश आकष्मिक कोष सञ्चालन ऐन, २०७५ समेत बनेको छ। तर कोष स्थापना गरिएको छैन। विपद् कोष, कोरोना जनसुरक्षा कोष, राहत कोष, आकष्मिक स्वास्थ्य व्यवस्थापन कोष जस्ता कोषहरु पनि आकष्मिक अवस्थामा खर्च गर्नका बनाइएका कोषहरु हुन्। संविधानमा व्यवस्था भएको आकष्मिक कोषको सट्टा सोही कार्य गर्नका अन्य कोषहरु स्थापना तथा सञ्चालन भईरहेको पाइयो। आकष्मिक कोषबाट रकम खर्च गर्नका लागि विनियोजन ऐनमा समावेश गर्न नपर्ने अर्थात् प्रदेश सभाबाट बजेट पारित गरिरहन नपर्ने भनी संविधानमा उल्लेख छ। अन्य कोषहरुको भने विनियोजन ऐन बमोजिम मात्र रकम झिक्न पाइने व्यवस्था रहेको छ।

- विद्यमान ऐनमा कम्तीमा कति रकम हुनुपर्छ भनी उल्लेख भएको देखिदैन। संघीय ऐनले एक करोड रहने व्यवस्था छ भने धेरैजसो प्रदेशमा पनि त्यहीं छ। वाग्मती प्रदेशको ऐनमा भने पाँच करोड रकम राख्ने व्यवस्था गरिएको छ।
- कोरोना जनसुरक्षा कोषमा हाल २१ करोड रकम मौज्दात रहेको छ। कोरोना महामारीको समयमा स्थापना भएको उक्त कोषको हाल औचित्य समाप्त भईसकेको हुँदा सो कोषलाई खारेज गरी मौज्दात रकमको उपयोग गर्नुपर्ने भनी महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समेत सैद्धान्तिक बेरुजु औंल्याएको देखिन्छ। कोरोना जनसुरक्षा कोष सञ्चालन कार्यविधिमा उक्त कोष खारेज हुँदा मौज्दात रकम मुख्यमन्त्री राहत कोषमा दाखिला गर्ने भनिएता पनि हालसम्म मुख्यमन्त्री राहत कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था भएको देखिएन।

# परिच्छेद-पाँच कार्यदलको सुझाव तथा सिफारिस

(क) सुझावहरुः-

## १. अन्य सरकारी कोष सम्बन्धी सुझाव

**प्रदेशका अन्य सरकारी कोषलाई व्यवस्थित गर्न देहायका सुझावहरु प्रस्तुत गरिएको छः-**

- **अन्य सरकारी कोषलाई परिभाषित गर्नुपर्नेः-** नेपालको संविधानको धारा २०५ मा र प्रदेशआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को प्रस्तावनामा, दफा ३ र ५ मा उल्लेख भए अनुसार प्रदेशका अन्य सरकारी कोषलाई परिभाषित गर्नुपर्ने।
- **एकलखाता कोषबाट कारोबार गर्न सकिनेः** नेपाल सरकार वा प्रदेश सरकारको स्रोतबाट खर्च व्यहोर्ने वा अनुदान प्राप्त गर्ने बाहेक अन्य स्रोतको आय नहुने भएमा वा अन्य स्रोतको आय भएतापनि प्रदेश सञ्चितकोषमा राजस्व जम्मा गरी प्रदेश सञ्चित कोषबाट प्रदेश विनियोजन ऐन अनुसार खर्च व्यहोर्न सकिने अवस्थामा अन्य सरकारी कोषको स्थापना नगरी प्रदेशको एकल खाताकोष प्रणालीबाट वा बजेटको अख्तियारी मार्फत खर्च गर्न सकिने।
- **अन्य सरकारी कोष स्थापनाको औचित्य पुष्टि हुनुपर्नेः** प्रदेशका अन्य सरकारी कोष स्थापना गर्ने आधार, औचित्य र कोषको प्रावधान राख्ने गरी कानून तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय स्पष्ट हुने गरी निर्धारण गरिनुपर्ने।
- **ऐन बमोजिम मात्र कोष स्थापना गरिनु पर्नेः** नेपालको संविधानको धारा २०४ मा प्रदेश सरकारलाई प्राप्त हुने आयलाई प्रदेश ऐनले अर्को व्यवस्था नगरेसम्म प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने भएकोले ऐन बमोजिममात्र अन्य कोष स्थापना हुनुपर्ने देखिन्छ।
- कोष सञ्चालन र व्यवस्थापन गर्ने क्षमता, वित्तीय उत्तरदायित्व, पारदर्शिता र आर्थिक अनुशासनको सुनिश्चितता हुनुपर्ने।
- **अनुदान दिने मापदण्ड बनाउनु पर्नेः** समिति बोर्ड जस्ता सरकारी निकायलाई प्रदेश सरकारले अनुदान दिंदा खर्चको आवश्यकता, आयसंकलनको अवस्था र कोषमा रहेको मौज्दात रकमलाई हेरेर मात्र वजेट विनियोजन तथा निकासा गर्नुपर्दछ। शर्त सहितको अनुदान निकासा गर्दा अघिल्लो किस्ताको खर्चको प्रगति विवरण हेरेर मात्र बाँकी किस्ता निकासा दिने व्यवस्था गर्न सकिन्छ।
- प्रदेश सरकारले अनुदान दिइएको रकम खर्च नभई बचत भएमा सोही आर्थिक वर्षभित्र अनिवार्य रुपमा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। बचत रकम फिर्ता नभएमा प्रदेशले दिने अनुदानबाट कटौती गर्ने व्यवस्था कार्यान्वयन गरिनु पर्दछ।
- **तोकिएको खाता सञ्चालन गर्नुपर्नेः** समिति तथा अन्य संस्थाले महालेखा नियन्त्रक कार्यालयले तोकेको खाता खोल्नुपर्दछ। सरकारी कारोबार निर्देशिका अनुसार खाता सञ्चालन गर्नु पर्दछ।

छुट्टै बैंकमा रहेको खाता बन्द गर्नुपर्दछ। विविध खातामा रहेको वा बैंकमा रहेको रकमलाई ख-२.८ समूहको खातामा रकम सार्नु पर्दछ।

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ लगायतका अन्य कानूनी व्यवस्था अनुसार कोष परिचालन गरिनुपर्ने। अख्तियारी, खर्च गर्दा ध्यान दिनुपर्ने कुराहरु, राजस्व आयलाई दाखिला गर्ने र आम्दानी बाध्ने, पेश्की, धरौटी, जिन्सी व्यवस्थापन तथा लिलाम विक्री, बेरुजु फस्योंट तथा फरफारक, सरकारी बाँकी सरह असुल उपर र वित्तीय उत्तरदायित्वको लगायतको विषयमा सोही ऐन तथा नियमावलीमा भएको व्यवस्था अन्य निकायले समेत पालना गर्नु पर्दछ।
- प्रदेशको आर्थिक कार्यविधि सम्बन्धी कानूनले तोकेको ढाँचामा वार्षिक कार्यक्रम तयार गर्नुपर्नेछ र प्रगति विवरण समेत तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्दछ।
- **कोष सञ्चालन कार्यविधि तर्जुमाः-** अन्य सरकारी कोष सञ्चालनको सम्बन्धी कानूनमा भएको व्यवस्था बमोजिम निर्देशिका वा कार्यविधि बनाउनु पर्ने। प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधिलाई परिमार्जन गरी सरकारी कोष सञ्चालनको एकीकृत कार्यविधि बनाउन सकिने।
- **खाता सञ्चालनको स्पष्ट व्यवस्था हुनुपर्नेः-** प्रदेशका अन्य सरकारी कोष स्थापना वा खाता खोल्नका लागि सरकारी कारोबार निर्देशिका, २०७६ को दोस्रो संशोधनमा भएको व्यवस्थालाई कार्यान्वयन गरिनु पर्ने। कुनै पनि निकायले बैंकमा छुट्टै खाता सञ्चालन गर्न नहुने र ब्याज आउने गरी कुनै पनि सरकारी रकमलाई मुद्दती खाता खोली सञ्चालन गर्नु हुँदैन। सरकारी कारोबार निर्देशिका अनुसार आम्दानी, खर्च र हिसाब मिलान खाताको व्यवस्था गरी कारोबार गरिनुपर्दछ।
- **एकीकृत कोष प्रणाली लागू गर्नु पर्नेः** एउटा नामको कोष एकभन्दा बढी निकायबाट सञ्चालन हुने भएमा एकीकृत प्रणालीबाट कारोबार गर्न सकिने।
- **अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले आर्थिक विनियमावली वा निर्देशिका बनाउन सक्ने प्रावधान हुनुपर्ने।** आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्तो निर्देशिका बनाउन सक्ने कानूनी प्रावधान हुनुपर्ने। आर्थिक मामिला तथा योजना मन्त्रालयको राय सहमति उपलब्ध गराउँदा कोष खाता सञ्चालन, वित्तीय विवरण लगायतको विषयमा प्रदेश लेखा नियन्त्रक कार्यालयसँग समेत परामर्श गरी राय सहमति प्रदान गर्न उपयुक्त हुने।
- कोष सञ्चालनको लागि आर्थिक विनियमावली वा निर्देशिकाको नमूना बनाईदिनु पर्ने।
- प्रदेश सरकारको बजेटको कार्यान्वयनको त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षामा र सोको प्रतिवेदनमा अन्य सरकारी कोषको आयव्यय तथा कार्यक्रमको प्रगति समेत समेट्नु पर्ने। मन्त्रालयको अन्य कार्यक्रमसँगै अन्य कोषको रकमबाट व्ययभार हुने गरी सञ्चालन गरेको कार्यक्रमको कार्यान्वयन र आम्दानी तथा खर्चको भौतिक र वित्तीय प्रगतिको समीक्षा गर्नुपर्नेछ।
- **अन्य सरकारी कोषबाट खर्च गर्ने अधिकारप्राप्त अधिकारीको परिभाषित हुनुपर्नेः-** स्थायी कर्मचारीबाट खर्च तथा लेखा सम्बन्धी कारोबार हुनुपर्ने। वित्तीय उत्तरदायित्व बहन गराउन सकिने जिम्मेवार व्यक्ति स्थायी कर्मचारी नै हुने भएकोले राजनीतिक नियुक्ति हुने

पदाधिकारीलाई खाता सञ्चालनको अधिकार दिन नहुने। प्रायः सबै सरकारी निकायमा आर्थिक अधिकार कर्मचारीलाई नै छ।

- अन्य सरकारी कोष सञ्चालन गर्ने निकाय भनी कार्यालयको परिभाषामा समेटिनुपर्ने। **लेखाउत्तरदायी अधिकृतको** परिभाषा भित्र अन्य सरकारी कोष सञ्चालन गर्ने निकायको प्रशासकीय प्रमुखलाई पनि समावेश गरिनुपर्ने।
- खेलुकुद विकास बोर्ड, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, निजामती आवासीय विद्यालय, सिटिईभिटीको प्रदेश कार्यालय, प्राविधिक शिक्षालय एवम् पोलिटेक्निक इन्टिच्युटलाई प्रदेश सञ्चित कोषबाट खर्च गर्ने गरी PLMBIS बाट अख्तियारी दिएको छ। अन्य कोषको खाता सञ्चालन गर्ने अधिकार भएको कार्यकारी निर्देशक वा प्रशासकीय प्रमुखलाई सञ्चितकोषको खाताबाट वा अख्तियारीबाट खर्च गर्ने अधिकार हुने, नहुने विषयमा स्पष्ट हुनुपर्ने।
- **अनुदान संकेत दिनुपर्नेः-** अन्य सरकारी कोष वा सो कोष परिचालन गर्ने निकायलाई छुट्टै अनुदान संकेत दिनुपर्ने। प्रदेशआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २ (क) मा अन्य निकायको परिभाषामा प्रदेश कानून बमोजिम गठित निकायलाई समेत जनाउँछ भन्ने उल्लेख रहेको र ऐ.(ग) मा अन्य निकाय आदिको कार्य प्रकृति र सङ्गठन समेत छुट्टिने गरी अनुदान संकेत दिइने उल्लेख रहेको हुँदा अन्य सरकारी कोषको पहिचान हुने गरी संकेत दिन सकिने।
- **लेखाङ्कन र प्रतिवेदनको ढाँचा तथा फारमहरुमा एकरुपता गर्नुपर्नेः** नेपाल सरकारले तोकेको खाता सूची (आर्थिक संकेत) तथा लेखा ढाँचा र मलेप फारमको प्रयोग अन्य सरकारी कोष सञ्चालन गर्ने सबै निकायमा अनिवार्य रुपमा लागू गर्नुपर्ने। यसको लागि आर्थिक प्रशासनमा काम गर्ने कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने।
- **एकीकृत वित्तीय विवरण** (NEPSAS) मा सबै निकायको वित्तीय विवरणलाई समावेश गर्नुपर्ने।
- **E-payment-** आगामी २ वर्षभित्र समिति, बोर्ड, प्रतिष्ठान परिषद् लगायतका सबै निकायमा नगद रहित भुक्तानी वा विद्युतीय भुक्तानी (E-payment) अनिवार्य रुपमा लागू गर्नुपर्ने। पाँचहजार भन्दा बढीको भुक्तानी गर्दा वा शुल्क दाखिला गर्दा अनिवार्य खातामा भुक्तानी हुने व्यवस्था तत्कालै कार्यान्वयन गर्नुपर्ने।
- **बजेटमा समावेश गर्नुपर्नेः** विनियोजन ऐनको अनुसूचीमा अन्य सरकारी कोषबाट हुने व्ययको अनुमानको रकम समेत समावेश गर्नुपर्ने। प्रदेशको बजेट वक्तव्यमा र व्यय अनुमानको विवरण (रातो किताब) मा अन्य सरकारी कोषबाट हुने व्यय अनुमानलाई पनि समावेश गर्नुपर्ने।
- **बजेट तथा कार्यक्रम स्वीकृत गर्ने समय तोकिनुपर्नेः** प्रदेशको बजेटसँगै (असार १ गतेभित्र) अन्य सरकारी कोष सञ्चालन गर्ने निकायको बजेट तथा कार्यक्रम स्वीकृत गर्न उपयुक्त हुने। कतिपय निकायलाई प्रदेश सरकारबाट अनुदान प्राप्त भएपछि कार्यक्रम तर्जुमा गर्न समय लाग्ने भएमा प्रत्येक वर्षको श्रावण १५ भित्र बजेट तथा कार्यक्रम स्वीकृत गरिसक्ने गरी समय तोक्नुपर्ने। वार्षिक कार्यक्रम स्वीकृत नगरी खर्च गर्न नपाइने व्यवस्था अनिवार्य रुपमा लागू गर्नुपर्ने।

प्रदेशले दिने अनुदानको रकम निकासा गर्दा वार्षिक कार्यक्रम स्वीकृत भए नभएको हेरेर मात्र निकासा दिनुपर्ने।

- **कोषबाट विभिन्न कार्यालयहरुलाई अख्तियारी दिन सकिने व्यवस्था गर्न सकिनेः** एउटा प्रकारको कोष एकभन्दा बढी निकायबाट सञ्चालन हुने भएमा प्रणालीबाट अख्तियारी दिन सकिने व्यवस्था गर्न उपयुक्त हुने।
- **रकमान्तर तथा कार्यक्रम संशोधनको व्यवस्था प्रष्ट हुनुपर्नेः** अन्य सरकारी कोषबाट रकमान्तर, स्रोतान्तर तथा कार्यक्रम संशोधनको निश्चित सीमा, समय र निर्णय गर्ने पदाधिकारी वा निकाय तोकिनु पर्ने। यसका लागि प्रदेश विनियोजन ऐनमा पनि समावेश गर्न सकिन्छ।
- **खर्च गर्ने क्षेत्र र प्रकृति निर्धारण हुनुपर्नेः** अन्य कोषबाट र प्रदेश सञ्चितकोषको अख्तियारी समेत गरी दुवैतर्फबाट बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायको लागि खर्चको क्षेत्र स्पष्ट छुट्टिनु पर्ने। बजेट तथा कार्यक्रममा, आयव्ययको हिसाबमा र कागजातमा दोहोरोपन वा अन्यौलता हुन नदिने प्रणालीको विकास गर्नुपर्ने। सञ्चित कोषको अख्तियारीको खर्च र कोषको खर्चको क्षेत्र छुट्टिनु पर्दछ।
- **समिति  वा अन्य संस्थाको सरकारी कोषको रकम परिचालनका विधिहरुः-**
  - ✓ कोषबाट सोझै खर्च गर्न सकिने कार्यक्षेत्र र दायरा फराकिलो बनाइदिनु पर्ने।
  - ✓ प्रदेश सरकार वा स्थानीय तहसँगको साझेदारीमा कोष परिचालन गर्न सकिने।
  - ✓ समिति वा अन्य निकायले संकलन गर्ने केही शीर्षकको शुल्क वा आयलाई प्रदेश सञ्चित कोषमा राजस्व खातामा दाखिला गर्ने गरी कानून तर्जुमा गर्न सकिने।
  - ✓ सम्बन्धित निकायको कार्यक्षेत्रमा प्रदेश सरकारले खर्च गरेमा वा निर्माण गरिदिए बराबरको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्न सकिने।
  - ✓ खर्च नभई बचत हुने निश्चित रकम कानूनमा तोकी प्रदेश सञ्चित कोषमा दाखिला गर्ने।
  - ✓ विपद्, महामारी वा आकष्मिक कार्यका लागि प्रदेश सरकारलाई सहयोग गर्ने आदि।

- **अन्य सरकारी कोष स्थापना गर्दा, कुनै स्वायत्त संस्थाको गठन वा सो सम्बन्धी कानून निर्माण गर्दा निश्चित आधार तथा मापदण्ड निर्धारण हुनुपर्नेः**
  - ✓ कोष स्थापना गर्ने सुरुको वर्षमा सो निकायको खर्चको कम्तीमा २० प्रतिशत खर्च धान्न सक्ने आफ्नो आन्तरिक आयस्रोत हुनुपर्ने। आफ्नो आन्तरिक आयले सो निकायको अनिवार्य दायित्व र प्रशासनिक खर्च धान्न सक्ने आयस्रोत कम्तीमा हुनुपर्दछ।
  - ✓ आगामी पाँच वर्षसम्ममा आन्तरिक आयबाट कम्तीमा ६० प्रतिशत खर्च धान्न सक्ने हुनुपर्दछ। सबै प्रकारको चालु खर्च, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको रकम छुट्टै कोषबाट व्यहोर्न सक्ने आयस्रोत हुने आधार र आयवृद्धि गर्न सक्ने सम्भावित क्षेत्र पहिचान र सो अनुसार कार्य गर्ने प्रतिवद्धता हुनुपर्दछ।

- ✓ आगामी दश वर्षसम्ममा आफ्नो आम्दानीले सबै खर्च धान्न सक्ने र प्रदेश सरकारको अनुदान दिन नपर्ने गरी आयस्रोत भएको हुनुपर्दछ। सरकारले अनुदान दिन परेमा पनि प्रशासनिक खर्च, तलब भत्ता जस्ता दायित्व व्यहोर्न साधारण खर्चमा नभई विकास तथा कार्यक्रम खर्चमा शर्त सहित अनुदान दिन सकिन्छ।
- ✓ छुट्टै कोषको आवश्यकता छ भनी अवधारणापत्र तयार गर्दा वा कानून तर्जुमा गर्दा आगामी दश वर्षसम्मको आयस्रोतको अनुमान गरी खर्च व्यहोर्ने स्रोतको कार्ययोजना वा आर्थिक प्रस्ताव बनाएको हुनुपर्दछ।
- ✓ कोषको परिचालन, बजेट तथा कार्यक्रम तर्जुमा, खर्च निकासा, लेखाङ्कन र प्रतिवेदन, लेखापरीक्षण, पारदर्शिता, वित्तीय उत्तरदायित्व, अनियमितता र राजस्व चुहावट हुन नदिन आन्तरिक नियन्त्रण प्रणाली, बेरुजु फस्यौंट र आर्थिक अनुशासन कायम गर्न सक्ने र सोको अनुगमन सुपरिवेक्षण गर्ने संयन्त्र प्रभावकारी हुनुपर्दछ, जनशक्तिको क्षमता हुनुपर्दछ र आर्थिक कारोबारमा संलग्न कर्मचारी तथा पदाधिकारीलाई जिम्मेवार बनाउने गरी कानूनी व्यवस्था हुनुपर्दछ।
- ✓ **दोहोरो अख्तियारी हुन नहुनेः-** एउटै प्रयोजनका लागि सञ्चित कोषबाट र अन्य कोषबाट खर्च गर्ने गरी दोहोरो व्यवस्था हुन हुँदैन। एउटै निकायमा र एउटै पदाधिकारीले दुई वा सोभन्दा बढी कोषको दोहोरो अख्तियारी प्रयोग गर्न दिनु हुँदैन।
- ✓ कोष अविच्छिन्न भएपनि कोषको रकम खर्च गर्दा आर्थिक वर्षको सिद्धान्त अनुसार बजेट बनाई आर्थिक वर्ष समाप्त भएपछि कारोबार तथा खाता बन्द गर्ने प्रावधान हुनुपर्दछ।
- ✓ संघ/प्रदेश सरकार वा स्थानीय तहबाट सशर्त वा निशर्त दिइएका अनुदानहरु आर्थिक वर्षसमाप्त हुनु अगावै सम्बन्धित सञ्चित कोषमा फिर्ता हुनुपर्दछ। फिर्ता नगरेमा बचत रकम बराबरको रकम अर्को वर्ष दिने अनुदानबाट कटौती हुनुपर्दछ।
- ✓ अन्य सरकारी कोषमा मौज्दात रहेको रकम, आम्दानीको स्रोत र संकलनको अवस्था, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमता, आन्तरिक नियन्त्रण प्रणालि वित्तीय सुशासन जोखिम मूल्याङ्कन तथा बेरुजुको स्थिति समेत विश्लेषण गरेर प्रदेश सरकारले दिने अनुदानको रकममा थपघट गर्नुपर्दछ।
- ✓ लक्ष्य भन्दा कम राजस्व संकलन भएको अवस्थामा वा संघबाट आउने अनुदान कटौती भई प्रदेश सञ्चित कोषमा रकम अभाव भई विनियोजन बजेट खर्च गर्न नसकिने अवस्थामा बजेट रोक्का वा समर्पण गर्नुपर्दा अन्य सरकारी कोष सञ्चालन गर्ने निकायलाई दिइने अनुदान कटौती वा खर्च रोक्का गर्नुपर्दछ।
- ✓ कोष सञ्चालन गर्ने निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति नलिई प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु हुँदैन। साथै विनियोजन

भएको भन्दा बढी भुक्तानी दिने गरी प्रदेशको अनुदान स्रोत राखेर खर्चको प्रतिवद्धता जनाउनु हुँदैन।

- ✓ कोषको आन्तरिक स्रोतबाट खर्च धान्ने क्षमता भन्दा बढीको खर्च दायित्व सृजना गर्ने गरी निर्णय गर्नु हुँदैन। एकवर्ष भित्र सम्पन्न नहुने कार्यमा आगामी आर्थिक वर्षहरुको लागि वा बहुवर्षीय दायित्व सृजना गर्नुपर्दा आन्तरिक स्रोतको बीस प्रतिशत भन्दा बढी नहुने गरी कानूनी व्यवस्था गरेर मात्र यस्तो कार्य गरिनु पर्दछ।
- ✓ कोष सञ्चालन गर्ने निकायको आर्थिक विनियमावली बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनु पर्दछ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ को व्यवस्थामा प्रतिकूल नहुने गरी आर्थिक विनियमावली वा निर्देशिका बनाउनु पर्दछ।
- ✓ **कोषमा आम्दानी बढी भएमाः-** कुनै निकायको खर्च आवश्यकता भन्दा आम्दानी बढी हुने भएमा सोको उचित व्यवस्थापन हुनुपर्छ र धेरै रकम कोषमा मौज्दात रहन दिनु हुँदैन।
- ✓ सोही प्रकृतिका कार्य गर्ने र एउटै उद्देश्य भएका अन्य निकायको कोषमा रकम अपुग भएकालाई अन्तर निकाय अनुदान दिन सकिने गरी व्यवस्था गर्न सकिन्छ।
- ✓ एकभन्दा बढी कार्यालय वा निकायबाट एउटै कोष प्रयोग गर्ने भएमा सबै निकायको आम्दानी एकीकृत गरी कोषबाट कार्यालयहरुलाई अख्तियारी दिने प्रणाली बनाउन सकिन्छ। यसो गर्दा कम आम्दानी भएर खर्च गर्न रकम अपुग हुने र बढी आम्दानी भएर खर्च नभई बचत हुने निकायबीचको आयव्ययमा सन्तुलन मिलाउन सकिन्छ र स्रोतको उचित उपयोग पनि हुन्छ।
- ✓ अघिल्लो वर्षमा भएको खर्चको बीस प्रतिशत भन्दा बढी रकम अन्य कोषमा मौज्दात देखिएमा त्यस्तो बढी भएको मौज्दात रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गर्न सकिन्छ।
- ✓ कोषको मौज्दात रकमलाई पछि दायित्व सिर्जना हुँदा सोही कोषमा ट्रान्सफर गर्ने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले हिसाब राखेर प्रदेश सञ्चित कोष सन्तुलन मिलाउनका लागि उपयोग गर्न सकिन्छ।
- ✓ कानूनमा व्यवस्था नभई र अधिकारप्राप्त अधिकारीबाट स्वीकृत नगरी कोषको रकम अन्यत्र लगानी गरी आयआर्जन गर्ने उद्देश्यले परिचालन गर्नु हुँदैन।
- ✓ कोषमा मौज्दात रकम धेरै हुने निकायलाई प्रदेश सरकारले अनुदान नदिने वा अनुदानको लागि विनियोजित रकम कटौती गर्न उपयुक्त हुने।

- **आयस्रोतको सम्बन्धमाः** समिति बोर्ड लगायतका स्वायत्त संस्थाले आफ्नो आन्तरिक आयवृद्धि गरी आवश्यक खर्च धान्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ। संघ वा प्रदेश सरकारको अनुदान प्रतिमात्र निर्भर नभई आफ्नो आयस्रोतको पहिचान र दायरा विस्तार गर्दै जानुपर्ने देखिन्छ।
- नेपालको संविधान र प्रचलित कानून अनुसार कर राजस्वको रुपमा सङ्कलन हुने, संघ, प्रदेश तथा स्थानीय तहको अधिकारक्षेत्रको राजस्व, शुल्क तथा दस्तुर लगाउने तथा उठाउने विषयमा समिति वा अन्य संस्थाको आयस्रोतमा राख्न नहुने, कानून अनुसार सञ्चित कोषमा आम्दानी बाँधिने राजस्वलाई अन्य निकायको कोषमा जम्मा गर्न नहुने। विज्ञापन कर लगायत प्रदेश कानून अनुसार लगाइएको कर संकलनको आम्दानी अन्य निकायको कोषमा दाखिला नगरी प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने विभाज्य कोषमा दाखिला गर्न उपयुक्त हुने।
- धार्मिक तथा पर्यटकीय क्षेत्र विकास समिति तथा अन्य निकायको समन्वयमा प्रदेश वा स्थानीय तहले लगाएको पर्यटन शुल्क लगायतको राजस्व संकलन गर्न उपयुक्त हुने देखिन्छ।
- **खर्चको मापदण्ड स्पष्ट हुनुपर्नेः** समिति, बोर्ड लगायतका स्वयत्त संस्थाको कोषबाट खर्च गर्नका लागि स्पष्ट मापदण्ड निर्धारण हुनु पर्दछ। खर्चको मापदण्ड (नर्मस्) लाई सबैले जानकारी पाउन सकिने गरी सार्वजनिक गरिनु पर्दछ अथवा प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्दछ। बैठकभत्ता, भ्रमण खर्च, तालिम गोष्ठीको खर्च, इन्धन, घरभाडा लगायतको मापदण्ड र खर्चमा मितव्ययिता गर्ने विषयमा नेपाल सरकार वा प्रदेश सरकारले लागू गरेको मापदण्ड वा निर्देशिकालाई अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले समेत पालना गर्नुपर्दछ।
- **सेवा सुविधामा समानता हुनुपर्नेः** समान पदमा कार्य गर्ने पदाधिकारीलाई सेवा सुविधामा समानता हुनुपर्दछ। जस्तैः प्रशासन तर्फ सहसचिवलाई गाडी सुविधा छ भने ११औं तहका स्वास्थ्यकर्मीलाई गाडी सुविधा उपलब्ध नभएको अवस्था छ। यसैगरी सेवा करारमा र स्थायी रुपमा कार्य गर्ने व्यक्तिमा फरक सेवा सुविधा हुँदा सेवा प्रवाहमा असर पर्ने हुँदा दरबन्दी र पदपूर्तिमा समानता कायम गर्न उपयुक्त हुने।
- **C-GAS प्रणाली लगायतका खर्चको प्रणालीमा आवद्ध गर्नुपर्नेः-** अन्य सरकारी कोषको बजेट तथा कार्यक्रमलाई प्रदेशको बजेटको PLMBIS प्रणालीमा र आम्दानी एवम् खर्चको प्रतिवेदनलाई C-GAS/RMIS जस्ता प्रणालीमा आवद्ध गर्नुपर्दछ। यसोगर्दा अन्य कोषको कार्यक्रम, आयव्ययको विवरणलाई सम्बन्धित मन्त्रालयले सहज रुपमा प्राप्त गर्न सकिने र एकीकृत वित्तीय विवरण तयार गर्न सकिन्छ।
- **कोषमा रकम जम्मा गर्न नपाइनेः** सरकारी राजस्वमा जम्मा गर्नुपर्ने भनी प्रचलित कानूनले निर्दिष्ट गरेका कर, शुल्क, दस्तुर, जरिवाना, लिलाम बिक्रीबाट प्राप्त आम्दानी र यस्तै अन्य रकमहरु समिति वा संस्थाको कोषमा वा खातामा जम्मा गर्न हुँदैन। संघ, प्रदेश वा स्थानीय तहको अधिकारक्षेत्रमा पर्ने राजस्व सम्बन्धित निकायको सञ्चित कोषमा दाखिला हुने गरी राजस्व शीर्षक तथा खातामा दाखिला गरिदिनु पर्दछ।

- **आय वा शुल्क उठाउने दर तथा क्षेत्र ऐनले वा प्रदेश सरकारले तोकिदिनु पर्ने:** अन्य सरकारी कोषमा जम्मा हुने गरी सम्बन्धित निकायले लगाउन सक्ने शुल्कको क्षेत्राधिकार र दरको विषयमा प्रदेश कानूनले वा प्रदेश सरकारले निर्धारण गरिदिनु पर्दछ। यस्तो शुल्क निर्धारण गर्दा समान भौगोलिक क्षेत्र भएका निकायमा एकरुपता हुने गरी तोकिनु पर्दछ। सम्बन्धित निकायले दर वा शुल्क तोक्ने भए निश्चित आधारमा मात्र तोकिनु पर्दछ। सेवा शुल्क तोकिएको विषय सार्वजनिक हुनुपर्दछ वा राजपत्रमा प्रकाशन हुनुपर्दछ।
- **सेवा शुल्कमा छुट दिने प्रावधान कानूनबाट व्यवस्थित हुनुपर्ने:** सम्बन्धित निकायले लिने सेवा शुल्कमा कुनै लक्षित वर्गलाई छुट वा सहुलियत दिइने भए त्यसलाई ऐन कानूनमा समावेश गरिनुपर्छ। कानूनमा व्यवस्था नभई छुट दिनु हुँदैन।
- **छुट दिएको रकमको अभिलेख राख्नुपर्ने:** कुनै निकायले सेवा शुल्कमा दिइएको छुटको शीर्षकगत रुपमा खुलाएर अभिलेख राख्नुपर्दछ। हरेक वर्षको आयव्ययको अनुमान वा वार्षिक कार्यक्रम तर्जुमा गर्दा सेवाशुल्कमा दिइएको छुटको विवरण समेत केन्द्रीय निकाय वा सभामा पेश गर्नुपर्दछ।
- **आय सङ्कलन प्रणालीमा आवद्ध गर्नुपर्ने:-** राजस्व वा सेवाशुल्क सङ्कलन गर्दा बैंकिङ प्रणाली वा विद्युतीय भुक्तानी प्रणालीमा आवद्ध गर्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको प्रणाली प्रयोग गर्न सकिन्छ। यसोगर्दा प्रणालीमा एकरुपता र आवद्धता कायम हुने र आयको विवरण सहज रुपमा प्राप्त गर्न एवम् एकीकृत वित्तीय विवरण तयार गर्न समेत सहज हुन्छ।
- **आयव्ययको सन्तुलन तथा बजेट नियन्त्रण:** आम्दानी भन्दा बढी खर्च हुन नदिन बजेट नियन्त्रण र सन्तुलनको कार्य गर्नु पर्दछ। आय कम संकलन हुने अवस्था  हुँदा वा सरकारबाट आउने अनुदान कटौती हुँदा खर्च रोक्का राख्नुपर्ने हुन्छ।
- **वैदेशिक स्रोतबाट रकम प्राप्तिका लागि स्वीकृति लिने प्रक्रिया स्पष्ट हुनुपर्दछ:-** कुनै निकायले वैदेशिक स्रोतबाट कुनै कार्यको लागि अनुदान प्राप्त गर्न परेमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत संघ अर्थ मन्त्रालयमा लेखी पठाउन सकिन्छ। यस्तो रकमको निकासा तथा खर्चको प्रक्रिया विकास सहायता परिचालन सम्बन्धी नीति एवम् निर्देशिका अनुसार गर्नुपर्दछ। प्रदेश सरकारबाट स्वीकृत भएको विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८ बमोजिम वैदेशिक सहायताको परिचालन गर्नुपर्ने हुन्छ।
- **कोष/निकाय खारेज हुँदा बाँकी रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनुपर्ने:** कोष खारेज गर्दा वा कोष सञ्चालन सम्बन्धी कानून खारेज गर्दा कोषमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने पदाधिकारी तोकिनु पर्दछ। कोष सञ्चालन सम्बन्धी कानून खारेज भएको पैतीस दिनभित्र मौज्दात रकम राजस्वमा दाखिला गरिसक्ने व्यवस्था गरिनुपर्दछ।
- **आर्थिक दायित्व पर्ने विषयमा** कानून बनाउँदा र कर्मचारीको सेवाका शर्त र सुविधामा एकरुपता कायम गर्न आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्थालाई अनिवार्य रुपमा पालना गर्नुपर्दछ।

- **सार्वजनिक सम्पत्ति व्यवस्थापनः-** सम्बन्धित निकायको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने जिम्मेवार कर्मचारी तोकिनु पर्दछ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS V2) को प्रयोग सबै निकायमा अनिवार्य रुपमा लागू गरिनुपर्दछ। जिन्सी निरीक्षण समिति बनाई प्रत्येक वर्ष जिन्सी निरीक्षण गर्नु पर्दछ र सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाउनु पर्दछ। जिन्सी सामग्री तथा औजारको मर्मत गर्ने वा लिलाम विक्री गर्ने कार्य नियमित रुपमा हुनुपर्दछ। यसको लागि कर्मचारीलाई जिन्सी व्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखीकरण दिनुपर्दछ।
- **आन्तरिक र अन्तिम लेखापरीक्षणः अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले आन्तरिक नियन्त्रण प्राणाली बनाई लागू गर्नुपर्दछ।** सबै निकायको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिनु पर्दछ। अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको जवाफ तथा प्रतिकृया समयमै पठाई फस्यौंट गर्नुपर्दछ। लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन भए नभएको सम्बन्धित मन्त्रालयले समेत अनुगमन गर्नुपर्दछ।
- **बेरुजु फस्यौंटः** बेरुजुको लगत राखी नियम अनुसार फस्यौंट गर्नु, गराउनु पर्दछ। नियमित गर्ने बेरुजुको सम्बन्धमा लेखाउत्तरदायी अधिकृतको रुपमा प्रशासकीय प्रमुख भई कामकाज गर्ने पदाधिकारीले नियमित गरिदिन सक्नेछ। बेरुजु फस्यौंटका लागि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ नियमावली, २०७९ र बेरुजु न्यूनीकरण तथा फस्यौंट सम्बन्धी कार्यविधि, २०८० को व्यवस्थालाई परिपालन गरी बेरुजु फस्यौंट गर्नुपर्दछ।
- **वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताः-** अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले आर्थिक अनुशासन कायम हुने गरी अधिकारको दुरुपयोग हुन नदिन, सरकारी कारोबारमा अनियमित हुन नदिन, साधन स्रोत, खर्च तथा आयस्रोतमा चुहावट एवम् भ्रष्टाचार हुन नदिने गरी आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्नु पर्दछ। आयव्यय, कार्यक्रमको प्रगति, नगदी तथा जिन्सी लगायतको कार्यमा जिम्मेवार व्यक्ति एवम् सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। आर्थिक अनुशासन कायम नगर्ने जिम्मेवार व्यक्तिलाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ बमोजिमको सजाय र सेवासुविधा सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्नुपर्दछ।
- **सार्वजनिक गर्नुपर्नेः** वित्तीय विवरणहरु तयार गर्न तोकिएको समयको सातदिनभित्र वेवसाइट, विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने।
- **खरिद व्यवस्थापनः** सार्वजनिक खरिद सम्बन्धी कार्य गर्न जिम्मेवार पदाधिकारी वा निकाय तोक्न, खरिदको सीमा लगायतको प्रक्रिया समेत निर्धारण हुने गरी प्रदेशको अन्य सरकारी कोष सञ्चालन गर्ने निकाय, समिति, बोर्ड, परिषद् लगायतका निकायले खरिद विनियमावली वा निर्देशिका बनाई लागू गर्नुपर्दछ। यसका लागि एकीकृत निर्देशिका बनाउन वा प्रदेशको खरिद नियमावलीमा व्यवस्था गर्न सकिन्छ। खरिद कार्य गर्दा विद्युतीय खरिद प्रणालीलाई अवलम्बन गरिनुपर्दछ। प्रतिस्पर्धा सीमित हुने गरी र सोझै खरिद हुने गरी साना टुक्रा पारेर खरिद गर्ने कार्यलाई नियन्त्रण गरिनुपर्दछ। खरिद इकाई वा समिति गठन गरी खरिद योजना बनाई

कार्यसम्पादन गर्नुपर्ने हुन्छ। खरिद कार्यमा सम्बद्ध कर्मचारीलाई तालिम तथा अभिमुखीकरण दिनुपर्ने हुन्छ।

- **कानूनी व्यवस्थाः-** अन्य सरकारी कोषको बजेट तर्जुमा, खर्च तथा लेखाङ्कन, राजस्व वा आय संकलन, ऋण लिने व्यवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन, बेरुजु फस्यौंट, वित्तीय उत्तरदायित्व जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी विषय प्रष्ट हुने गरी विद्यमानका कानूनमा व्यवस्था गरिनुपर्ने।
- **स्थानीय तहमा रहेका कोषको आयव्ययको विवरण तयार गर्नुपर्नेः-** प्रदेश सरकारबाट अनुदान हस्तान्तरण भई स्थानीय तहमा सञ्चालनमा रहेका छुट्टै कोषहरुको वित्तीय विवरणलाई प्रदेश लेखा इकाई कार्यालय वा प्रलेनिकाले एकीकृत विवरणमा समेट्नु पर्ने। यस्तो कोषको खर्चको विवरण सम्बन्धित मन्त्रालयले पनि नियमित रुपमा अभिलेख अद्यावधिक गर्नुपर्ने।
- **खारेज भएको कोषको मौज्दात रकमः** सगरमाथा टिन्स क्लबको बीउपूँजी उपलब्ध गराउने सम्न्धी कार्यक्रम चालु आ.व.मा निरन्तरता नभएको हुँदा स्थानीय तहसँग समन्वय गरी विद्यालयमा मौज्दात रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ।

## २. विपद् तथा आकष्मिक कोष परिचालन सम्बन्धी सुझाव

- नेपालको संविधान अनुसार प्रदेश आकष्मिक कोष स्थापना गर्नुपर्दछ। कोष सञ्चालनका लागि विद्यमान **प्रदेश आकष्मिक कोष सञ्चालन ऐन, २०७५** लाई परिमार्जन गरी नयाँ विधेयक तर्जुमा गर्नुपर्ने र सो अनुसार तत्कालै कोष सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ।
- विपद् वा राहत कोष, आकष्मिक स्वास्थ्य व्यवस्थापन कोष लगायतका कोषहरुलाई एकीकृत गरी प्रदेश आकष्मिक कोष अन्तर्गत नै सञ्चालन गर्ने गरी कानूनी र संस्थागत व्यवस्था गर्न सकिन्छ।




- आकष्मिक कोष आर्थिक मामिला तथा योजना मन्त्रालय वा मातहतको प्रदेश लेखा नियन्त्रक कार्यालयले सञ्चालन गर्ने र त्यसको एउटा खाता विपद् वा राहत कार्यमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले र अर्को खाता आकष्मिक स्वास्थ्य उपचार व्यवस्थाका लागि स्वास्थ्य

मन्त्रालयले सञ्चालन गर्ने गरी व्यवस्था मिलाउन सकेमा स्रोत व्यवस्थापन र खर्चको निकासामा सहज हुने देखिन्छ।

- विपद्, महामारी तथा अन्य विशेष परिस्थितिमा तत्काल गर्नुपर्ने कार्यमा रकम व्यवस्थापन गर्न **प्रदेश सरकारले कम्तीमा रु.पचास करोड रकम प्रदेश आकष्मिक कोषमा जम्मा गरेको हुनुपर्दछ।**
- हरेक वर्षको विनियोजित बजेटमा अर्थ विविध शीर्षकमा भैपरी आउने आकष्मिक खर्चका लागि वा आकष्मिक कोषमा शोधभर्नाका लागि कम्तीमा पचास करोड रकम विनियोजन गर्नुपर्दछ, यसमा भैपरी आउने चालु र पूँजीगत दुवै शीर्षकमा विनियोजन गर्नुपर्ने हुन्छ।
- आकष्मिक कोषबाट खर्च गरिएको रकम तत्कालै शोधभर्ना गर्नुपर्दा पनि अर्थ विविधको भैपरी आउने बजेट उपयोग गर्न सकिन्छ।
- प्रदेश आकष्मिक कोषमा र अर्थ विविधमा आकष्मिक कार्यका लागि विनियोजन समेत गरी कम्तीमा **रु.एक अर्व रकम** प्रदेश सरकारले विशेष परिस्थितिको लागि जोहो गरी राख्नु पर्दछ।
- प्रदेश आकष्मिक कोषमा रकम शोधभर्ना गर्नका लागि हरेक वर्ष विनियोजन गर्दा **प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकमको रुपमा** रहने गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।
- कुनै आकष्मिक कार्यमा तथा विशेष परिस्थितिमा दातृ निकाय, सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र वा व्यक्तिगत रुपमा संकलन हुने अनुदान वा सहायता रकमलाई पनि प्रदेश आकष्मिक कोषमा जम्मा गर्न सकिन्छ।
- आकष्मिक कार्य वा विपद्को परिस्थितिमा तत्काल खर्च जुटाउनका लागि अन्य सरकारी कोषमा मौज्दात रहेको रकमलाई पनि उपयोग गर्न सकिन्छ। अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले निर्णय गरेर पनि प्रदेश आकष्मिक कोषमा वा आकष्मिक कार्यका लागि प्रदेश सरकारलाई सहयोग रकम उपलब्ध गराउन सक्नेछ।
- **कोरोना जनसुरक्षा कोषमा** मौज्दात रहेको रकम प्रदेश आकष्मिक कोषमा दाखिला गर्न उपयुक्त हुने। सोमध्ये कम्तीमा पाँच करोड रकम स्वास्थ्य क्षेत्रको आपतकालीन उपचार व्यवस्थापनमा, पाँच करोड  प्राकृतिक प्रकोप एवम् विपद्मा उद्दार तथा राहत कार्यमा प्रयोग गर्न सकिने सुझाव कार्यदलको रहेको छ।

## ३. विविध खातालाई व्यवस्थित गर्ने सम्बन्धी सुझाव

**ख-६ समूहको विविध खाता तथा कार्यसञ्चालन कोषलाई व्यवस्थित गर्न देहायका सुझावहरु प्रस्तुत गरिएको छः-**

- बजेटको अख्तियारीबाट वा अन्तरसरकार वित्त हस्तान्तरण मार्फत रकम उपलब्ध गराउनु पर्ने खर्चलाई विविध खातामा निकासा दिन नपाइने कानूनी व्यवस्था हुनु पर्दछ। विविध खातामा सोझै निकासा दिने वा पेश्कीको रुपमा पठाउने कार्यलाई नियन्त्रण गर्नु पर्दछ।

- फ्रिज हुने भनी तोकिएका विविध खाताको रकम आर्थिक वर्षको अन्त्यमा शुन्य बनाउनु पर्ने हुन्छ। फ्रिज नहुन भनी तोकिएका विविध खाताको रकम प्राप्तिको स्रोत र प्रयोजन उल्लेख गरी अभिलेख राख्नु पर्दछ।
- कुनै रकमको स्रोत तथा प्रयोजन नखुली विविध खातामा लगातार तीन वर्षसम्म मौज्दात रहेमा त्यस्तो रकमको हिसाब राखी प्रदेश सञ्चित कोषमा दाखिला गर्ने गरी कानूनी व्यवस्था गर्न सकिन्छ।
- धरौटी, राजस्व वा अन्य प्रयोजनमा दाखिला गर्ने रकम भूलवश विविध खातामा दाखिला भएको भनी प्रमाण सहित माग गर्न आएमा बजेट विनियोजन मार्फत रकम व्यवस्था गरी सम्बन्धित खातामा वा प्रयोजनका लागि निकासा गरी हिसाब मिलान गर्न सकिन्छ।
- विविध खाताको रकम खर्च गर्ने प्रक्रिया तथा कार्यविधि व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको छ।
- विविध खातामा जुनसुकै रकम दाखिला गर्नु हुँदैन। प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखा परीक्षण गर्दा विविध खातामा केकस्तो रकम दाखिला भईरहेको छ भनी प्रयोजन र स्रोत समेतको परीक्षण तथा प्रतिवेदन गर्नुपर्ने देखिन्छ।
- प्रदेश सञ्चित कोषबाट खर्च गर्ने गरी विनियोजन भएको रकम **विविध खातामा ट्रान्सफर गर्न** TSA मा आएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले विशेष रुपमा हेरी प्रयोजन तथा पुष्ट्याई हेरेर मात्र निकासा दिने गरी आन्तरिक नियन्त्रण कायम गर्नुपर्ने देखिन्छ।
- डिभिजन वन कार्यालय तर्फ राजस्व खातामा (प्रदेश सञ्चित कोषमा) जम्मा हुनुपर्ने विभिन्न शीर्षकको रकम विविध खातामा जम्मा हुने गरेको पाइयो। वनक्षेत्रको जग्गा उपयोग गरेवापतको सट्टा जग्गामा वृक्षरोपण र वन हेरालुको खर्च, घुम्ती कोष, स्थानीय विकास कोष, राहत तथा क्षतिपूर्ति र संकलन तथा घाटगद्दी वापतको विविध खातामा जम्मा हुने रकम समेतलाई प्रदेश सञ्चित कोषको राजस्व खातामा जम्मा गरी बजेट विनियोजन मार्फत सम्बन्धित कार्यमा आवश्यक खर्च गर्न उपयुक्त हुने।
- वन्यजन्तुबाट भएको हानी नोक्सानीको लागि राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन प्रदेश स्रोतबाट बजेट विनियोजन मार्फत खर्च हुने गरेको पाइन्छ र यसरी विनियोजन मार्फत रकम उपलब्ध गराउँदा समयमै राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सहज हुन्छ। संघबाट क्षतिपूर्तिको रकम माग गरी प्राप्त भएपछि त्यसलाई प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा कतिपय डिभिजन वन कार्यालयमा विविध खातामा जम्मा हुने गरेको पाइएकोले यसलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

**(ख) कोषहरु गाभ्न, खारेज वा स्थगन गर्नका लागि सुझाव**

## (१) गाभ्न (मर्ज गर्न) सकिने कोषहरु

- ✓ विपद् वा राहत कोष, आपतकालीन स्वास्थ्य उपचार कोष लगायत आकष्मिक कार्यका लागि व्यवस्था भएका कोषलाई प्रदेश आकष्मिक कोषमा गाभ्न वा एकीकृत रुपमा सञ्चालन गर्न उपयुक्त हुने।
- ✓ सेवा सुविधाको एकरुपताका लागि निवृत्तभरण कोष, कर्मचारी कल्याण कोष र प्रहरी कल्याण कोषका लागि प्रदेशमा छुट्टै कोष स्थापना नगरी संघीय निकायमा सञ्चालनमा रहेका कार्यप्रकृति मिल्दो कोषबाट कार्य गर्न सकिने।

## (२) खारेज वा स्थगन गर्न उपयुक्त हुने कोषहरु

- ➢ कोरोना जनसुरक्षा कोष (कार्यविधि समेत खारेज गरी मौज्दात रकम प्रदेश आकष्मिक कोषमा दाखिला गर्न उपयुक्त हुने।)
- ➢ मुख्यमन्त्री युवा उद्यमशीलता कोष (नियमावली समेत खारेज)
- ➢ सार्वजनिक निजी साझेदारी कोष (नियमावली समेत खारेज)
- ➢ वन पैदावार आपूर्ति समितिको कोष (वन ऐन र नियमावलीमा कोषको व्यवस्था नदेखिएको)
- ➢ मुख्यमन्त्री ग्रामीण सडकको खाता (यस प्रयोजनको लागि विविध खातामा मौज्दात रहेको रकमको खर्च यकीन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने। मुख्यमन्त्री ग्रामीण सडकको लागि प्रदेशको विनियोजनबाट खर्च भएको तर स्थानीय तहले लागत साझेदारी व्यहोर्नु पर्ने रकम पछि पठाएको हुँदा विविध खातामा मौज्दात भएको देखिन्छ। स्थानीय तहले साझेदारी गर्नुपर्ने रकम प्रदेश स्रोतबाट खर्च भएको हुँदा शोधभर्ना हुने गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने।)
- ➢ सगरमाथा टिन्स क्लबको बीउ पुँजी कोष (चालु आ.व.मा कार्यक्रम नदेखिएको। विगत वर्षहरुमा स्थानीय तह/विद्यालयमा निकासा भएको रकम बचत भएमा फिर्ता लिनुपर्ने।)
- ➢ वन पैदावार आपूर्ति समितिको कोष (ऐन तथा नियमावलीमा समितिको कोष रहने स्पष्ट व्यवस्था नभएको, समितिलाई आवश्यक बजेट विनियोजन मार्फत खर्च गर्न सकिने।)
- ➢ महिला स्वास्थ्य स्वयं सेविकाको कोष (मुद्दती खाताकोमा जम्मा भएको रकम सार्नु पर्ने। बजेट विनियोजन मार्फत भुक्तानी गर्न संघ सशर्त अनुदानमा निकासा प्राप्त भएको देखिन्छ।)

### निश्चित अवधिपछि स्वतः खारेज हुने कोष

- ➢ मर्मत सम्भार तथा पुनःनिर्माण कोष
  (विपद् प्रभावित संरचनाको मर्मत सम्भार तथा पुननिर्माण गर्न सक्ने अवधि आ.व.२०८२/८३ को अन्त्यसम्म मात्र रहनेछ। कोष खारेजी हुँदा कोषमा मौज्दात रहेको सबै रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान रहेको।)

## (३) छुट्टै कोष स्थापना नगरी बजेट विनियोजनबाट खर्च व्यवस्था हुने निकायका कोषहरु

आफ्नो छुट्टै आम्दानी नभएका वा कम भएका, आन्तरिक आयले प्रशासनिक खर्च धान्न नसक्ने र प्रदेश सरकारको अधिकांश अनुदानबाट सञ्चालन गर्नुपर्ने निकायको लागि छुट्टै कोष स्थापना गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दोहोरो कार्य हुने, जनशक्तिको कमी र पर्याप्त तयारी गर्ने समय नहुँदा यस्तो निकायको कोष परिचालन, खर्च र वित्तीय विवरण तयारीमा अतिरिक्त काम गर्नुपर्ने हुन्छ। त्यसैले प्रदेशको बजेट तर्जुमा गर्दा नै सबै शीर्षक/क्रियाकलापमा बजेट विनियोजन गरी अख्तियारी मार्फत कार्यान्वयन हुने गरी कानूनी व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ। यी निकायले सेवा प्रवाह वा अन्य कार्यबाट आर्जन हुने आयलाई प्रदेश सञ्चित कोषमा दाखिला गर्न सकिन्छ।

## (४) स्थानीय तहमा हस्तान्तरण गर्न उपयुक्त हुने निकाय/कोषहरु

- **कटहरी फलफूल तथा तरकारी बजार विकास समितिको कोषः** यसलाई कटहरी गाउँपालिकामा हस्तान्तरण गर्न सकिने। कोषमा मौज्दात रहेको रकम तत्काल खर्च नहुने भएमा प्रदेश सञ्चित कोषमा दाखिला गर्न उपयुक्त हुने।

## (५) अस्पताल व्यवस्थापन समितिको कोष सम्बन्धी सुझाव

- प्रादेशिक तथा जिल्ला लगायतका अस्पतालहरु, आयुर्वेद अस्पताल तथा सेवा केन्द्रहरुमा अस्पताल व्यवस्थापन समितिको कोषबाट हुने खर्च र संघ तथा प्रदेशको स्रोतबाट बजेट विनियोजन गरी हुने खर्च समेत गरी एउटै निकायमा दोहोरो अख्तियारी रहेको अवस्था छ। यसमा एकरुपता हुनुपर्दछ।
- व्यवस्थापन समितिको आयबाट खर्च गर्ने क्षेत्रहरु र वार्षिक कार्यक्रमको विवरण संघ र प्रदेशको स्वास्थ्य मन्त्रालयमा प्राप्त नहुँदा एउटै प्रकृतिको कार्यमा दोहोरो तेहोरो रुपमा बजेट विनियोजन हुने गरेको पाइन्छ। कार्यक्रममा दोहोरोपन हुन हुँदैन।
- अस्पतालको स्थायी दरबन्दीका कर्मचारी र समिति तर्फका कर्मचारी गरी चिकित्सक तथा अन्य जनशक्तिमा पनि असमानता रहेको छ। धेरैजसो करारमा काम गरिरहेका कर्मचारीबाट समितिको कोष परिचालन एवम् आर्थिक कारोबार समेत गर्नुपरेको अवस्था रहेको छ। दरबन्दीमा भन्दा बढी जनशक्ति कार्यरत रहँदा खर्चको दायित्व व्यवस्थापनमा समेत कठिनाई हुने गरेको छ। सबै कर्मचारी प्रदेश लोकसेवा आयोगको सिफारिसमा मात्र नियुक्त हुने गरी कर्मचारी दरबन्दी लागि उचित व्यवस्था गर्न आवश्यक देखिन्छ।
- सबै अस्पतालमा आर्थिक प्रशासनमा काम गर्ने लेखाको दरबन्दी थप गरी पदपूर्ति गर्नु पर्दछ।

✓ अस्पताल समितिको कोष व्यवस्थापनका लागि देहायको उपायहरु अवलम्बन गर्न सकिने कार्दलको सुझाव रहेको छ। यस सम्बन्धमा थप अध्ययन तथा विश्लेषण गरी उपयुक्त विकल्प

अवलम्बन गर्न सकिन्छ। यसका लागि प्रदेश सरकारले अल्पकालीन तथा दीर्घकालीन योजना वा नीति बनाउनु पर्ने हुन्छ।

१. **समितिको छुट्टै कोष नबनाउनेः-** अस्पतालको सेवाशुल्क लगायत सबै आयलाई प्रदेश सञ्चित कोषमा ल्याई वार्षिक बजेट विनियोजन मार्फत अस्पतालको सबै खर्च व्यवस्थापन गर्ने। अस्पतालको स्रोत व्यवस्थापन, बजेट खर्च तथा कर्मचारी व्यवस्थापनको सम्पूर्ण कार्य स्वास्थ्य मन्त्रालयले गर्ने र समितिलाई सेवा प्रवाह र भैपरी आउने व्यवस्थापनको कार्यमा बढी केन्द्रित गराउन सकिने। समितितर्फको स्थानीय वा करारका कर्मचारीको पारिश्रमिक र समितिका लागि आवश्यक सबै खर्च प्रदेशको बजेटबाट व्यवस्थापन गर्न सकिने।

२. **समितिको कोषलाई व्यवस्थित गरी सञ्चालन गर्नेः** समितिको कोषको आयव्ययलाई व्यवस्थित प्रणालीमा ल्याउने, प्रदेशको समग्र बजेटमा आवद्ध गर्ने र तालुक मन्त्रालयबाट वा समितिबाट कार्यक्रम स्वीकृत गरेर मात्र खर्च गर्ने, सेवा शुल्क, खर्चको मापदण्ड र भत्ताको दरमा एकरुपता कायम गर्ने लगायतका सुधारको कार्य गरेर कोष सञ्चालन गर्ने।

३. **सबै जिल्लाका समितिको एकीकृत कोष बनाउनेः** अस्पताल विकास समितिको कोषलाई एकीकृत गरी सबै अस्पतालको आयलाई एउटै कोषमा जम्मा गरी सञ्चालन गर्न सकिने। वार्षिक कार्यक्रम एकमुष्ट रुपमा तयार गरी खर्चको आवश्यकताका आधारमा अस्पतालहरुलाई कोषबाट अख्तियारी प्रदान गर्न सकिने। यसोगर्दा थोरै आय हुने र धेरै आय हुने अस्पताललाई आवश्यक खर्च व्यवस्थापन गर्न सकिने। शुल्कको दररेट र खर्चको मापदण्डमा एकरुपता कायम गर्न सकिन्छ।

४. **सबै बजेटलाई समितिको कोषमा जम्मा गरी परिचालन गर्नेः** संघ वा प्रदेश सरकारबाट अस्पतालमा जाने रकम समेत समितिको कोषमा जम्मा गरी वार्षिक कार्यक्रम तर्जुमा मार्फत कार्यान्वयन गर्ने।

➢ **वाग्मती प्रदेश सरकारले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी नियमावली, २०८१ तर्जुमा** गरी लागू गरेको पाइन्छ। उक्त नियमावलीमा कोषको रकम खर्च गर्ने सम्पूर्ण कुराहरु उल्लेख रहेको छ। चिकित्सक तथा स्वास्थ्य कर्मीलाई दिइने भत्ता वा अतिरिक्त सुविधाको मापदण्ड उक्त नियमावलीको अनुसूचीमा समावेश रहेको छ। भौगोलिक क्षेत्र अनुसार वर्गीकरण गरी सेवा संख्याको अनुपातमा अतिरिक्त सुविधा उपलब्ध गराउन सकिने प्रतिशत वा रकम निर्धारण भएको देखिन्छ। सोही अनुसारको नियमावली कोशी प्रदेश सरकारले पनि तर्जुमा गर्न आवश्यक रहेको छ।

(ग) कानून संशोधन/परिमार्जनका लागि सुझाव/सिफारिस

## (१) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा संशोधन गर्न सुझाव

➢ दफा २ को परिभाषा खण्डमा देहायको परिभाषा थप गर्नु पर्नेः-

**"अन्य सरकारी कोष"** भन्नाले प्रदेश सञ्चित कोष र प्रदेश आकस्मिक कोषमा आम्दानी बाँधिने रकम बाहेक कार्यालय वा प्रदेश अन्तर्गतका सार्वजनिक निकायलाई प्राप्त हुने आय, अनुदान वा अन्य कुनै रकम आम्दानी बाँध्न प्रदेश ऐन वा प्रचलित कानूनद्वारा स्थापना भएका **प्रदेश सरकारी कोष**लाई सम्झनु पर्छ। सो शब्दले देहायका सार्वजनिक निकायको नाममा रहेको कोषलाई समेत जनाउँछः-

(१) प्रचलित कानून बमोजिम सार्वजनिकस्तरमा स्थापित वा प्रदेश सरकारद्वारा गठित समिति, आयोग, परिषद्, प्राधिकरण, प्रतिष्ठान, बोर्ड, कोष, केन्द्र, निगम र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(३) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय वा प्रदेश सरकारी कोष भनी तोकेको अन्य संस्था वा कोष।

(<u>पुष्ट्याईः-</u> संविधानको धारा २०५ मा **"प्रदेश सरकारी कोष"**को प्रावधान रहेको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को प्रस्तावनामा, दफा ३ र ५ मा **"अन्य सरकारी कोष"** भनी उल्लेख रहेको छ। सञ्चित कोष बाहेक प्रदेशका अन्य सरकारी कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण, बेरुजु फस्र्यौट तथा वित्तीय उत्तरदायित्व लगायतको आर्थिक गतिविधिलाई व्यवस्थित गर्न विद्यमान ऐनमा व्यवस्था नभएको हुँदा संविधानको धारा २०५ अनुसार विनियोजन ऐन बमोजिम प्रदेशका सबै सरकारी कोष परिचालन गर्न गराउनका लागि परिभाषित गर्न आवश्यक देखिएको।)

➢ कार्यालय र अन्य निकायको परिभाषामा अन्य सरकारी कोष सञ्चालन गर्ने निकायलाई पनि समेट्नु पर्ने। लेखाउत्तरदायी अधिकृतको परिभाषामा अन्य सरकारी कोष सञ्चालन गर्ने निकायका प्रशासकीय प्रमुखलाई पनि समेट्नु पर्ने।

➢ प्रदेशका अन्य सरकारी निकायको कोषको आयव्ययलाई मध्यमकालीन खर्च संरचना, स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण, व्यय अनुमानको विवरणमा र विनियोजन विधेयकमा समावेश गरिने भनी सम्बन्धित दफाहरुमा थप गर्नुपर्ने। अन्य निकायको आयोजना तथा कार्यक्रमलाई समेत आयोजना बैंकमा समावेश गर्न सकिने।

➢ विनियोजन ऐनमा निर्दिष्ट भए बमोजिम अन्य सरकारी कोषको रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने प्रावधान थप्नुपर्ने।

➢ अन्य कोषको खाता सञ्चालन गर्ने अधिकार भएको कार्यकारी निर्देशकलाई प्रदेश सचिवले आवश्यकता अनुसार प्रदेश सञ्चितकोषको बजेटबाट अख्तियारी दिन सक्ने व्यवस्था थप गर्नुपर्ने।

यसरी अख्तियारी प्राप्त गरी खर्च गर्नेले यस ऐन र यस अन्तर्गत बनेको नियम तथा प्रचलित कानून बमोजिम खर्च गर्नुपर्ने प्रावधान समेत थप्नुपर्ने।

- ➢ कोष स्थापना गर्दा वा आर्थिक विनियमावली बनाउदा आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनुपर्ने।
- ➢ बचत अनुदान फिर्ता नगरेमा अर्को वर्षको अनुदान कटौती गरिने।
- ➢ अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि सहमति लिनुपर्ने।
- ➢ समिति तथा अन्य संस्थाको बेरुजु नियमित गर्ने पदाधिकारी वा लेखाउत्तरदायी अधिकृत तोकिनुपर्ने।
- ➢ निर्देशिका वा विनियमावली बनाउन सक्ने अधिकार अन्य निकायलाई समेत दिन सकिने।

## (२) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा संशोधन गर्न प्रस्तावित विषयहरु

- ✓ (नियम ७९) “प्रचलित कानून बमोजिम स्थापना वा गठन भएको बोर्ड, समिति वा यस्तै प्रकृतिका अन्य संस्था” र **“बजेट प्रणाली बाहिरका (एक्स्ट्रा बजेटरी) सार्वजनिक निकाय”** को सट्टा “अन्य सरकारी कोष सञ्चालन गर्ने निकाय वा संस्था” भन्ने शब्दहरु राख्नुपर्ने।
- ✓ अधिकारप्राप्त अधिकारीको परिभाषामा अन्य सरकारी कोष सञ्चालन गर्ने निकायका अधिकारीलाई समेत समेट्नु पर्ने।
- ✓ कुनै कार्यालयको नाममा रहेको विविध खातामा स्रोत तथा प्रयोजन नखुलेको र कुनै व्यक्ति वा संस्थाबाट माग नभएको मौज्दात रकमलाई प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले अभिलेख राखी राजस्व खातामा दाखिला गर्न सक्नेछ। त्यस्तो रकमको प्रयोजन तथा स्रोत खुलाई प्रमाण सहित माग दाबी भएमा राजस्वमा दाखिला भए बराबरको रकम विनियोजन मार्फत निकासा दिन सकिने व्यवस्था थप्नुपर्ने।

**धरौटी सम्बन्धी नियममा देहायको प्रावधान समावेश गर्न आवश्यक रहेको छः-**

- ✓ धरौटी खातामा जम्मा भएको रकम विविध खातामा वा राजस्व खाता बाहेक अन्य कुनै खातामा जम्मा हुन गएमा सम्बन्धित कार्यालयको सिफारिसमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले धरौटी खातामा ट्रान्सफर गर्न सक्नेछ।
- ✓ कुनै व्यक्ति वा संस्थाले कार्यालयको धरौटी खातामा जम्मा गर्नुपर्ने रकम भुलवस प्रदेश सञ्चित कोषको राजस्व खातामा जम्मा गरेको भएमा सोको भौचर तथा कागजात सहित सम्बन्धित कार्यालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ। राजस्व खातामा जम्मा हुन गएको धरौटी वापतको फिर्ता माग गरिएको रकम प्रदेश सञ्चित कोषमा दाखिला भए नभएको सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट यकीन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व फिर्ता शीर्षकमा सम्बन्धित कार्यालयको नाममा रकम निकासा

गर्नेछ। यसरी रकम निकासा प्राप्त भएपछि सम्बन्धित कार्यालयले धरौटी खातामा जम्मा गर्नुपर्नेछ वा नियमअनुसार सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता दिनु पर्नेछ।

## (३) प्रदेश विनियोजन विधेयक तर्जुमा गर्दा थप गर्नुपर्ने विषयहरु

- ✓ विधेयकको उद्देश्यमा प्रदेश सञ्चित कोष पछि **"र अन्य सरकारी कोषबाट"** भन्ने शब्दहरु थप्नु पर्ने।
- ✓ ऐनको प्रस्तावनामा प्रदेशका अन्य सरकारी कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सोको रकम खर्च गर्ने अधिकार दिने विषय समेत थप गर्नुपर्ने।
- ✓ (दफा ३ पछि) अर्को दफा थप गर्नेः- **....आर्थिक वर्षको निमित्त अन्य सरकारी कोषबाट खर्च गर्ने अधिकार:** अनुसूची-३ को महल ३ मा उल्लेखित निकायले गर्ने सेवा र कार्यका लागि प्रदेशका अन्य सरकारी कोषबाट आर्थिक वर्ष (.......) का निमित्त सोही अनुसूचीको महल ६ मा उल्लेखित रकममा नबढाई निर्दिष्ट गरिए बमोजिम खर्च गर्न सक्नेछन्।
- ✓ अख्तियारी र निकासाको व्यवस्थामा प्रदेश सञ्चित कोषको र अन्य सरकारी कोषको व्यवस्थालाई छुट्याएर (दफा ४ मा) उल्लेख गर्न सकिने।
- ✓ अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्यक्रम स्वीकृत गरी खर्च गर्न सक्नेछन्। त्यस्ता निकायले यस ऐनमा व्यवस्था भएको आर्थिक कार्यप्रणाली र नीतिलाई समेत अवलम्बन गर्नु पर्नेछ।
- ✓ रकमान्तर तथा स्रोतान्तर गर्न सकिने व्यवस्था राख्न सकिने र त्यसको सीमा तोक्न उपयुक्त हुने।
- ✓ स्थानीय तहले अनुशरण गर्नुपर्ने वित्तीय अनुशासन सम्बन्धी व्यवस्था (प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९) लाई अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले समेत पालना गर्नु पर्ने भनी थप्न सकिने।
- ✓ अन्य सरकारी कोष सञ्चालन गर्ने निकायले कार्यक्रम सञ्चालन मार्गदर्शन जारी गर्न सक्ने व्यवस्था पनि थप्न उपयुक्त हुने।
- ✓ खर्च नभएको रकम आर्थिक वर्षभित्रै फिर्ता गर्नुपर्ने व्यवस्था राख्न सकिने।
- ✓ अनुसूचीमा देहायको ढाँचा बनाउन सकिन्छः-

अनुसूची-३

अन्य सरकारी कोषको व्यय अनुमान

| क्र.सं. | निकाय संकेत | निकाय/कोषको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | २ | ३ | ४ | ५ | ६ |
| | | | | | | |
| | | | | | | |

व्यय अनुमानको विवरण (शीर्षकगत र स्रोतगत) मा र .... प्रणाली समावेश भएको व्यय अनुमान तथा कार्यक्रमगत विवरण अनुसार सम्बन्धित निकायले कार्यान्वयन एवम् खर्च गर्न सक्नेछ।

## (४) प्रदेशका अन्य कानूनहरु संशोधन/परिमार्जनका लागि सुझाव

- ✓ वाणिज्य बैंकमा छुट्टै खाता खोलिनेछ भन्ने प्रावधान सबै कानूनहरुमा हटाउनु पर्ने। त्यसको सट्टा **"महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम खाता खोली सरकारी कारोबार निर्देशिका अनुसार कोष सञ्चालन गरिनेछ"** भन्ने प्रावधान राख्नुपर्ने।
- ✓ अन्य सरकारी कोषलाई व्यवस्थित गर्ने सम्बन्धमा केही प्रदेश ऐन संशोधन गर्ने विधेयक तर्जुमा गरी विभिन्न ऐनहरुमा आवश्यक संशोधन गर्न उपयुक्त हुने।
- ✓ **मनमोहन प्राविधिक विश्वविद्यालय ऐन,** २०७६ को दफा ३८ मा प्रदेश सरकारबाट अनुदान स्वरुप प्राप्त हुने चालु खर्चको कम्तीमा पैसठ्ठी प्रतिशत रकम मात्र कोषमा जम्मा हुने व्यवस्थाको सट्टा सम्पूर्ण रकम कोषमा जम्मा हुने गरी संशोधन गर्नुपर्ने।
- ✓ **प्रदेश महिला स्वास्थ्य स्वयंसेविका कोष (सञ्चालन) मार्गदर्शन,** २०७६ मा उल्लेख रहेको वाणिज्य बैंकको **मुद्दती खातामा रकम** जम्मा गरिने प्रावधान हटाउनु पर्ने।
- ✓ **कोशी प्रदेश वन नियमावली,** २०८० को नियम १३५ मा प्रदेश वन विकास कोष सञ्चालक समितिमा प्रदेशको वन क्षेत्रहेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव समेत सदस्य रहने प्रावधान रहेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव वा प्रतिनिधि राख्न उपयुक्त हुने।

अन्य सरकारी कोषको व्यवस्था भएका सबै ऐन तथा कानूनहरुमा देहायको विषय समावेश गर्नुपर्नेः-

- ✓ प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको अधीनमा रहने गरी कोष सञ्चालन गरिने व्यवस्था समावेश गर्नुपर्ने। यो प्रावधान प्रदेश प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको ऐनमा रहेको छ।
- ✓ आर्थिक विनियमावली, कोष सञ्चालनको निर्देशिका वा मार्गदर्शन बनाउँदा र प्रदेश सरकारलाई थप दायित्व पर्ने विषयमा आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनुपर्ने।
- ✓ नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुरुपको ढाँचामा लेखा राख्नु पर्ने।
- ✓ प्रदेश सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्ने।
- ✓ माथि पेश गरिएका सुझाव अनुसार आवश्यकता अनुसार कानूनमा संशोधन/परिमार्जन गर्नुपर्ने।

<u>प्रदेश जनस्वास्थ्य ऐन, २०७७</u> मा संशोधनका लागि सिफारिसः-

- ✓ उक्त ऐनको दफा ३१ को उपदफा (३) मा अस्पताल व्यवस्थापन समितिको वार्षिक बजेट तथा कार्यक्रम कुन निकायले स्वीकृत गर्ने प्रष्ट पार्नुपर्ने। ऐ. उपदफाको खण्ड (ग, घ र ङ) मा अस्पतालको वार्षिक योजना तथा कार्यक्रम तयार गरी मन्त्रालय समक्ष पेश गर्ने, तत्कालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने र आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने भनी समितिको काम, कर्तव्य र अधिकारमा उल्लेख गरिएको हुँदा बजेट तथा कार्यक्रम स्वीकृत गर्ने विषयलाई स्पष्ट बनाउनुपर्ने।
- ✓ सोही ऐनको दफा ३१ को उपदफा (३) (च) मा **अस्पतालको सेवा शुल्क निर्धारण गर्ने** भनी समितिको काम, कर्तव्य र अधिकारमा उल्लेख रहेको विषयलाई संशोधन गर्नुपर्ने। सेवा शुल्क निर्धारण जनस्वास्थ्य नियमावलीमा समावेश गरी प्रदेश सरकारले वा स्वास्थ्य मन्त्रालयले निर्धारण गरिदिन उपयुक्त हुने। अथवा मन्त्रालयको सहमति लिई वा मन्त्रालयले तोकेको आधार बमोजिम समितिले शुल्क निर्धारण गर्न सक्ने व्यवस्था राख्न सकिने।
- ✓ दफा ३१ को उपदफा (५) बमोजिम समितिको कोषको प्रावधान, कोषमा रहने रकम र खर्च गरिने कार्यमा पुनरावलोकन गरिनुपर्ने।
- ✓ दफा ३१ को उपदफा (५) को खण्ड (क र ख) मा प्रदेश सरकारबाट प्राप्त हुने रकम, नेपाल सरकार र स्थानीय तहबाट प्राप्त हुने रकम समितिको कोषमा रहने व्यवस्था रहेको छ। अस्पताललाई प्रदेश सरकारबाट बजेटको अख्तियारी प्राप्त हुने र त्यस्तो रकम समितिको कोषमा जम्मा नभई खर्च गरिन्छ। समितिको कोषमा रहने भनी सरकारबाट अनुदान प्राप्त भएको रकम मात्र कोषमा जम्मा हुने वा सबै रकम कोषमा जम्मा हुने हो यस सम्बन्धमा प्रष्ट पार्नुपर्ने देखिन्छ।
- ✓ **खर्चको आधार तथा मापदण्डः** सोही ऐनको दफा ३१ को उपदफा (३) मा समितिको काम कर्तव्य र अधिकारमा कोषको खर्च गर्ने मापदण्ड तोक्ने, प्रोत्साहन भत्ता वा अन्य भत्ताको दर निर्धारण गर्ने र कोषबाट हुने खर्चको निर्णय गर्ने अधिकार समितिलाई प्रदान गरेको देखिदैन। यसो हुँदा समितिको कोषबाट हुने खर्चको लागि प्रदेश सरकार वा स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड बमोजिम खर्च गरिने प्रावधान दफा ३१ मा थप्नु पर्ने। जनस्वास्थ्य नियमावलीमा समितिको कोषबाट हुने खर्चको क्षेत्र तथा मापदण्ड निर्धारण गरिदिन उपयुक्त हुने।
- ✓ खोपकोष, महिला स्वास्थ्य स्वयंसेविका कोष, आकष्मिक स्वास्थ्य उपचार कोषको विषयमा पुनरावलोकन हुनुपर्ने। वार्षिक बजेट तथा कार्यक्रमबाट सम्बोधन हुन सक्ने भएकोले यी कोषहरु स्थापना नगर्दा हुने देखिन्छ।
- ✓ प्रदेश आपलकालीन स्वास्थ्य व्यवस्थापन कोषलाई संविधानको धारा २१२ अनुसारको प्रदेश आकष्मिक कोषसँग आवद्ध गरी सञ्चालन गर्न उपयुक्त हुने।

## (५) संघीय कानून संशोधन/परिमार्जनका लागि सुझाव

- **एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा थप गर्नुपर्ने विषयहरु**
- ✓ अन्य सरकारी कोष परिचालन गर्ने निकायको लागि संकेत नम्बर (अनुदान संकेत), बजेट शीर्षक र कार्यालय कोडको व्यवस्था,
- ✓ अन्य सरकारी कोषबाट सञ्चित कोषमा आय प्राप्ति (रकम ट्रान्सफर) गर्दा आम्दानी जनाउने शीर्षक,
- ✓ दान वा भेटी वापतको आय, व्यक्तिगत सहायता, संस्थागत सहायतालाई आम्दानी जनाउने वा दाखिला गर्ने शीर्षक,
- ✓ विविध खाताबाट राजस्व खातामा रकम ट्रान्सफर गर्दा आम्दानी जनाउने शीर्षक नभएको हुँदा बेरुजु शीर्षकमा दाखिला हुने गरेको पाइन्छ। अन्य कोषबाट आम्दानी प्राप्त गर्नका लागि समेत आयशीर्षक हुनुपर्ने।

# परिच्छेद-छ  प्रतिवेदनका सुझाव कार्यान्वयनबाट हासिल हुने अपेक्षित उपलब्धि तथा प्रभाव

- प्रदेशका सबै सरकारी कोषको अभिलेख व्यवस्थित हुने। आवश्यक परेको समयमा सहज रुपमा विवरण प्राप्त गर्न सकिने।
- प्रदेशको बजेटमा तथा आयव्ययको विवरणमा अन्य सरकारी कोषको हिसाब समेट्न सकिने।
- आकष्मिक कोष बाहेक सबै सरकारी कोषको व्यय अनुमानलाई प्रदेशको बजेट वक्तव्यमा र विनियोजन ऐनको अनुसूचीमा समावेश गर्न सकिने।
- विनियोजन ऐनबाट बाहेक सरकारी कोषबाट रकम झिक्न नपाइने संवैधानिक व्यवस्थाको परिपालना हुने। संसदबाट अनुमोदन गराएर सरकारी कोषको खर्च गरिने र आयव्ययको हिसाब तथा कार्यक्रमको उपलब्धिमा संसदीय निगरानी समेत हुने।
- प्रदेश सभा, सम्बन्धित मन्त्रालय र सरोकारवाला सबैलाई सरकारी कोषको आयव्ययको जानकारी हुने। सरकारी कोषको आम्दानी तथा खर्चको सार्वजनिक र पारदर्शिता हुने।
- खाता सञ्चालनमा एकरुपता र कोष प्रणाली व्यवस्थित हुने।
- कोषको बजेट तथा कार्यक्रम तर्जुमा, निकासा तथा खर्च गर्ने कार्य व्यवस्थित हुने। अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्ने कार्यलाई थप प्रभावकारी बनाउन सकिने।
- कोषमा जम्मा हुने आय सङ्कलनको कार्य व्यवस्थित हुने। सेवा शुल्क तथा दस्तुर लगाउने र छुट दिने कार्य व्यवस्थित तथा कानूनसम्मत हुने।
- आवश्यक लेखा ढाँचा र फारमको सही प्रयोग गर्दा लेखा राख्न, वित्तीय विवरण तथा प्रतिवेदन तयार गर्न र लेखापरीक्षण गर्न सहज हुने।
- एकीकृत आर्थिक विवरण तयार गर्नका लागि सूचना प्रणालीबाट आवश्यक विवरण प्राप्त गर्न सकिने।
- आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित हुने। खर्चको मापदण्ड (नर्मस्) मा एकरुपता र पारदर्शिता हुने।
- वित्तीय जोखिम न्यूनीकरण गर्न तथा आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्ने।
- आकष्मिक कार्यको लागि स्रोत जुटाउन र खर्च गर्न सहज हुने।
- कार्य सञ्चालन कोष वा विविध खाताबाट हुने गैरबजेटरी खर्चलाई नियन्त्रण गर्न सकिने।
- अन्य सरकारी कोष सञ्चालन गर्ने निकायका जनशक्तिको क्षमता विकास हुने, कोष सञ्चालनमा सहज हुने।
- नीति निर्माण, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सरकारी निकायहरुमा उपलब्ध स्रोत साधनको सङ्कलन र एकीकृत रुपमा उपयोग गर्न सकिने।

- जनताबाट सङ्कलन भएको राजस्व, शुल्क, सहायता, दान लगायतको रकम तथा सरकारी सम्पत्ति वा सामग्रीको अभिलेख व्यवस्थित हुने, चुहावट, अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न सहयोग पुग्ने।
- सरकारी कोषको सही उपयोगको सुनिश्चितता गरी जनतामा सरकारी निकायप्रति जनविश्वास अभिवृद्धि हुने, सकरात्मक प्रभाव पर्ने।
- सरकारी कोष परिचालन गर्ने निकाय तथा पदाधिकारीलाई जम्मेवार र उत्तरदायी बनाउन सकिने। सरकारी हानी नोक्सानी, बेरुजु तथा सरकारी बाँकी रकम असुल उपर गर्न, गराउन सकिने।
